एक

# दमन

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते बिहान शाही घोषणा गर्न लागेको खबरसँगै मुलुकका अन्य क्षेत्रमा तीव्र जिज्ञासा र कौतूहल व्याप्त भएको थियो भने स्वतन्त्र रेडियो स्टेसनहरूमा अत्यन्तै सतर्कता अपनाइएको थियो । त्यो सतर्कता कुनै सम्भावित खतराबाट जोगिने चेष्टामा होइन; बरु सरकार नियन्त्रित रेडियो र टेलिभिजनबाट हुन लागेको शाही घोषणाको प्रसारणलाई आफ्नो 'फ्रिक्वेन्सी' मार्फत सुनाउने व्यावसायिक स्वार्थमा केन्द्रित थियो ।

राजा ज्ञानेन्द्रबाट बिहान १० बजे 'राष्ट्रको नाममा बक्सेको शाही सम्बोधन' ३० मिनेट १७ सेकेण्ड[1] लामो थियो । पन्ध्र परिच्छेदको शाही घोषणामा चौधौँ परिच्छेदको बीचतिर राजा भन्दै थिए– 'स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन् । राष्ट्रिय हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ । शासन शैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौँ' (श्री ५ को सरकार २०६१ : १०) । राजाले यसो भन्दाभन्दै शाही नेपाली सेनाका टुकडीहरू अरू सञ्चारगृहमा जस्तै रेडियो स्टेसनहरूमा पनि तैनाथ भइसकेका थिए । तिनले तत्काल प्रसारण बन्द गराएका कारण राजाको यो 'विश्वास' कतिपय स्वतन्त्र रेडियोका श्रोताले सुन्न पाएनन् । राजाको

---

१ *रेडियो नेपाल*बाट प्रसारित शाही घोषणाको *कम्युनिकेसन कर्नर*मा तत्काल गरिएको अडियो रेकर्डअनुसार ।

विश्वासलाई 'मननीय' मानेर 'श्री ५ बाट सञ्चार जगत्को स्वतन्त्र अस्तित्व र स्वाभाविक विकासक्रमको अपेक्षा' पनि सञ्चारगृहहरूले नगरेका होइनन् (कान्तिपुर २०६१ग) । तर त्यस्तो अपेक्षा निरर्थक थियो । निजी क्षेत्रका सबै सञ्चारगृहहरू र तीमध्ये पनि एफएम स्टेसनहरू राजाको नेतृत्वमा रहेको तत्कालीन एक सदस्यीय मन्त्रिमण्डलको तारो नै भएका थिए । त्यसैले मौका पाउने बित्तिकै शक्तिको प्रयोग गरियो । सेनाका टोलीले केही एफएमलाई शाही सम्बोधन पनि पूरै प्रसारण गर्न दिएनन् (घिमिरे र योगी सन् २००५ : ११२) ।

शाही घोषणापछि टेलिफोन लगायत सम्पूर्ण सञ्चारसम्पर्क विच्छेद गरिएकाले देशभरिका स्वतन्त्र रेडियोहरूमा स्थानीय सुरक्षा अधिकारीको तजबिजका आदेशहरू फर्माइए । नागरिक प्रशासन राज्य सञ्चालनको केन्द्रीय निकायदेखि नै निस्तब्ध भएको, शाही घोषणामा सुरक्षाकर्मीलाई उत्साहित गराउने प्रयास भएको र राजनीतिक दलको कटु आलोचना गरिएको परिप्रेक्ष्यमा देशमा दलविहीन सैन्य शासन आरम्भ भएको आमअनुभूति भएको थियो । यसपछि देशभरिका रेडियो स्टेसनले चौतर्फी दबाब र दमनको सामना गर्नुपरेको थियो, जसले केन्द्रदेखि स्थानीय स्तरसम्म स्वेच्छाचारी शासन चल्न थालेको प्रमाणित गर्थ्यो ।

नेपालको स्वतन्त्र रेडियोले २०६१ माघ १९ गतेको बिहानीपछि इतिहासका सर्वाधिक काला दिनहरूको सामना गर्नुपर्‍यो । राज्यको कदमलाई भोलिपल्टै नेपाल पत्रकार महासंघले प्रजातन्त्र र नागरिक अधिकारविरुद्ध गरिएको 'कू' को संज्ञा दिँदै त्यसबाट उत्पन्न परिस्थितिलाई इतिहासकै सबैभन्दा कठिन परिस्थिति ठहर गरेको थियो । हुन पनि परिस्थिति कति भयावह थियो भने महासंघका सभापति तारानाथ दाहालको हस्ताक्षरयुक्त त्यो वक्तव्य बजारमा फोटोकपी गर्न लग्नु पनि असुरक्षित ठानेर सबै प्रति 'कम्प्युटर प्रिन्ट' निकालेर हस्ताक्षर गरिएको थियो । दाहालले तयार पारेको खेस्रामाथि केही बेरको छलफलपछि वक्तव्य जारी गरेर बिहान ११ बज्दा नबज्दै सभापति दाहाल, पूर्व सभापति सुरेश आचार्य, कोषाध्यक्ष शिव गाउँले र केन्द्रीय सदस्य विनोद ढुङ्गेल महासंघको केन्द्रीय कार्यालयबाट निस्कन लाग्दा संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालयका मानवअधिकार अधिकृत डेविड जोन्सन महासंघमा पुग्नु र 'पीडित पत्रकारहरूलाई राष्ट्रसंघको ढोका सधैँ खुला रहने' सन्देश दिएर फर्कनुले परिस्थितिको जटिलतालाई झल्काएको थियो । वक्तव्य निकाल्ने तयारीका लागि वा बदलिएको परिस्थितिका विषयमा सरसल्लाह गर्ने योजनाका साथ महासंघमा भएको भेटघाट पनि थिएन त्यो । त्यो त स्वतःस्फूर्त रूपमा भएको सामयिक चिन्ताको एउटा परिणाम मात्रै थियो ।

शाही घोषणा सकिनासाथ आम नागरिकका सबै मौलिक अधिकारहरूमाथि कुठाराघात भयो । त्यही मेसोमा सबै खालका टेलिफोन, मोबाइल फोन र स्वतन्त्र रेडियोका गीतबाहेक सम्पूर्ण आवाज बन्द गरिए । काठमाडौँबाहिर त रेडियो पूरै बन्द गर्ने काम पनि भयो । आधुनिक जीवनको अभिन्न अंग बनिसकेको टेलिफोन अवरुद्ध भएपछि काठमाडौँ उपत्यकाबासीले जीवनमा कुनै ठूलै चीज गुमाएको महसुस गरे । अस्पताल, एम्बुलेन्स, शववाहन जस्ता अत्यावश्यक सेवा त यसबाट पूरै गतिहीन हुन पुगे । सुरक्षा निकायसँग आन्तरिक सूचना प्रणाली भएकाले त्यति अप्ठेरो नपरे पनि उच्च ओहोदामा आसीन सरकारी कर्मचारी र तिनका परिवारजन नै फोनको अभावबाट अत्यधिक प्रभावित भएको खबर अखबारले छापे । भू-उपग्रह प्रणालीमार्फत सञ्चालित मोबाइल फोन मात्र प्रयोग गर्न सकिने भयो । नेपालमा यस्ता मोबाइल कि त सौखिन धनाढ्यहरूले कि माओवादीहरूले मात्र प्रयोग गरिरहेका थिए (जनआस्था २०६१क) । देशव्यापी रूपमा बन्द भएको टेलिफोन कहिलेसम्ममा सञ्चालन हुन्छ भन्ने बारेमा आधिकारिक रूपमा कसैले केही बताएन । टेलिकमका अधिकारीहरू 'माथिको आदेशअनुसार' सेवा स्थगित गरिएको बाहेक केही भन्दैनथे । अवरुद्ध टेलिफोन राति १० बजेदेखि अकस्मात् एक घण्टाका लागि खुला गरिएको थियो । थाहै नदिई फोन खोल्ने र बन्द गर्ने क्रम निकै दिनसम्म जारी रह्यो ।

टेलिफोन, मोबाइल, फ्याक्स र इमेल-इन्टरनेट केही पनि नचल्दा राजधानीबासीहरू दुर्गम गाउँका बासिन्दासरह बन्न पुगे । स्वदेशी मात्र होइन, कतिपय विदेशी सञ्चारमाध्यमको पहुँचबाट समेत वञ्चित हुनुपर्दा एकाएक इनारमा खसेको जस्तो अनुभूति भयो । कहाँ के भएको छ र के हुँदैछ भन्ने थाहा पाउने बाटो बन्द भएपछि अन्योल र अपुष्ट हल्लाको राजमार्ग खुला भयो । अनिष्टको आशंका व्याप्त भयो । विद्यालय पुगेका विद्यार्थीलाई शिक्षकले हतारहतार घर फर्काइदिए । राजधानीमा स्कूल बन्द गर्नुपर्ने कारण परेको छैन भन्ने सोच्नसमेत कसैले भ्याएन । सरकारी कार्यालयहरू कानेखुसीका कार्यशालामा परिणत भए । जनजीवन अस्तव्यस्त बन्यो ।

एकपक्षको तर्क के पनि थियो भने टेलिफोन, फ्याक्स, इमेल आदिमा ल्याइएको गतिरोधले परिस्थितिलाई भड्काउन र आन्दोलित हुन खोज्नेहरूलाई जुट्न दिएन । राजनीतिक परिस्थितिमा आएको सुनामीका विरुद्ध दलहरूले सडकमा ओर्लिने मौका नै पाएनन् र सम्भावित विरोध प्रदर्शनबाट मुलुक एकैदिनका लागि भए पनि बच्यो । प्राविधिक रूपमा यस्तो तर्कमा केही तौल होला तर सञ्चारलाई निषेध गरेर शान्ति कायम हुन्छ भन्ने कुरालाई निरपेक्ष

रूपमा सही मान्न सकिँदैन । सूचनाले भ्रम निवारण गर्दछ, शान्ति खल्बल्याउँदैन । सूचनाको अभावले मुर्दा शान्ति मात्र ल्याउन सक्छ जसले परिस्थितिलाई झन् जटिल र जनजीवनलाई कष्टकर बनाइदिन्छ ।

माघ १९ गते हवाई उडान पनि ठप्प पारियो । इण्डियन एयर, जेट एयरवेज, एयर सहारा, थाइ एयरवेजलगायतका अन्तर्राष्ट्रिय उडानसमेत स्थगित गरिए । एयर सहाराको एउटा विमान काठमाडौँ आइपुगेको भए पनि अवतरणको अनुमति नदिइएको खबर फ्रान्सेली समाचार समिति एएफपीले नयाँ दिल्लीबाट सार्वजनिक गऱ्यो । थाई एयरवेजले वक्तव्य जारी गरी आफ्नो एयरलाइन्सले काठमाडौँको उडान अस्थायी रूपमा बन्द गरेको जनायो । यसैगरी, उपत्यकाका शिक्षण संस्थाहरूमा पठनपाठन बन्द भयो । त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत सञ्चालन भइरहेका सम्पूर्ण परीक्षा स्थगित गरिए । दैनिक सयौँको भीड लाग्ने जिल्ला प्रशासन कार्यालयमा फाट्टफुट्ट मात्र मानिस पुगे । सिंहदरबारमा पनि काम लिएर जाने नागरिकको उपस्थिति शून्यप्रायः थियो । शाही घोषणा सकिनासाथ सर्वसाधारणमा आ-आफ्नो निवासतर्फ फर्कने हतारो देखिएको थियो । दिउँसो सवारी साधन र पैदलयात्रीहरूको आवागमन अन्य दिनको तुलनामा कम देखिएको थियो (नेपाल समाचारपत्र २०६१क) ।

शासनसत्ता राजाले कब्जा गरेपछि पैदा भएको सन्नाटा र उकुसमुकुसको बीचमा सरकारका सचिवहरू मुख्य सचिव विमलप्रसाद कोइरालाको अध्यक्षतामा बैठक बसेर राजइच्छा पूर्ति गर्ने निर्णय गर्दै थिए । दिउँसो बसेको उनीहरूको बैठकले सेवाग्राही जनतालाई चुस्त र प्रभावकारी सेवा प्रवाह गरी उनीहरूको सरकारप्रतिको दृष्टिकोण सकारात्मक बनाई शान्ति र सुव्यवस्था कायम गर्न सघाउ पुग्ने वातावरण सिर्जना गर्न विभिन्न कदम तत्काल सुरु गर्ने निर्णय गऱ्यो । बैठकले शान्ति सुरक्षा र सुव्यवस्था सुदृढ पार्ने मुख्य प्राथमिकता रहेको सन्दर्भमा प्रशासनिक निकायहरूबाट अवलम्बन गरिने विविध सुधार प्रयासहरू यसैलाई सहयोग हुने लक्ष्यबाट निर्देशित हुने र जनता नै सर्वोपरि हुन् भन्ने मान्यताका आधारमा प्रशासनिक क्रियाकलापहरू जनताकेन्द्रित हुनेगरी कार्यान्वयन गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनायो ।

यसैगरी, जनतालाई समयमा सरकारी प्रतिबद्धता अनुरूप सेवा वितरण भएको छ छैन, सोको नियमित एवं प्रभावकारी अनुगमन गर्ने संयन्त्रको निर्माण गर्ने र उनीहरूको पीरमर्का, हैरानी र सास्तीको सम्बोधन एवं समाधान तत्काल हुने व्यवस्था गरी जनताको विश्वास आर्जन गर्ने पनि बैठकले निर्णय गऱ्यो । बैठकले नीतिगत मार्गदर्शन, निर्णय, निकासा-पुकासा एवं जनताका पीरमर्काको समाधानमा

केन्द्रीय निकायहरूको कार्यशैली व्यवहारपश्चात् क्रियाशील देखिएकाले यो शैली र मनस्थितिमा परिवर्तन ल्याउन सम्बन्धित सचिवहरू स्वयं विशेष सक्रिय भई पूर्वक्रियाशील शैली अवलम्बन गर्ने, गराउने एवं तत्काल सरोकारवालाहरूले अनुभूत गर्ने खालका प्रयासहरू गर्ने समेत निर्णय गरेको थियो ।

सचिवहरूको बैठकले जनताको प्रत्यक्ष सम्पर्क र अन्तर्क्रिया बढी हुने अग्रपंक्तिका कार्यालयहरू विशेषगरी मालपोत, जिल्ला प्रशासन कार्यालय, खानेपानी, विद्युत्, दूरसञ्चारजस्ता कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू चुस्त, सहज, निष्पक्ष हुने व्यवस्था मिलाउने तथा सेवाग्राहीको गुनासाहरूको शीघ्र र प्रभावकारी सुनुवाई हुने व्यवस्था तत्काल मिलाउने निर्णय गरेको थियो । बैठकको निर्णयमा प्रशासनिक निकायहरूबाट सम्पादन हुने काम, कारवाही र भविष्यमा गरिने कार्यक्रम र रणनीतिहरू गरिबी निवारण रणनीति र बजारमुखी अर्थतन्त्रलाई सघाउ पुग्नेगरी तर्जुमा एवं कार्यान्वयन गर्ने गराउने पनि उल्लेख गरिएको थियो ।

बैठकमा उक्त निर्णयहरूको प्रभावकारी कार्यान्वयन गरी १५ दिनभित्र परिवर्तनको अनुभूति जनतालाई गराउन सबै मन्त्रालयले आफ्नो मन्त्रालयको तत्काल कार्ययोजना तयार पारी भोलिपल्टै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्ने जानकारी पनि गराइएको थियो (गोरखापत्र २०६१) ।

माघ २४ गतेदेखि एकतर्फी रूपमा टेलिफोन सेवा खुला गरियो । त्यसपछि आम ग्राहकले आफूले फोन गर्न नपाए पनि बाहिरबाट आएको फोनमा कुरा गर्न पाउने भए । त्यस्तो एकतर्फी कल विदेशी वा मुलुककै अरू जिल्लाको पनि हुनसक्थ्यो । त्यसै दिनदेखि नेपाल टेलिकमले सुरक्षा निकाय र केही महत्त्वपूर्ण व्यक्तिको फोन चौबीसै घण्टाका लागि खुला गरिदियो । फोन बन्द भएका सुरुका दिनमा पनि राजधानीस्थित कूटनीतिक नियोगहरूलाई तत्कालै एकपछि अर्को गर्दै लाइन खुला गरिएको थियो (कान्तिपुर २०६१) । मोबाइल सेवा भने केही समय नखुल्ने नै भयो । पोष्टपेड केही महिनाभित्र अत्यावश्यक प्रयोजनका लागि सीमित व्यक्तिलाई दिइने तर प्रिपेड अझ पछिसम्म नखुल्ने खबर सार्वजनिक भए । सरकारको नियन्त्रणमा रहेका राजनीतिक दलका नेताहरूको टेलिफोन खोल्ने कुरा भने पूरै अनिश्चित थियो ।

देशमा संकटकाल घोषणा हुनुका साथै सशस्त्र विद्रोहीहरूसँग सुरक्षाफौज भिडिरहेकाले 'सञ्चार क्षेत्रबाट सम्भावित अनिष्ट रोक्न' केही समयका लागि टेलिफोन सेवा अवरुद्ध गर्नुपरेको सुरक्षा निकायको दाबी थियो । माओवादी कार्यकर्ताले प्रिपेड मोबाइलको अत्यधिक प्रयोग गरेकाले उनीहरूका गतिविधिमा तीव्रता आउन सकेको सेनाको दाबी थियो । सेनाका अनुसार, टेलिफोन लाइन

अवरुद्ध पारिएपछि माओवादीमाथि नियन्त्रण कायम गर्न उसलाई ठूलो मद्दत पुगेको थियो (प्रकाश २०६१) ।

टेलिफोन सेवाका साथै एफएम रेडियो र स्वदेशी तथा विदेशी टेलिभिजनका समाचार एवं समाचारमूलक कार्यक्रममा सरकारले देशभरि रोक लगाएकाले समाचार प्राप्त गर्न र बुझ्न अत्यन्त असहज भयो । यसो भए तापनि विदेशी रेडियो र टेलिभिजन च्यानलहरूले नेपालबारे समाचार प्रसारण गरिरहे । शाही घोषणा र संकटकाल घोषणाप्रति सबैतिरबाट असहमति, चिन्ता र चासो व्यक्त भयो । त्यसरी चिन्ता र चासो लिनेहरूमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान, युरोपेली संघ, संयुक्त राज्य अमेरिकाका सरकारी प्रवक्ता रिचर्ड बाउचर, गणतन्त्र भारतका सरकारी प्रवक्ता, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोग, एसियाली मानवअधिकार आयोग, एमनेष्टी इन्टरनेशनल, ह्यूमन राइट्स वाचलगायतका रहेको खबर पत्रपत्रिकाले प्रकाशित गरे । सँगसँगै यस्ता टिप्पणी पनि गरे– सञ्चार क्षेत्र अवरुद्ध हुँदा सुरक्षा निकायलाई काम गर्न त सजिलो होला र शान्ति बहालीका लागि उसको प्रयासलाई केही मद्दत पनि पुग्ला तर आधिकारिक समाचार स्रोतको अभावमा अफवाह र अनधिकृत हल्लाले जनमानसमा धेरै भ्रम तथा अन्यौल सिर्जना हुनेतर्फ पनि सम्बन्धित पक्षहरू सजग हुनुपर्ने आम धारणा रहेको छ (प्रकाश २०६१) ।

माघ १९ गते बिहानदेखि आठ दिनसम्म इन्टरनेट सेवा प्रदायकहरूको सेवा पनि बन्द गराइएकाले राष्ट्रसंघको कार्यालय तथा विदेशी कूटनीतिक नियोगमा पहुँच हुने काठमाडौँस्थित कतिपय पत्रकारले मात्र यो सुविधा उपयोग गर्न पाएका थिए । 'उनीहरूले समाचार सम्प्रेषणको लागि नेपालमा प्रतिकूल अवस्था रहँदारहँदै पनि सुरक्षितस्थल संयुक्त राष्ट्रसंघ भवनबाट समाचार सम्प्रेषण गरेका थिए' (हिमालय टाइम्स २०६१) । नेपालको खबर विदेशी सञ्चारमाध्यममा पुऱ्याउने मुख्य बाटो यही बनेको थियो । यस्तो अवस्थामा हवाई सेवा खुल्नासाथ नेपालमा विदेशी सञ्चारकर्मीहरूको ओइरो नै लाग्यो ।

बीबीसी, सीएनएन, रोयटर्स, एपी, एएफपी आदिका साथै विभिन्न भारतीय सञ्चारमाध्यमका प्रतिनिधिहरू नेपाल आए । नेपालस्थित आफ्ना संवाददाताहरूले शाही घोषणा भइरहेको बेला देउवा सरकार विघटन भएको सूचना मात्र दिएलगत्तै सञ्चारसम्पर्क विच्छेद भएपछि विश्वका प्रमुख समाचार संस्था र टेलिभिजनहरूले आफ्ना प्रतिनिधिलाई आवश्यक सञ्चारसाधनसहित नेपाल पठाउने निर्णय गरेका थिए । 'माघ १९ गते बिहान सञ्चारसम्पर्क विच्छेद हुनासाथ हामी नेपाल आउन ११ नबज्दै दिल्ली विमानस्थल पुगेका थियौँ, तर दिउँसो कुनै विमान काठमाडौँ आउन

नसकेकाले रातिसम्म कुर्नुपर्‍यो'– दिल्लीबाट काठमाडौं आइपुगेका सञ्चारकर्मीलाई उद्धृत गर्दै *नेपाल समाचारपत्र*ले खबर छाप्यो (नेपाल समाचारपत्र २०६१ख) ।

मध्यरातमा याक एण्ड यती होटलमा आइपुगेका विदेशी पत्रकारहरू त्यसबेला अन्योलमा परे, जब उनीहरूले न त नेपालस्थित आफ्ना संवाददाताहरूलाई सम्पर्क गर्न सके, न त कुनै समाचारस्रोतलाई नै । भोलिपल्ट दिउँसो उनीहरू आफ्ना संवाददातासँग भेट्न सफल भएपछि नेपालका समाचार एकैपटक संसारभर जोडतोडका साथ प्रकाशन र प्रसारण भए । उनीहरूले पठाएका समाचार विदेशी सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रकाशन, प्रसारण गरेको कुरा नेपाली अखबारका निम्ति खबरको विषय बन्न पुगेको थियो ।

विदेशी पत्रकारहरू निकै सनसनीपूर्ण समाचार (स्कूप) को अपेक्षा गरेर नेपाल आइपुगेका थिए । तर उनीहरूले नजरबन्दमा रहेका मुख्य नेताहरूलाई भेट्न पनि पाएनन् र धेरै जानकारी पाउन पनि सकेनन् । नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह केसी, नेत्री सुजाता कोइराला र नेपाली कांग्रेस (प्रजातान्त्रिक) का प्रवक्ता डा. मीनेन्द्र रिजाल आफैँ याक एण्ड यती होटल गइदिएपछि पत्रकारहरूका लागि 'हटकेक' बन्नुभयो । मन्त्री बने लगत्तै शिक्षा तथा खेलकुदमन्त्री राधाकृष्ण मैनाली पनि याक एण्ड यती पुग्नु भएको थियो । त्यस होटलको पाँचौं तलामा बसेका पूर्वप्रधानमन्त्री डा. तुलसी गिरीलाई भेट्न गएका मन्त्री मैनालीसँग त केही विदेशी सञ्चारमाध्यमले कुराकानी गरे, तर डा. गिरीप्रति कसैको चासो रहेन । विदेशी सञ्चारकर्मीहरूले एक साताको अवधिमा मानवअधिकार तथा शान्ति समाजले आयोजना गरेको एउटा मात्रै औपचारिक कार्यक्रमको समाचार संकलन गर्न पाए (नेपाल समाचारपत्र २०६१ख) ।

माघ १९ को 'कू' मार्फत नागरिक अधिकारहरूलाई कुण्ठित पार्ने र सिङ्गो मुलुकलाई 'प्रेसरकुकर' बनाउने क्रममा नेपालको स्वतन्त्र रेडियोमाथि गरिएको दमनको कहालीलाग्दो आफ्नै कथा छ । यसलाई प्रवृत्तिगत दृष्टिकोणले तीन खण्डमा छुट्ट्याएर हेर्न सकिन्छ- भौतिक दमन, कानुनी दमन र आर्थिक दमन । शक्तिको चरम दुरुपयोग यससँग अभिन्न रूपमा गाँसिएको पक्ष हो ।

## भौतिक दमन

२०६१ माघ २२ गते नेपाल पत्रकार महासंघका सभापति तारानाथ दाहालको भक्तपुर, कौशलटारस्थित घरमा प्रहरीले छापा मारेकै दिन सुरक्षाकर्मीको पहिलो निशाना पनि रेडियो पत्रकार नै हुनुपर्‍यो– *बीबीसी* नेपाली सेवाका नेपालगञ्ज संवाददाता नेत्र केसी । उहाँलाई सुरक्षाकर्मीले समातेर सोधपुछ गरे र छाडे ।

'एफएम स्टेसनमा समाचार प्रसारणमा पूर्णतः बन्देज गरी कार्यालयहरूमा सुरक्षाफौज तैनाथ गरिएको छ', महासंघका महासचिव विष्णु निष्ठुरीले सरकारले सञ्चार क्षेत्रप्रति गरेको व्यवहारलाई 'कुकर्म' को संज्ञा दिएर माघ २२ गते नै निकालेको विज्ञप्तिले स्थितिको जानकारी दियो । माघ १९ पछि एफएम रेडियोमाथिको हस्तक्षेपको आलोचना गरिएको यो पहिलो सार्वजनिक बोली थियो । त्यसै रात सुरक्षाकर्मीले निष्ठुरीलाई अनामनगरस्थित डेराबाट अपहरणको शैलीमा पक्रिए । असुरक्षाको अनुभूति बढेकाले भोलिपल्ट महासंघको वक्तव्यमा हस्ताक्षर गर्ने पदाधिकारी नै उपलब्ध नहुने स्थिति आइलाग्यो ।

माघ २८ गते मानवअधिकार तथा शान्ति समाजको आयोजनामा शाही कदमको विरोधमा काठमाडौंको पद्मोदय मोडमा प्रदर्शन गर्दा पक्राउ पर्नेहरूमा *धौलागिरी एफएम* बाग्लुङसँग सम्बद्ध पत्रकार नारायणदत्त कँडेल पनि हुनुहुन्थ्यो । अरू दुई जनासँगै उहाँलाई तीन दिनपछि वडा प्रहरी कार्यालय, सिंहदरबारबाट रिहा गरियो । फागुन २ गते चितवनका दुई जना रेडियो पत्रकारहरू- *कालिका एफएम* र *कम्युनिकेसन कर्नर*का नारायण अधिकारी तथा *सिनर्जी एफएम*का वसन्त पराजुलीलाई पक्रेर तीन महिने थुनुवा पुर्जी थमाइयो र १५ दिनपछि छोडियो । चैत ७ गते नेपाल पत्रकार महासंघले आयोजना गरेको 'शान्ति र प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता' विषयक देशव्यापी छलफल कार्यक्रममा स्थानीय प्रशासनले देशभर नै प्रत्यक्ष वा परोक्ष रूपमा व्यवधान पुऱ्यायो र बाग्लुङमा त गिरफ्तारी नै गऱ्यो । कार्यक्रमस्थलतिर गइरहेको बेला महासंघका जिल्ला सभापति राजेशचन्द्र राजभण्डारी र *कम्युनिकेसन कर्नर*का जिल्ला संवाददातासमेत रहेका महासंघका सचिव हरिनारायण गौतमलाई प्रहरीले पक्राउ गऱ्यो । २०६२ जेठ ८ गते हेटौंडाको *मनकामना एफएम*का पत्रकार खेमप्रसाद बोलखेलाई सात दलको ऱ्यालीको समाचार संकलन गर्न गएको बेला प्रहरीले लाठी प्रहार गरी घाइते बनाइदियो ।

शाही घोषणापछि सञ्चारको क्षेत्रमा सबैभन्दा कटु प्रभाव भोग्नेहरूमा समाचार तथा समाचारमूलक कार्यक्रम भएका स्वतन्त्र रेडियोहरू नै परे । समाचार मात्र नभएर गीति कार्यक्रममा उद्घोषण गर्नसम्म पनि सेनाले रोक्यो । कतिपय गीत र भजनमा पनि सुरक्षाकर्मीहरूले अघोषित सेन्सर गरे । यसरी हमला गर्न थालिएको पहिलो दिनमा नै स्वतन्त्र रेडियोहरूलाई थला पारिसकिएको थियो ।

स्वतन्त्र रेडियोमाथि राज्यले थालेको आक्रमण सबैतिर एकै प्रकारको भने थिएन । राज्यका निकायहरूको परिचालन काठमाडौं उपत्यका र काठमाडौं

बाहिर अलग-अलग प्रकारले प्रकट भएको थियो । यस घटना मात्र नभएर प्रवृत्तिको दृष्टिकोणले पनि अलग-अलग रूपमा हेर्नु उचित हुन्छ । सोही अनुसार दुवै क्षेत्रमा माघ १९ गते दिनभरिको सैनिक अतिक्रमण, त्यो हप्ताभरिको शाही शासनको स्वेच्छाचारिता र शाही शासनको जाँतोमा कटाएको दस दिनपछिको एक हप्ताको चर्चालाई यहाँ भिन्न-भिन्न बुँदामा समेटिएको छ ।

## ***राजधानीमा सैन्यराज***

जसरी काठमाडौँ उपत्यका भित्र र बाहिरका रेडियोहरूमा शाही सरकारको प्रहार अलग-अलग किसिमले भयो, त्यसरी नै काठमाडौँका सबै रेडियोमा पनि एकैसाथ र एकै चापमा निरंकुशता लाद्न राजाको सरकार सफल भएन । यसलाई माघ १९ गते एक दिनको घटनाका आधारमा मात्रै पनि प्रस्ट रूपमा देख्न सकिन्छ ।

### *माघ १९ : रेडियोभित्र सेना*

काठमाडौँ उपत्यकामा रहेका एफएम स्टेसनहरूमा फरक-फरक समयमा सेनाले अतिक्रमण गऱ्यो । *रेडियो सगरमाथा*मा शाही घोषणा सुरु हुनुअघि नै सैनिकहरूको डफ्फा पुगिसकेको थियो । कार्यक्रम निर्देशक घमराज लुइँटेलका अनुसार, उनीहरूले गीतसंगीतबाहेक केही पनि प्रसारण नगर्न रेडियोकर्मीहरूलाई चेतावनी दिएका थिए । गीत-संगीतको बीच-बीचमा गर्नुपर्ने उद्घोषणमा समेत उनीहरूले कडाइका साथ रोक लगाए र रेडियोको परिसरमा मात्र नभएर छत र कार्यकक्षहरूमा समेत हतियारसहित तैनाथ भए ।

*कान्तिपुर एफएम*मा शाही घोषणा प्रसारण भइरहेकै बेला झण्डै एक दर्जन सैनिक नियमित समाचार बुलेटिन नै सेन्सर गर्ने हिसाबले समाचार कक्षमा पुगे । 'यो एफएमको उद्घाटनको अवसरमा पनि म नै आएको थिएँ, अब बन्द गराउन पनि मै आउनु पऱ्यो', मुख्य प्रवेशद्वारबाट स्टुडियोतिर प्रवेश गर्दै सैनिक टोलीको नेतृत्व गरिरहेका सेनानीले भनेका थिए । 'माथिको आदेश' बोकेर आएका उनले दिउँसो १२ बजेको समाचार बुलेटिन सधैँ झैँ प्रसारण गर्न स्वीकृति दिन नसकिने बताए । सोही समयदेखि ती सेनानी *कान्तिपुर एफएम*का पत्रकारहरूका लागि 'प्रधान सम्पादक' सरह भए । उनकै निर्देशनमा १९ गतेका सबै समाचार बुलेटिनमा शाही घोषणा मात्र प्रसारण भयो ।[२]

---

[२] नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालयमा महासंघको *कान्तिपुर एफएम* शाखाका सभापति श्रीराम पौडेलले पठाएको पत्रअनुसार ।




तस्वीर १ : शाही घोषणालगत्तै *रेडियो सगरमाथा*मा तैनाथ शाही नेपाली सैनिक (तस्वीर : उषा तितिक्षु) ।

उपत्यकाभित्र सेना सबै एफएमको स्टुडियो, समाचार कक्ष र परिसरमा बसेको थियो र रेडियो स्टेसनलाई पूर्ण रूपमा नियन्त्रणमा लिएको थियो । गीतबाहेक कुनै पनि कार्यक्रम प्रसारण गर्नमा कडा प्रतिबन्ध लगाएको थियो । यसो हुँदाहुँदै पनि उपत्यकाबाहिरका एफएमहरूमा जसरी प्रसारण पूरै रोक्ने काम चाहिँ भएन । केही एफएम स्टेसनमा भने त्यहाँ पुगेका सैनिकले 'के गर्दा पूरै बन्द गर्न सकिन्छ' भन्ने जानकारीसम्म लिएका थिए ।

रेडियो समाचार तथा समाचारमूलक कार्यक्रम उत्पादन तथा वितरण गर्ने *कम्युनिकेसन कर्नर*को कुपण्डोलमा रहेको स्टुडियोमा अपराह्न ३ बजेको *नेपाल खबर* [३]

---

[३] यो कार्यक्रम दिनभरिमा चार पटक उत्पादन भएर १२ ओटा रेडियो स्टेसनबाट प्रसारण हुने गर्थ्यो ।

प्रसारण हुँदै गर्दा सैनिक टुकडी पुगेको थियो । *कर्नर*का प्रधान सम्पादक सुरेश आचार्यका अनुसार थप समाचार प्रसारण नगर्न सेनाले आग्रह गरेको थियो । 'के यो बजिरहेको समाचार पनि बन्द गरिदिऊँ त ?' आचार्यका अनुसार, उहाँको यो प्रश्नमा त्यहाँ खटिएका सैनिक अधिकारीले भनेका थिए– 'भैगो यो त बजोस्, अरू नबजाइदिनुहोला ।' त्यति भनेर सेना त्यहाँबाट बाटो लागेका थिए । सेनाले कुनै औपचारिक पत्र वा लिखित सूचना भने दिएको थिएन । त्यसैले साँझ ८ बजेको समाचारमूलक कार्यक्रम *नेपाल दर्पण* पनि प्रसारण गरिएको थियो । सञ्चारसम्पर्कको अभावमा त्यो कार्यक्रम काठमाडौँको *नेपाल एफएम* बाहेक अन्यत्र कहाँ-कहाँ प्रसारण भइरहेको छ वा छैन भन्ने केही जानकारी पनि थिएन ।

*पर्यावरण चक्र एफएम*मा बाहेक सबै रेडियो स्टेसनमा ढिलो वा चाँडो माघ १९ गते नै सेना पुगेको थियो । ललितपुरको बाडेगाउँमा रहेको *पर्यावरण चक्र*लाई भने गीतबाहेक केही पनि नबजाउन टेलिफोनबाट आदेश दिइएको थियो । काठमाडौँ उपत्यकाका स्वतन्त्र रेडियोहरूमध्ये *रेडियो सगरमाथा, कान्तिपुर एफएम, इमेज एफएम, एचबीसी एफएम, रेडियो सीटी, टाइम्स एफएम, अध्यात्मज्योति एफएम, मेट्रो एफएम, भक्तपुर एफएम, हिट्स एफएम*लाई राजाको सम्बोधन सुरु नहुँदै शाही सैनिकहरूले घेरिसकेका थिए । अझ कतिपय रेडियो स्टेसनमा त राजनीतिक दलका कार्यालय र नेताहरूका निवासमा भन्दा पनि अगाडि नै सेना तैनाथ गरिसकिएको थियो । सैनिकहरूले स्टेसनमा प्रवेश गरेपछि कसैलाई पनि भित्र-बाहिर गर्न दिएनन् । टेलिफोन नकाटिउन्जेलसम्म टेलिफोन गर्न तथा आएका टेलिफोन उठाउन पनि बन्देज लगाइयो । दस-बाह्र जनाका दरले खटिएका सैनिकका टुकडीले एफएम स्टेसनहरूलाई देखिने गरी नै 'मिनी ब्यारेक' मा परिणत गरे ।

### *पहिलो हप्ता : सेना फिर्ता*

पहिलो दिनको झैँ अन्योल र उकुसमुकुस सेनाको बलमा राजाले प्रत्यक्ष शासन थालेको पहिलो हप्ताभरि व्याप्त रह्यो । हुन त, हप्ता दिनमै सैनिकहरू रेडियो स्टेसनबाट फिर्ता भए तर न तिनले थोपरेको मानसिक दबाब कम हुन सक्यो, न त बलपूर्वक बन्द गराइएका सूचनामूलक कार्यक्रम नै पुनः सुरु हुन सके ।[४]

---

[४] यी तथ्य सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष एवं स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिका संयोजक रघु मैनालीको अभिलेख र लेखकको प्रत्यक्ष अनुभव तथा तथ्य संकलनमा आधारित छन् ।

*कान्तिपुर एफएम* माघ २० गते बिहान अघिल्लो दिनकै समाचारलाई पुनः प्रसारण गरेसरह दोहोऱ्याउन बाध्य भयो । बिहान ८ बजेको अंग्रेजी समाचारमा ७ बजे रेडियो नेपालले प्रसारण गरेअनुसारको मन्त्रिपरिषद् गठनसम्बन्धी समाचारबाहेक थप नयाँ केही राख्न सेनाले दिएन । दिउँसो १२ बजेको बुलेटिनमा नवगठित मन्त्रीहरूको शपथ ग्रहणसम्बन्धी समाचार मात्र प्रसारण भयो । सबै सामग्री त्यहाँ तैनाथ सैनिक टुकडीको कमाण्ड सम्हालेर बसेका सेनानीबाट आधा घण्टापूर्व नै जँचाएर उनले स्वीकृति दिएपछि मात्र प्रसारण गर्नुपर्ने बाध्यता थियो । ३ बजेबाट भने अर्का सेनानी आएर समाचार प्रसारण पूरै बन्द गर्न आदेश दिए । त्यस बेला सञ्चारकर्मीहरूले उनलाई एफएम रेडियोले समाचार प्रसारण गर्न पाउँछ भनेर सर्वोच्च अदालतले गरेको फैसलाका[५] बारेमा सुनाएर प्रतिवाद गर्न खोजे । तर, त्यसको केही अर्थ रहेन । ती सेनानीले 'माथिको आदेश' भएकाले बन्द गर्नैपर्ने 'अन्तिम फैसला' सुनाए । उनले थप जानकारी चाहिए सैनिक प्रवक्ता दीपक गुरुङसँग सम्पर्क गर्नू भने र गुरुङ भेट हुने ठाउँको ठेगाना बताएर फर्किए । यसरी २० गते १२ बजेको बुलेटिनपछि *कान्तिपुर एफएम*मा नियमित प्रसारण हुँदै आएका छओटै समाचार बुलेटिन बन्द भए । प्रत्येक आइतबार बिहान ९ बजेदेखि एक घण्टा प्रसारण हुँदै आएको समसामयिक गतिविधिको कार्यक्रम *न्यूज हक* पनि बन्द भयो । त्यति मात्र नभएर मनोरञ्जनात्मक कार्यक्रमहरू पनि नियमित शैली र ढाँचामा प्रसारण हुन पाएनन् ।[६]

*नेपाल एफएम* र *पर्यावरण चक्र एफएम*ले पनि २० गते दिउँसोसम्म समाचार बुलेटिन बजाएका थिए । त्यसपछि बन्द गराइएको थियो । यसै दिन *बीबीसी* नेपाली सेवा र विश्व सेवाका केही कार्यक्रमहरूको *रेडियो सगरमाथा*बाट नियमित रूपमा भइरहेको पुनः प्रसारण पनि बन्द गराइयो ।

दुई महिनाअघि मङ्सिर १८ गते मात्र उद्घाटन भएको *नेपाल एफएम*मा खटिएको सैनिक टुकडी भने कुपण्डोलमा रहेको *कम्युनिकेसन कर्नर*को कार्यालयमा तैनाथ हुन पुगेको थियो । एउटै 'ग्लो साइनबोर्ड' मा दुईपट्टि दुईओटा नाम भएकाले मात्र नभई *नेपाल एफएम*का लागि सबै कार्यक्रम *कम्युनिकेसन कर्नर*बाटै प्राप्त

---

[५] माधवकुमार बस्नेत र सुदीप पौडेल विरुद्ध श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमेत । रिट नम्बर ३४५२ । फैसला मिति २०५८ श्रावण ११ गते । न्यायाधीशहरू लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय र टोपबहादुर सिंहको विशेष इजलासबाट प्रसारण स्वतन्त्रताका पक्षमा भएको यो ऐतिहासिक फैसलाको पूर्णपाठका लागि मैनाली (२०५९ : ३४-५२) र विश्लेषणका लागि हुमागाईं (२०६२ : १२६-१३१) हेर्नुहोस् ।

[६] नेपाल पत्रकार महासंघलाई महासंघको *कान्तिपुर एफएम* शाखाका सभापति श्रीराम पौडेलले पठाएको पत्रका आधारमा प्राप्त जानकारी ।

हुन्छ भन्ने थाहा पाएर पनि सेना त्यहाँ पुगेको थियो । यतिसम्म कि मर्कन्टाइल कम्युनिकेसन्समा रहेको *कम्युनिकेसन कर्नर*को भी-स्याट प्रणाली नै काटिइसकेको अवस्थामा पनि सैनिक टुकडी *कम्युनिकेसन कर्नर* कुरेर बसेको थियो । भी-स्याट काटिएकै कारणले २० गते १२ बजेको *नेपाल खबर*को बुलेटिन मोटरसाइकलबाट लगेर गएर १२:२० मा *नेपाल एफएम*कै रविभवनस्थित स्टुडियोबाट प्रसारण गरिएको थियो । यो थाहा पाएपछि सेनाले एकातिर *कम्युनिकेसन कर्नर*को समाचार उत्पादन र वितरण पूरै बन्द गराएको थियो भने अर्कातिर त्यहाँ खटिएको टुकडी तुरुन्तै *नेपाल एफएम*को स्टेसन, रविभवनतिर लागेको थियो ।

*रेडियो सगरमाथा*मा भने सेनाका १८ जवान सुत्नका लागि कार्यक्रम उत्पादकहरूको एउटा कोठा नै कब्जा गरिएको थियो ।[७] उनीहरू राति ब्यारेकमा झैँ त्यहीँ लस्करै सुत्थे र दिउँसो छत वा मुख्य ढोकाका साथै स्टुडियोमा 'डचुटी' मा खट्थे । रेडियो स्टेसनहरूमा खटाइएका सैनिकहरूलाई माओवादी आतंककारी आएर रेडियोबाट बोल्न सक्छन् भनेर हाकिमहरूले विशेष संवेदनशील बनाएका थिए ।[८]

चार दिन तैनाथ गरिएका सैनिकहरू माघ २३ गते दिउँसो कन्ट्रोल रुम र छतबाट हटेका थिए । समाचार कक्ष तथा रेडियो परिसरमा भने सैनिक नियन्त्रण कायमै थियो । माघ २५  गते अपराह्न ४ बजेतिर मात्र रेडियो स्टेसनहरूबाट सैनिक फिर्ता भएका थिए ।

यसरी सात दिनसम्म एफएम स्टेसनहरू चौबीसै घण्टा सैनिक नियन्त्रणमा रहेका थिए । मनोरञ्जन कार्यक्रम उत्पादकहरूले समेत स्टेसनमा आउन-जान कडा निगरानी वा खानतलासी ब्यहोर्नु परेको थियो । स्टेसनको परिचयपत्र भएकाबाहेक अरू सबैलाई प्रवेश निषेध गरिएको थियो । रेडियो स्टेसनमा तैनाथ गरिएका सैनिकले कार्यक्रम उत्पादक तथा स्टेसनका पदाधिकारीहरूलाई पटक पटक अनेक किसिमले धम्क्याएका थिए । मानसिक दबाब कति थियो भन्ने कुराको त कुनै लेखाजोखा नै भएन । सैनिक फिर्ता भए पनि राजाको सैनिक शासनले बन्द गरेका समाचार तथा समाचारमूलक कार्यक्रम भने फिर्ता भएनन् ।

## *राजधानीबाहिर  ज्यादती*

यसै पनि राजधानीमा भन्दा बढी सुरक्षाकर्मीको दबाब रहने गरेका काठमाडौँबाहिरका ठाउँहरूमा- जसलाई मोफसल भन्ने गरिन्छ- शाही घोषणाले सुरक्षाफौजको

---

[७] *रेडियो सगरमाथा*का घमराज लुइँटेलसँगको कुराकानी र तत्कालीन अवस्थाको स्थलगत अध्ययनमा आधारित ।

[८] राजधानीका कतिपय रेडियोमा तैनाथ सैनिकहरूसँगको अनौपचारिक कुराकानीबाट प्राप्त जानकारी ।

सक्रियता ह्वात्तै बढाइदिएको थियो । माघ १९ गते मोफसलका स्वतन्त्र रेडियोहरूका लागि आतंक बनेर आयो भने त्यसपछिका दिन पनि कम त्रासदीपूर्ण रहेनन् ।

### *माघ १९ : रेडियोमा सैनिक ताल्चा*

चितवनमा सञ्चालित दुईओटा रेडियो स्टेसन *सिनर्जी एफएम* र *कालिका एफएम*मा शाही घोषणा नसकिँदै सैनिक प्रवेश गरे र स्टेसन नै बन्द गर्न निर्देशन दिए । फलतः शाही घोषणासमेत पूरै प्रसारण हुन पाएन । १०:३० बजेभित्र सैनिकहरूले दुवै स्टेसनबाट सबै कर्मचारी तथा सञ्चारकर्मीलाई बाहिर निकालेर ढोकामा ताल्चा मारे अनि साँचो लिएर भरतपुर ब्यारेकतिर फर्के । नवलपरासीको गैंडाकोटमा रहेको *विजय एफएम*मा पनि बिहान १०:१५ बजे नै सेनाको टोली प्रवेश गरेको थियो । 'ट्रान्समिटर कहाँ छ ?' भनेर सोध्दै सोझै ट्रान्समिटर राखिएको कोठामा पसेर सैनिक टुकडीले स्टेसन बन्द गर्न आदेश दियो । त्यहाँ पनि सेनाले चितवनको जस्तै १०:३० बजेभित्र रेडियो स्टेसनबाट सबैलाई बाहिर निकालेर ताल्चा मार्‍यो अनि साँचो लिएर ब्यारेकतिर लाग्यो । रुपन्देही जिल्लामा सञ्चालित चारओटा एफएम *रेडियो लुम्बिनी, बुटवल एफएम, तिनाउ एफएम* र *रुपन्देही एफएम*मध्ये अघिल्ला तीनओटामा १२ बजेतिर सैनिक प्रवेश गरी गीतबाहेकका सबै कार्यक्रम बन्द गराए भने *रुपन्देही एफएम*ले ११ बजेतिरै त्यस्तो आदेश पाइसकेको थियो ।

पाल्पा जिल्लाका चारओटा एफएममध्ये *पश्चिमाञ्चल, मुक्तिनाथ* र *श्रीनगर* एफएममा बिहान ११ बजे सैनिक प्रवेश गरी प्रसारण बन्द गर्न आदेश दिए । तर कसैले पनि बन्द गरेनन् । त्यसपछि सोही दिन बेलुका ८ बजेतिर तीनैओटा एफएम स्टेसनमा सेना प्रवेश गरी जबरजस्ती बन्द गराए (कौशल २०६४) । जिल्लाको जेठो एफएम *रेडियो मदनपोखरा*मा भने मध्याह्न १२ बजेतिर नौ जना सशस्त्र सुरक्षाकर्मीले स्टेसन म्यानेजर गुणाकर अर्याललाई स्टेसनबाहिर निकालेर केही परसम्म लगे र एक घण्टा जतिको कुराकानीपछि छाडे । त्यसपछि २ बजेतिर सात जना प्रहरीको एउटा डफ्फा त्यहाँ पुग्यो र रेडियोबाट विगतमा प्रसारण भएका समाचारप्रति आपत्ति जनाउँदै समाचार बन्द नगरे रेडियो नै बन्द गर्ने चेतावनी दियो ।[९] पोखराका *अन्नपूर्ण, पोखरा, हिमचुली* र *माछापुच्छ्रे एफएम*मा शाही घोषणा सकिनेबित्तिकै सैनिकहरू प्रवेश गरेर सबै कर्मचारीलाई बाहिर निकाले र ताल्चा मारेर सबै स्टेसनलाई नियन्त्रणमा लिए ।[१०]

---

[९] रेडियो मदनपोखराका स्टेसन म्यानेजर गुणाकर अर्यालबाट प्राप्त जानकारी ।

[१०] २०६२ असार १० र ११ गते काठमाडौँको बुढानीलकण्ठमा भएको स्वतन्त्र रेडियो राष्ट्रिय भेला उद्घाटनमा ब्रोडकास्टिङ एसोसिएसनका अध्यक्ष शिवलाल मल्लले दिएको जानकारी ।

दाङको घोराहीमा सञ्चालित *रेडियो स्वर्गद्वारी*मा भने ८:३० बजेतिरै प्रवेश गरेर सेनाले गीतबाहेकका सबैखाले कार्यक्रम बन्द गर्ने आदेश दिइसकेको थियो । सेनानीले स्टेसन मेनेजरलाई 'अहिले १० बजे सरकारको शाही घोषणा हुँदैछ, त्यसबारेमा कुनै छलफल, टीकाटिप्पणी नगर्नुहोला, तपाईं सेन्सरभित्र पर्नुभयो' भनेका थिए । दिउँसो १२ बजे पुनः दुई जना सेनानी आएर स्टेसनबाट प्रसारण हुने कार्यक्रमको सूची मागे । 'अन्यत्र सबै एफएम बन्द भएका छन्, यो *स्वर्गद्वारी एफएम* चाहिँ राम्रो भएकोले १९ नं. बाहिनीका जर'सा'बको आदेशअनुसार बन्द गरेका छैनौँ' उनीहरूको धम्की मिश्रित भनाइ थियो । दिउँसो १ बजेतिर पुनः केही सैनिक लिएर सेनानी आए र 'हाललाई समाचार नदिनू, भोलिसम्म मन्त्रालयबाट केही आउला, त्यहीअनुसार गर्नू' भन्ने आदेश फर्माएर फर्किए ।

विराटनगरमा सञ्चालित *कोशी* र *सप्तकोशी एफएम*मा भने दिउँसो १२ बजे सुरक्षाकर्मी पसेर सम्पूर्ण प्रसारण नै बन्द गरिदिए । चार घण्टापश्चात् सांगीतिक कार्यक्रम मात्र बजाउने अनुमति सेनाले दियो र अपराह्न ४ बजे प्रसारण पुनः सुरु भयो । सुनसरीको इटहरीमा सञ्चालित *सप्तकोशी एफएम*मा बिहान १० बजे कन्ट्रोल रुममा समेत गरी १९ जना सैनिक तैनाथ गरिए ।

पर्साको *रेडियो वीरगञ्ज*मा शाही घोषणा सकिँदा नसकिँदै पुगेको सेनाले समाचार प्रसारणमा प्रतिबन्ध लगाइदियो र गीत मात्र बजाउन बाध्य पाऱ्यो । रेडियोका अधिकारीहरूले औपचारिक पत्र माग्दा सेनानीको नेतृत्वमा गएको सैनिक टुकडीले 'माथिको आदेश' को हवाला दिँदै पत्र चाहिए ब्यारेकमा सम्पर्क राख्नू भन्ने जवाफ दिएको थियो ।[११]

मकवानपुरको सदरमुकाम हेटौँडामा सञ्चालित *मनकामना एफएम*को सम्पूर्ण प्रसारण बिहान ११ बजे सेनाले बन्द गराइदियो । तर रेडियो व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरूले सैनिक ब्यारेकमा 'डेलिगेसन' गएर *रेडियो वीरगञ्ज*को उदाहरण देखाएपछि दिउँसो १:०० बजेदेखि सांगीतिक कार्यक्रम बजाउन अनुमति दिइएको थियो । सदरमुकामबाट निकै टाढा रहेको *रेडियो पालुङ*मा चाहिँ सेनाले बिहान ११ बजे गीतबाहेकका कार्यक्रम बन्द गर्न आदेश दियो । यद्यपि, बिहान र बेलुका ५ देखि ९ बजेसम्म मात्र प्रसारण हुने रेडियो पालुङमा सेना पुग्दा यसै पनि प्रसारण बन्द नै थियो । स्टेसनमा काम गर्ने सम्पूर्ण पत्रकार तथा कर्मचारीको फोटोसहित नामावली २४ घण्टाभित्र ब्यारेकमा उपलब्ध गराउनू भन्ने आदेश पनि सैनिकहरूले दिएका थिए ।

[११] *रेडियो वीरगञ्ज*का निर्देशक तथा समाचार प्रमुख गोविन्द देवकोटाबाट प्राप्त जानकारी ।

नेपालगञ्जमा सञ्चालित *रेडियो भेरी आवाज*मा बिहान ११ बजे र *बागेश्वरी एफएम*मा १२ बजे पुगेर सेनाले गीतबाहेकका सबै कार्यक्रम बन्द गरायो । *रेडियो भेरी आवाज*को स्टेसन सेनाले साँझसम्म पनि छोडेको थिएन । दाङको *रेडियो स्वर्गद्वारी,* कैलालीको *घोडाघोडी एफएम* र बझाङको *साइपाल एफएम*लाई पनि सैनिक टुकडीले गीतबाहेक कुनै पनि कार्यक्रम प्रसारण नगर्न ठाडो आदेश दियो ।

सुर्खेतको वीरेन्द्रनगरमा सञ्चालित *रेडियो भेरी* शाही नेपाली सेनाका कर्णेलको नेतृत्वमा पुगेको सैनिक टोलीले बन्द गराएको थियो । जिल्ला प्रशासन कार्यालय पुगेर रेडियोकर्मीहरूको 'डेलिगेसन' ले सुरक्षा निकायका प्रमुखसँग समेत लामो 'छलफल' गरेपछि 'स्टेसन सञ्चालन गर्ने हो भने गीत मात्र बजाउनू' भन्ने आदेश प्राप्त भयो र बिहान १०:३० मा बन्द भएको प्रसारण चार बजे सुरु भयो । जुम्लाको *रेडियो कर्णाली*मा भने शाही घोषणा सकिनेबित्तिकै प्रवेश गरेको सुरक्षाफौजको टोलीले स्टेसनमा ताल्चा नै लगाइदियो ।

झापाको बिर्तामोडमा सञ्चालित *कञ्चनजंघा एफएम*मा बिहान ९:४५ बजेतिर ९ जना सैनिक स्टेसनमा प्रवेश गरे र स्टेडियो, ट्रान्समिटर भएको कोठा, छत एवं समग्र रेडियो परिसर कब्जा गरी गीतबाहेकका सबै कार्यक्रम तत्काल बन्द गर्न आदेश दिए । स्टेसनबाहिर रहेका लेखा, प्रशासन र बजार प्रवर्द्धन शाखामा कार्यरत कर्मचारीलाई समेत उनीहरूले स्टेसन प्रवेशमा रोक लगाए ।

सोलुखुम्बुको दोर्पु बजारमा स्टेसन रहेको *सोलु एफएम*लाई बिहान ९:४५ मै सेनाको सल्लेरी ब्यारेकका गुल्मपतिले समाचार प्रसारण रोक्न आदेश दिए । त्यसको लगत्तै सम्पूर्ण प्रसारण बन्द गर्न थप आदेश फर्माए । दिउँसो ब्यारेकका प्रमुखसँग रेडियोका अध्यक्ष तथा स्टेसन मेनेजरहरूले प्रसारण चालू गर्न सकिन्छ कि भन्ने सन्दर्भमा भेटघाट गरेका थिए । त्यस बेला पत्रकारहरूकै कारण श्री ५ बाट यो कदम चालिबक्सेको भन्दै सैनिक अधिकारीहरूले पत्रकारहरूप्रति क्षुद्र वचन प्रयोग गरेका थिए । त्यहाँ *कम्युनिकेसन कर्नर*को भी-स्याट प्रणाली जडानको काम त्यही दिन सम्पन्न भएको थियो र १२ बजेको *नेपाल खबर* प्रसारण गर्ने तयारी भएको थियो । तर, सगरमाथाको फेदीमा राजधानीका ताजा समाचार तत्काल पस्किन गरिएको त्यो प्रयास तयारीमै सीमित हुनपुग्यो ।[१२]

### *पहिलो हप्ता : निरन्तर स्वेच्छाचारिता*

यो अवधिमा राजधानीका रेडियोहरूले पहिचान गुमाएर भए पनि अस्तित्व धानेका थिए तर सुरुका दिनमा राजधानीबाहिरका कैयौँ रेडियोहरूको प्रसारण नै

[१२] भी-स्याट रिसिभर जडान कार्यमा संलग्न पवनप्रकाश उप्रेतीबाट प्राप्त जानकारी ।

बन्द गरिदिएकाले तिनको बोली पूरै बन्द हुन पुगेको थियो । तिनले भोगेको दमन र प्रसारण पुनः चालु गर्न गरेको संघर्ष लर्तरो थिएन ।

*कञ्चनजंघा एफएम*मा तीन दिनसम्म सैनिकले अहोरात्र ड्यूटी गरे । शिरो सान्दाइले सञ्चालन गर्दै आएको मृत्युसँग सम्बन्धित कार्यक्रम 'समवेदना' माघ १९ र २१ गते रोकिए पनि त्यसपछि नियमित रूपमा प्रसारण भयो । *कोशी एफएम*लाई २० गते दिउँसो माओवादीको बन्दसम्बन्धी समाचार बजाएको भन्ने झूटो आरोप लगाएर सैनिकले धम्क्याए ।

*सप्तकोशी एफएम*मा तैनाथ सैनिकहरूले २४ गते अपराह्न मात्र स्टेसन छाडे । यो अवधिमा कार्यक्रमको रेकर्ड प्रसारण हुनुअघि शाही नेपाली सेनाको पूर्वी पृतनामा सेन्सर गराउनका लागि बुझाउनुपर्ने र पृतनाले स्वीकृति दिएका कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने रीति सेनाले बसालेको थियो ।

पूर्वाञ्चलको भेडेटारमा रहेको *इमेज एफएम*को रिले स्टेसन एक हप्तासम्म पूरै बन्द भयो । *कान्तिपुर एफएम*को भेडेटार प्रसारण भने चालू थियो ।

*सोलु एफएम*लाई २० गते बेलुकी ५ बजेदेखि गीत मात्र बजाउने गरी प्रसारण चालू गर्न गुल्मपतिले अनुमति प्रदान गरेका थिए । अरू त अरू, जिल्ला विकास समितिसँगको सहकार्यमा सञ्चालित *सोलुको सेरोफेरो* कार्यक्रमसमेत स्थानीय विकास अधिकारीको मौखिक आदेशमा बन्द गराइयो ।

*रेडियो कर्णाली*का अधिकारीहरूले सैनिक ब्यारेकमा गएर पटक-पटक प्रयत्न गर्दा आठ दिनपछि माघ २७ गते मात्रै स्टेसनमा लगाएको ताल्चा खोलियो । मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने सर्तमा ताल्चा खोलिएको यस एफएमले २८ गतेदेखि गीत बजाउन थालेको थियो ।

*रेडियो पालुङ*बाट प्रसारण हुने कतिपय गीतसमेत नबजाउन सेनाले आदेश दिएको थियो । औपचारिक आदेशहरू आफ्ना ठाउँमा थिए भने बाटामा भेट हुने सैनिक जवानहरूले पनि त्यहाँका रेडियोकर्मीहरूलाई धम्क्याउने गरेका थिए ।[१३]

*सिनर्जी, कालिका र विजय एफएम*का अधिकारीहरू २० गते दिउँसो २ बजेतिर शाही नेपाली सेनाको भरतपुर ब्यारेकमा 'डेलिगेसन' गएपछि अघिल्लो दिन लगाएको ताल्चाको साँचो फिर्ता दिइयो । र, गीत मात्र बजाउने सर्तमा साँझ ४ बजेबाट प्रसारण पुनः सुरु भयो ।

*रेडियो लुम्बिनी*का साथै *रुपन्देही, बुटवल* र *तिनाउ एफएम*मा २० गतेबाट गीत पनि बज्न बन्द भए । त्यो दिन राति ८ बजे आएर सैनिकहरूले रेडियो स्टेसन नै बन्द गरिएका थिए । सबै रेडियोका अधिकारीहरू सामूहिक रूपमा

---

[१३] *रेडियो पालुङ*का अध्यक्ष विष्णुहरि ढकालसँगको कुराकानीबाट प्राप्त जानकारी ।

ब्यारेकमा डेलिगेसन गएपछि २१ गते दिउँसो १२ बजेदेखि गीत मात्र बजाउने सर्तमा स्टेसन सञ्चालन गर्न अनुमति दिइएको थियो ।

*रेडियो मदनपोखरा*ले शाही घोषणाको करीब एक हप्तासम्म समाचार पनि प्रसारण गरिरह्यो- पूर्ववत् 'स्थानीय गतिविधि' का नाममा । त्यसबीच राति राति टेलिफोन खुलेको बेला स्टेसन म्यानेजरलाई विभिन्न खालका धम्कीहरू टेलिफोनबाट प्राप्त भइरहे पनि यो रेडियो स्टेसनको प्रसारण भने कहिल्यै पनि बन्द भएन ।

पोखराका *हिमचुली, अन्नपूर्ण, पोखरा* र *माछापुच्छ्रे* रेडियोका सञ्चालकहरू २० गते फूलबारी ब्यारेकमा 'डेलिगेसन' गएपछि अघिल्लो दिन सेनाले नियन्त्रणमा लिएका सबै स्टेसनहरूको साँचो सांगीतिक कार्यक्रम मात्र चलाउने निर्देशनसहित फिर्ता दिइयो र २१ गते बिहानदेखि सांगीतिक कार्यक्रम पुनः सुरु भयो । त्यहाँ *इमेज एफएम*को प्रसारण सात दिनसम्म बन्द भएको थियो ।

*रेडियो स्वर्गद्वारी*मा माघ २० गतेदेखि सबै खालका कार्यक्रम बन्द गराइए । *धौलागिरी एफएम*मा *कम्युनिकेसन कर्नर*मार्फत प्रसारण हुन थालेका समाचारमूलक कार्यक्रम पनि बन्द हुन पुगे । त्यहाँ पनि गीतबाहेक केही नबजाउन सेनाले आदेश जारी गऱ्यो । *बीबीसी* नेपाली सेवाको कार्यक्रम प्रसारण हुने मुलुकका सबै रेडियो स्टेसनबाट त्यो कार्यक्रम बन्द गरियो । काठमाडौँमा रेडियो नेपालको स्वामित्वमा रहेको फ्रिक्वेन्सी १०३ मेगाहर्जबाट प्रसारण हुने *बीबीसी* विश्व सेवा पनि प्रतिबन्धको शिकार हुनपुग्यो ।

ठाउँ पिच्छे सेनाको तजबिजी अधिकार प्रयोग भएकाले माघ १९ पछिको पहिलो हप्ता सबै ठाउँमा रेडियोविरुद्ध एकै प्रकारको कारवाही भएन । यसले कठोर दमनको नीति लिएर त्यसको बागडोर सेनाको हातमा सुम्पिइएको तर त्यसको प्रक्रिया व्यवस्थित नगरेर सैनिक स्वेच्छाचारितालाई प्रोत्साहित गरिएको देखाउँछ ।

### *दस दिनपछिको एक हप्ता*

स्वतन्त्र रेडियो शाही सत्ताको जाँतोमा पिसिन थालेपछि तिनमा कार्यरत सञ्चारकर्मीको अवस्थाबारे तथ्य संकलन गर्न नेपाली पत्रकारहरूको छाता संगठन- नेपाल पत्रकार महासंघले पहल गऱ्यो । एफएम रेडियोमा समाचार तथा सूचनामूलक कार्यक्रम बन्द हुँदा परेका असरहरूका बारेमा महासंघले रेडियो स्टेसनहरूसँग निम्नलिखित चार पक्षबारे जानकारी मागेको थियो–

(१) समाचार र सूचनामूलक कार्यक्रमको संख्या;
(२) ती कार्यक्रममा कार्यरत सञ्चारकर्मीको संख्या;
(३) ती कार्यक्रम बन्द भएपछि सञ्चारकर्मीहरूको अवस्था;
(४) त्यस्ता कार्यक्रम बन्द हुँदा एफएमलाई परेको असर ।

## तालिका १ : एफएम रेडियोलाई परेको असर

| संस्थाको नाम | समाचार/समाचारमूलक कार्यक्रमको संख्या | सञ्चारकर्मीको संख्या | कार्यक्रम बन्द भएपछिको सञ्चारकर्मीको अवस्था |
|---|---|---|---|
| रेडियो स्वर्गद्वारी | दैनिक-८, हप्तामा थप-४ | ७ जना | बेरोजगारीको सम्भावना |
| बुटवल एफएम | दैनिक-३० | २२ जना | १५ पत्रकार बेरोजगार, ७ कार्यक्रम उत्पादक अर्ध-बेरोजगार |
| एचबीसी एफएम | समाचार-१३, समाचारमूलक कार्यक्रम दर्जनौं | समाचारतर्फ काठमाडौं भित्र ९, बाहिर ३०, कार्यक्रमतर्फ थप | सबै बेरोजगार |
| कोशी एफएम | दैनिक-४, हप्तामा थप-११ | २४ भन्दा बढी | सबै बेरोजगार |
| कञ्चनजंघा एफएम | दैनिक-६, हप्तामा थप-२० | ५० जना | सबै हताश र निराश |
| पोखरा एफएम | दैनिक-२० | १५ जना | अन्यौल |
| कालिका एफएम | दैनिक-२३ | स्टेसनमा १०, जिल्लामा २० | सबै बेरोजगार |
| कम्युनिकेसन कर्नर | दैनिक-१५, थप केही | काठमाडौंभित्र १६, बाहिर ५० भन्दा बढी | बेरोजगारीको सम्भावना |
| सप्तकोशी एफएम | दैनिक-१२, हप्तामा थप-२२ | २५ जना | सबै बेरोजगार |
| लुम्बिनी एफएम | दैनिक-१९, हप्तामा थप-६ | ५० जना | अन्यौल । बेरोजगारीको सम्भावना |
| रेडियो मदनपोखरा | दैनिक-१२ | ६ जना | निष्क्रिय । बेरोजगारीको सम्भावना |
| रेडियो सगरमाथा | समाचार-१२, सूचनामूलक-३५ | ३२ जना | सबै कार्यरत |
| मेट्रो एफएम | समाचार दैनिक-११, सूचनामूलक दैनिक-४ | २९ जना | अन्यौल तर समायोजनको प्रयास |
| कान्तिपुर एफएम | समाचार दैनिक-६, सामयिक दैनिक-१ | २२ जना | अन्यौल |
| मनकामना एफएम | समाचार दैनिक-१६, हप्तामा थप-५ | १७ जना | बेरोजगारीको सम्भावना |
| तिनाउ एफएम | दैनिक-९, हप्तामा थप-२० | २७ जना | बेरोजगार |
| सिनर्जी एफएम | दैनिक-१५, हप्तामा थप-१५ घण्टा | ३७ जना | ३२ बेरोजगार, ५ अर्ध-बेरोजगार |
| मध्य/सुदूर-पश्चिम क्षेत्रका एफएम स्टेसनहरू रेडियो बागेश्वरी र भेरी आवाज (नेपालगञ्ज), रेडियो भेरी (सुर्खेत), घोडाघोडी (कैलाली) | | २४ जना | बेरोजगार |

स्रोत : रेडियो स्टेसनबाट नेपाल पत्रकार महासंघलाई प्राप्त जानकारी ।

सबै रेडियो स्टेसनबाट त यसको जवाफ प्राप्त भएन तर प्राप्त भएका सबै जवाफले २०६१ माघ २९ देखि फागुन ५ सम्मको अवस्था चित्रण गरेका छन् । उक्त चारमध्ये सुरुका तीनओटा पक्षमा प्राप्त जानकारीलाई तालिका १ मा देखाइएको छ । चौथो पक्षबारे प्राप्त जवाफको 'दमनको असर' खण्डमा चर्चा गरिएको छ ।

यो तथ्यांकले नेपालका एफएममा कार्यरत पत्रकारहरूको रोजगारी मात्र नभएर पेशागत सुरक्षाको पनि अत्यन्त निम्छरो अवस्थालाई प्रस्तुत गरेको छ । यसले एकातिर कति थोरै जनशक्तिबाट कति धेरै काम गराइएको रहेछ भन्ने देखाउँछ भने अर्कातिर राजनीतिक परिदृश्यमा आएको परिवर्तनले रेडियो पत्रकारहरूको जीविकामा कति ठूलो अन्तर पार्दो रहेछ भन्ने समेत प्रस्टचाउँछ । साथै रेडियो पत्रकारहरूलाई संरक्षण दिने कुरामा प्रसारकहरूमा रहेको उदासीनता र उपेक्षाभाव पनि यसबाट उजागर भएको छ । समाचारबाटै प्रतिष्ठा र विश्वसनीयता आर्जन गर्ने तर क्रयविक्रय पर्नासाथ अरू विकल्पतिर नलागी पत्रकारहरूलाई कामबाट हटाउने आम प्रवृत्तिले रेडियो सञ्चालकहरू आम सञ्चारमाध्यमको आधारभूत चरित्रसँग समेत परिचित र संवेदनशील नरहेको देखिन्छ ।

## कानुनी दमन

शाही 'कू' पछि गरिएको भौतिक दमनबाट मात्र सरकारलाई चित्त बुझेन । स्वतन्त्र सञ्चारको मुखमा बुजो लगाउन गरिएका यावत् काम कारबाहीलाई गैरकानुनी नरहेको नदेखाउन उसले कानुनका अनेक सहारा लिन थाल्यो । भएका कानुनको अपव्याख्या र स्वेच्छाचारी प्रयोग मात्र गरिएन, संशोधनका नाममा कानुनमाथि नै हमला गरियो र अध्यादेश मार्फत थप दमनकारी कानुनहरू समेत लादियो । यस क्रममा केन्द्रीय तहमा मन्त्रालयबाट र तल्ला तहमा विभिन्न निकायबाट अनेक खालका आदेश फर्माउने सिलसिला चलेको पाइन्छ । केन्द्रीय तहबाट देशव्यापी रूपमा जारी गरिएका र स्थानीय तहबाट जिल्लाहरूमा जारी गरिएका स्वेच्छाचारी आदेशहरूको अलग-अलग चर्चा गर्दा स्थितिलाई पर्गेल्न बढी सहज हुन्छ ।

### *कानुनको सहारा*

माघ १९ गते दिउँसो नै संकटकालीन आदेश जारी गरेर नागरिकका आधारभूत अधिकारहरूलाई निलम्बन गरिसकिएको थियो । त्यतिले नपुगेर त्यसको भोलिपल्टदेखि नै सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने विभिन्न किसिमका आदेशहरू जारी गरिए । राजाको प्रत्यक्ष शासन सुरु भएको दोस्रो र तेस्रो दिन लगातार दुईओटा

आदेशात्मक सूचना जारी भए । एक महिनापछि फागुन १९ र २६ मा अरू दुईओटा सूचना जारी भए । असारमा थप अर्को सूचना जारी भयो ।

माघ २० गते सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको सूचना नै स्वतन्त्र रेडियोमाथिको पहिलो नियन्त्रणात्मक आदेश थियो । यद्यपि अघिल्लै बिहानदेखि स्वतन्त्र रेडियोहरूको स्वतन्त्रता समाप्त पारिसकिएको थियो । सूचनामा भनिएको थियो–

> श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७[१४] ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट सम्वत् २०६१ साल माघ १९ गते बक्स भएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतंककारी तथा विध्वंसात्मक गतिविधि र आतंकवादलाई प्रत्यक्ष वा परोक्षरूपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्यसामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारणमा यो सूचना प्रकाशन भएको मितिले ६ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम कारवाही हुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ (श्री ५ को सरकार २०६१क : २) ।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव मुकुन्द शर्मा पौडयालको नामबाट जारी भएको यो सूचनाले मात्र रेडियोमा सम्पूर्ण रूपमा समाचार र विचार प्रवाह बन्द गर्न सम्भव थिएन । 'शाही घोषणाको भावना र मर्म विपरीत एवं आतंककारी तथा विध्वंसात्मक गतिविधि र आतंकवादलाई प्रत्यक्ष वा परोक्षरूपमा दुरुत्साहन वा सघाउ पुग्नजाने प्रकृतिका' सामग्री मात्र बन्द गर्नुपर्ने व्यवस्था सूचनाले गरेको थियो । यसको अर्थ त्यसबाहेकका सामग्री प्रसारण गर्न मिल्ने ठाउँ त्यो सूचनाले छोडिदिएको थियो । तर, कुनै पनि प्रकारका सूचना जनतामा पुग्नु सरकारी चाहना विपरीत थियो । तसर्थ त्यसभन्दा अघि बढेर सूचना तथा सञ्चार मन्त्रालयले 'श्रव्य दृश्य तथा प्रसारण शाखा' बाट रेडियोहरूलाई माघ २१ गते 'राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च)[१५] बमोजिम

---

[१४] राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ को व्यवस्था ७ : प्रसारणमा रोक लगाउन सकिने - राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

[१५] राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (च) मा 'युद्ध वा संकटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने' सर्त तोकिएको छ ।

निर्देशन' जारी गऱ्यो । उक्त सूचना हरेक रेडियो स्टेसनलाई सम्बोधन गरेर अलग-अलग पठाइएको थियो । सूचनामा भनिएको थियो–

> श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१।१०।१९ को विज्ञप्तिद्वारा लागू भएको संकटकालमा तहाँ रेडियो स्टेसनहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न हुन यो निर्देशन जारी गरिएको छ ।
>
> कसैले यो निर्देशनविपरीत कुनै पनि कार्यक्रम प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १७[१६] बमोजिम कारवाही गरिने व्यहोरा आदेशअनुसार जानकारी गराइन्छ ।

मन्त्रालयका शाखा अधिकृत पशुपतिप्रसाद पौडेलको दस्तखत भएको यो सूचनाले भने स्वतन्त्र रेडियोहरूको सम्पूर्ण अधिकार नै समाप्त पारिदियो । यसअनुसार शाही घोषणाको मर्म र भावना विपरीत नहुने कुराहरू पनि प्रसारण गर्न नपाइने भयो र मनोरञ्जनात्मक बाहेक कुनै पनि कार्यक्रम प्रसारण गर्न पूरै बन्देज लाग्यो ।

माघ २० गतेको सूचना ६ महिनाका लागि जारी गरिएको थियो जुन संविधानको धारा ११५ (२) बमोजिम तीन महिनाका लागि मात्र लागू हुनसक्यो । तर, भोलिपल्टको आदेश भने संकटकालको अवधि सकिएपछि पनि थप तीन महिनासम्म कायम रहने भयो । यसबाट स्वतन्त्र रेडियोको लागि ६ महिनाको 'संकटकाल' थोपरियो । *(यसको संवैधानिक र कानुनी प्रश्नबारे खण्ड तीनमा 'कानुनी बाटो' शीर्षकमा चर्चा गरिएको छ ।)*

माघ २१ गते पत्रद्वारा पठाइएको उक्त आदेशको तत्काल लिखित प्रतिवाद गर्ने कोही देखा परेन । पाँचौं दिन भने– 'नेपाल एफएम ९१.८' को 'कल साइन' प्रयोग गरेर काठमाडौंबाट प्रसारण हुँदै आएको रेन्बो एफएम प्रालिले मन्त्रालयसँग लिखित पत्राचार गऱ्यो । सूचना तथा सञ्चार मन्त्रालयका सचिवलाई सम्बोधन गरेर एफएमका तत्कालीन प्रबन्ध निर्देशक गोपाल गुरागाईंद्वारा माघ २५ गते पठाइएको सो पत्रमा भनिएको छ–

---

[१६] राष्ट्रिय प्रसारण ऐनको दफा १७ (१) मा प्रसारण संस्थाको इजाजत पत्र नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट १० हजार रुपियाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । यसैगरी १७ (२) मा कसैले यो ऐन वा ऐनअन्तर्गतको नियमविपरीत कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा ऐन वा नियम विपरीत कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १७ (१) बमोजिमको सजाय गर्न सक्ने व्यवस्था छ ।

महोदय, राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बमोजिम कार्यक्रम प्रसारण गर्ने विषयमा २०६१।१०।२१ मा त्यहाँबाट पठाइएको पत्रसंख्या ७/०६१।६२ च.नं. १८८५ को निर्देशनसहितको पत्र प्राप्त भयो ।

सो निर्देशनमा 'रेडियो स्टेसनहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि समाचार, सूचना लेख, विचार, अभिव्यक्तिलगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न हुन निर्देशन' जारी हुँदा निर्देशनभित्र परेको 'सूचना' भन्ने शब्दले मौसम, बजार भाउ, स्वास्थ्य, सामाजिक, आर्थिक, शैक्षिक, खेलकुद, विज्ञान, प्रविधि, साहित्य जस्ता विषयका सूचनाहरू तथा विज्ञापनलाई समेत प्रभावित पारेकोले हामीलाई अत्यन्तै कठिनाइ भएको छ । त्यसैले, सो निर्देशनमा उल्लेखित सूचना भन्ने शब्दलाई हटाई वा सबैले एउटै अर्थमा बुझ्नसक्ने गरी स्पष्ट पारिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

तर मन्त्रालयले यो कुरा कहिल्यै स्पष्ट पारेन । मनोरञ्जनात्मक बाहेक कुनै पनि कार्यक्रम प्रसारण गर्न नदिने अभियानमा ऊ कटिबद्ध रहिरह्यो ।

शाही घोषणाको ठीक एक महिनापछि २०६१ फागुन १९ गते *गोरखापत्र* दैनिकमा सूचना तथा सञ्चार मन्त्रालयको अर्को सार्वजनिक सूचना छापियो । सूचनाको व्यहोरा यस्तो थियो–

छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १५ को उपदफा (१) र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयको नामबाट नेपाल राजपत्र भाग ३ खण्ड ५४ अतिरिक्ताङ्क ४८ मिति २०६१।१०।२० को सूचनामा आतंककारी तथा विध्वंसात्मक गतिविधि र आतंकवादलाई प्रत्यक्ष वा परोक्ष रूपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्यसामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रकाशन एवं प्रसारण गर्न निषेध गरिएकोमा कुनै प्रकाशन वा प्रसारण संस्थाले सुरक्षा निकायबाट स्रोतसहितको जानकारी प्राप्त गरेको अवस्थामा बाहेक उपरोक्तबमोजिमका कुराहरू प्रकाशित वा प्रसारित गरेमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २७ र २८ को हकमा स्थानीय अधिकारीले र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १७ बमोजिम श्री ५ को सरकारले सजाय गर्ने व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

यो सूचनाले कुनै नयाँ बन्देज खडा गरेको वा नयाँ आदेश जारी गरेको थिएन, माघ २० गतेको सूचनालाई सम्झाउने र स्वतन्त्रताको पक्षधर सञ्चार जगत्लाई तर्साउने काम मात्र गरेको थियो । फरक के मात्र थियो भने माघ २० गते प्रसारण र छापामाध्यमका लागि अलग-अलग सूचनाद्वारा सम्बोधन गरिएकोमा फागुन १९ गते एउटै सूचनामार्फत दुवै थरिलाई चेतावनी दिइएको थियो । साथै, माघ २० को सूचनाले समेटेको 'शाही घोषणाको भावना र मर्म विपरीत' वाक्यांशलाई फागुन १९ को सूचनाले समेटेको थिएन । यसले गर्दा स्थिति केही खुकुलो भएको भान हुनपुगेको थियो । त्यति मात्र नभएर 'सुरक्षा निकायबाट

स्रोतसहितको जानकारी प्राप्त गरेको अवस्थामा' सूचना-समाचार प्रसारण गर्न पाइने ठाउँ दिएको थियो । यसको वैधानिक अर्थ र मनसायका विषयमा रेडियोकर्मीहरूबीच छलफल भए । तर 'सुरक्षा निकायबाट स्रोतसहितको जानकारी प्राप्त गरेर' प्रसारणमा जाने आँट कसैले गरेन ।

यसको एकहप्तापछि फागुन २६ गते सरकारले अर्को आदेश जारी गऱ्यो । यो आदेश माघ २० गतेको आदेशकै निरन्तरता थियो । सूचना तथा सञ्चार मन्त्रालय, श्रव्य दृश्य तथा प्रसारण शाखाका तर्फबाट शाखा अधिकृत पशुपतिप्रसाद पौडेलको दस्तखतयुक्त सो पत्रमा स्वतन्त्र रेडियो स्टेसनहरूलाई 'राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बमोजिम निर्देशन' दिइएको थियो । सबै रेडियोलाई अलग-अलग पठाइएको उक्त पत्रमा भनिएको थियो–

> उपर्युक्त विषयमा संकटकाल लागू रहेको अवस्थामा तहाँ रेडियो स्टेसनले विशुद्ध मनोञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कुनै कार्यक्रम प्रसारण नगर्न मिति ०६१।१०।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको व्यहोरा तहाँ अवगतै छ ।
>
> उपर्युक्त सूचनाको पूर्ण पालना हुन पुनः अवगत गराउँदछु । कसैले निर्देशनविपरित कुनै पनि कार्यक्रम प्रसारण गरेको पाइएमा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १७ बमोजिम कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारी गराउँदछु ।

यो पत्रले सरकारले जथाभावी आदेश दिने गरेको सत्यलाई स्पष्ट रूपमा उजागर गरिदियो । पत्रमा माघ २० गतेको राजपत्रमा प्रकाशित सूचनालाई उद्धृत गर्दै मनोरञ्जनात्मकबाहेक अन्य कुनै कार्यक्रम प्रसारण नगर्न भनिएको छ, जबकि माघ २० गतेको सूचनामा न त्यस प्रकारको शब्द थियो, न त सार नै ।

*दुरुपयोगको दाउ*

'विशुद्ध मनोरञ्जनात्मक' कार्यक्रम मात्र प्रसारण गर्न आदेश दिएको भोलिपल्टै २०६१ फागुन २७ गते सूचना तथा सञ्चार मन्त्रालयले देशभरिका एफएम रेडियो स्टेसनहरूलाई अर्को आदेश जारी गऱ्यो । यो आदेश भने 'प्रसारण नगर्न' नभएर 'प्रसारण गर्न' का लागि दिइएको थियो । 'रेडियो तथा एफएम स्टेसनहरूबाट सन्देशहरू राष्ट्रिय प्रसारण नियमावलीको नियम ८ को खण्ड (ञ)[१७] अनुसार प्रसारण गराउने' भनेर दिइएको मन्त्रालयको आदेशमा लेखिएको थियो–

---

[१७] राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (ञ) मा 'मन्त्रालयले आवश्यक सम्झी तोकिदिएका अन्य सर्तहरू पालना गर्नुपर्ने' प्रावधान छ ।

> उपर्युक्त विषयमा हालको परिस्थितिलाई मध्यनजर राखी विभिन्न समूहहरूलाई लक्षित गरी उपयुक्त सन्देशहरू समायोजन गरी एफएम रेडियो स्टेसनहरूबाट प्रसारण गर्न समसामयिक रेडियो सन्देशहरू तयार पारिएको सी.डी. थान १ यसैसाथ संलग्न गरी पठाइएको छ । उल्लेख भएबमोजिम त्यहाँबाट प्रसारण गरी प्रचार प्रसार गर्ने व्यवस्था हुन निर्णयअनुसार अनुरोध गर्दछु ।

सीडी रक्षा मन्त्रालय, बलाधिकृत विभाग (व्य.यू.म.नि.को का), युद्धकार्य महाशाखा, शाही नेपाली जंगी अड्डालाई बोधार्थ दिएर रेडियो स्टेसनहरूमा पठाइएको थियो । सेनाको इच्छामुताविक मन्त्रालयले पठाएको बुझिने यो सीडी सुरक्षा सतर्कतासम्बन्धी सन्देशहरूले युक्त थियो । सीडीमा चारओटा सन्देश भरिएका थिए । एउटा, नचिनेका नजानेका वस्तुहरू नछुनू, नचलाउनू र त्यस्ता वस्तुहरू देखेमा नजिकको सुरक्षा निकायमा खबर गरेर जिम्मेवार नागरिक र अभिभावकको भूमिका निर्वाह गर्नू भन्ने सन्देश थियो । अर्को, त्यही सन्देश दिने तर नाटकीय प्रस्तुति रहेको रेडियो सन्देश थियो, जसमा बाटोमा हिंडिरहेका आमा-छोरामध्ये बाटामा एउटा राम्रो पोको देखेपछि आमाले लिन जान खोजेको तर छोराले सम्झाएर त्यो पोको छुनबाट जोगाएको अवस्था चित्रण गरिएको थियो । बाँकी दुईओटा सन्देशमध्ये एउटामा 'आजै आएर सुरक्षा निकायमा आत्मसमर्पण गर्न' माओवादीलाई आह्वान गरिएको थियो भने अर्कोमा आतंककारी गतिविधि राज्यविरुद्धको क्रियाकलाप भएकाले त्यस्तो गतिविधिमा संलग्न व्यक्तिहरूलाई खान बस्न नदिनू र देखिएमा नजिकको सुरक्षा निकायमा खबर गर्नू भन्ने सन्देश थियो ।

एउटैमा पनि सन्देशदाताको नाम नखुलाइएकाले यी सन्देश प्रसारण गर्नु रेडियोका लागि पेशागत आचरण अनुकूल हुँदैनथ्यो । त्यसैले अघिल्ला दुई सन्देश कतिपय रेडियोले स्रोत खुलाएर (जस्तै- *रेडियो सगरमाथा*ले 'सौजन्य : रक्षा मन्त्रालय' भनेर) प्रसारण गरे । तर, पछिल्ला दुईओटा सन्देश त्यसरी पनि प्रसारण गर्न सकिने खालका थिएनन् । सुरक्षा निकायमा आत्मसमर्पण गर भनेर माओवादीलाई गरिएको आह्वान वा माओवादीलाई खान बस्न नदेऊ र तिनलाई देखेमा सुरक्षा निकायमा खबर गर भनेर जनतालाई गरिएको आह्वानले रेडियो स्टेसनहरूलाई माओवादी आक्रमणको निशाना बनाउने स्पष्टै थियो । त्यसैले ती दुवै समाचार कसैले पनि प्रसारण गरेन ।

यसै गरी २०६२ माघ २६ गते एकतर्फी रूपमा गरिन लागेको नगरपालिकाको चुनावमा भाग लिन आह्वान गरिएका सामग्री प्रसारण गरिदिने पत्र पनि रेडियोहरूलाई पठाइयो । सो चुनावको प्रचारप्रसारका लागि भनेर मात्रै सञ्चार मन्त्रालयमार्फत दुई करोड रुपियाँभन्दा बढी रकम बिना शीर्षक नै झिकिएको

थियो (खनाल २०६३) । निर्वाचन आयोगले विज्ञापन एजेन्सी संघमार्फत पठाएका सीडीमा भएका ती सन्देश प्रायः सबै रेडियोले प्रसारण गरे । *नेपाल एफएम, पश्चिमाञ्चल एफएम*लगायतका केही रेडियो स्टेसनले भने मुलुकका प्रमुख राजनीतिक दलहरूले बहिष्कार गरेको उक्त चुनावमा भाग लिन आह्वान गरिएका सन्देश प्रसारण नगरेर राजनीतिक अडान प्रस्तुत गरे ।

२०६२ चैत १७ गते गृह मन्त्रालयको शान्ति सुरक्षा शाखामार्फत विभिन्न रेडियोलाई 'सूचना' शीर्षक राखेर एउटा विज्ञापन सामग्री पठाइयो । सो सामग्री चैत १७, १८ र १९ गते बिहान र बेलुकाको समाचारअघिको समयमा प्रसारण गरी सो वापतको बिल भुक्तानीका लागि मन्त्रालयमा पठाउन भनिएको थियो । रेडियोलाई प्रसारण गर्न भनिएको 'अनुरोध' मा चैत ६ गते सात दल र माओवादीका बीचमा दोस्रो समझदारी भएपछि दलहरूले आम हडताल र विरोध प्रदर्शन जस्ता कार्यक्रम गर्ने र तिनमा माओवादीले आफ्ना कार्यकर्तालाई सक्रिय रूपमा सहभागी हुन आह्वान गरेको सन्दर्भ समेत उल्लेख गरिएको थियो । मन्त्रालयको सूचनामा लेखिएको थियो–

> कानुनद्वारा निषेध गरिएको विध्वंसात्मक एवं आतंककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एवं कडा सुरक्षा व्यवस्था मिलाएको छ । आतंककारीका गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारवाही गर्ने हुँदा आतंककारीले आयोजना गरेका वा आतंककारीहरू संलग्न हुने सम्भावना रहेको कुनै पनि गतिविधिबाट अलग रहन श्री ५ को सरकार सर्वसाधारण जनतामा अनुरोध गर्दछ ।

सरकार र विद्रोही दुवैप्रति तटस्थ रहेर काम गर्न चाहने स्वतन्त्र रेडियोकर्मीहरूले सो सूचनाप्रति आपत्ति जनाउँदै त्यसको प्रसारण गरेनन् । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले 'सरकारी विज्ञापनमा एकद्वार प्रणाली लागू गरेर स्वतन्त्र रेडियोहरूमाथि पूर्ण आर्थिक नाकाबन्दी लागू गरिरहेको सरकारले सरकारको पक्षपोषण गर्ने सूचना प्रसारण गर भन्ने आदेश पठाएर शुल्क दिन्छु भन्नु तातो फलामको झोल पिउन दिएजत्तिकै' हो भन्ने टिप्पणी गऱ्यो । उसको प्रश्न थियो– 'यसरी एकपक्षीय सूचना प्रसारण गर्न मिल्ने हो भने राजनीतिक दलहरूले पनि शुल्क तिरेर रेडियोबाट आफ्नो पक्षमा प्रचारवाजी गर्न मिल्दैन र ?' यसैगरी ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल र नेपाल पत्रकार महासंघले पनि यसप्रति आपत्ति जनाए । महासंघले सरकारलाई सूचना तत्काल फिर्ता लिन आग्रह गऱ्यो ।

यस्ता सूचनाहरू प्रसारण गर्न लगाएर राज्यले स्वतन्त्र रेडियोलाई आफ्नो स्वार्थपूर्तिको लागि दुरुपयोग गर्न खोजेको थियो । तिनलाई सशस्त्र विद्रोहीको समेत निशाना बनाउने र जबर्जस्ती द्वन्द्वमा धकेल्ने पनि सरकारको मनसाय देखिन्थ्यो ।

*आस र त्रासको उपाय*

२०६२ असार १ को *गोरखापत्र* दैनिकमा सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट 'फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र[१८] प्राप्त सबै संस्था/व्यक्तिहरूलाई' एउटा सूचना प्रकाशित गरियो । 'राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) अन्तर्गत प्रसारण गर्न नपाउने गरी सर्त तोकिएकोबारे' प्रकाशित उक्त सूचनाको व्यहोरा यस्तो थियो–

> राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) ले दिएको अधिकार[१९] प्रयोग गरी मन्त्रालयले एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम वा सामग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्न रोक लगाउने गरी सर्त तोकिदिएको छ । कसैले यसरी रोक लगाउने गरी तोकिएको सर्तविपरीत प्रसारण गरे, गराइएको पाइएमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ बमोजिम[२०] इजाजतपत्र रद्द तथा दफा १७ बमोजिम सजायसमेत हुने व्यहोरा पनि जानकारी गराइन्छ ।

यो सूचना प्रकाशित भएकै दिन सूचना तथा सञ्चार मन्त्रालयले एउटा विज्ञप्ति मार्फत प्रचलित कानुनको परिधिभित्र रही व्यवसाय सञ्चालन गर्न फ्रिक्वेन्सी मोडुलेसन प्रसारण संस्थाहरूलाई आह्वान पनि गर्‍यो । आह्वानमा प्रचलित कानुन, इजाजतपत्रका सर्त, समय-समयमा कानुनबमोजिम जारी गरिएका सूचना एवं निर्देशनको परिधिभित्र रही समाचारमूलक कार्यक्रम वा सामग्रीबाहेकका अन्य कार्यक्रम वा सामग्री प्रसारण गर्ने/गराउने विषयमा सदा झैँ प्रेस जगत् र यस्ता संस्थालाई पुर्‍याउनुपर्ने सहयोग र मद्दत गर्न श्री ५ को सरकार तयार रहेको बताइएको थियो (गोरखापत्र २०६२क) ।

एउटा सूचनाद्वारा धम्क्याउने र अर्को विज्ञप्ति मार्फत आस देखाउने सरकारको यो प्रयास उसका लागि फलदायी हुन सकेन । आर्थिक नाकाबन्दीले चाउरिएका

---

[१८] श्री रेन्बो एफएम प्रालिलाई दिइएको इजाजत पत्रको १२ नम्बरमा यस्तो लेखिएको छ– 'प्रसारण गरिने कार्यक्रमहरू: समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक' ।

[१९] राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ९ को खण्ड (झ) मा 'मन्त्रालयले समय-समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू' लाई 'प्रसारण गर्न नपाउने' भनिएको छ ।

[२०] राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ मा कुनै प्रसारण संस्थाले यो ऐन वा ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजत पत्र रद्द गर्नसक्ने व्यवस्था उपदफा (१) मा छ भने इजाजतपत्र रद्द गर्नुअघि श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मनासिव मौका दिनुपर्ने व्यवस्था उपदफा (२) मा रहेको छ ।

स्वतन्त्र रेडियोहरू 'सबै कुरा चुपचाप मानेर सरकारलाई सघाउने हो भने सरकारले पनि सहयोग दिनेछ' भनेर प्रलोभन दिँदा सरकारको विरोध गर्न छोडेर समर्थनमा आउलान् भन्ने सरकारको आशा, आशामै सीमित रह्यो । सरकारको यस्तो 'सहयोग' प्राप्त गर्न स्वतन्त्र रेडियोहरूले पटक्कै रुचि देखाएनन् ।

*सेनाको इच्छा अनुसरण*

यसबीच शाही सरकारले समूहगत रूपमा स्वतन्त्र रेडियोहरूलाई आदेश दिने रवैयामा परिवर्तन गरेर सञ्चार संस्था विशेषलाई तारो बनाउने उपायसमेत अवलम्बन गऱ्यो । यही क्रममा २०६२ जेठ १३ गते सूचना तथा सञ्चार मन्त्रालयले रेडियो कार्यक्रम उत्पादक तथा वितरक संस्था *कम्युनिकेसन कर्नर*लाई एउटा 'गोप्य' 'अति जरुरी' पत्र पठायो । मन्त्रालयका एक कर्मचारीले *कम्युनिकेसन कर्नर*का प्रबन्ध निर्देशक गोपाल गुरागाईंलाई बुझाएर हिँडेको पत्रमा भनिएको थियो– "त्यस कर्नरको सञ्चालन अवैधानिक तरिकाबाट गरेको भनी लेखी आएको हुँदा बन्द गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।"

कहाँबाट 'लेखी आएको' र के कारणले 'अवैधानिक' भनेर पनि नखुलाइएको सो एकवाक्यीय पत्रको बोधार्थ तथा कार्यार्थ रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई समेत दिइएको थियो । राजाको प्रत्यक्ष शासन सुरु भएपछि पनि सञ्चार संस्थालाई बन्द गर्न आदेश दिइएको यो पहिलो घटना थियो ।

यस्ता आदेशहरू कसको बुद्धिको प्रयोग गरेर जारी गरिन्छन् भन्ने स्पष्ट जानकारी त्यतिन्जेल कसैलाई थिएन, अनुमान मात्र लगाइन्थ्यो । यो आदेशविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि पो रहस्य खुल्यो- यस्तो काम सेनाको चाहनाअनुसार रक्षा मन्त्रालयबाट गरिँदो रहेछ । सूचना तथा सञ्चार मन्त्रालयमा रक्षा मन्त्रालयबाट 'लेखी आएको' रहेछ र त्यसको बोधार्थ शाही नेपाली जंगी अड्डाको बलाधिकृत विभागलाई दिइएको रहेछ (ढुङ्गेल २०६२क : २०) । *कम्युनिकेसन कर्नर*का प्रबन्ध निर्देशक गोपाल गुरागाईंले दिएको जानकारीअनुसार, रक्षा मन्त्रालयलाई भने रक्षा सचिवको संयोजकत्वमा रहेको सुरक्षा उपसमितिको बैठकले त्यस्तो सिफारिस गरेको रहेछ ।

उक्त पत्र पठाउने काममा नागरिक प्रशासन छायामा परेको थियो । यो सत्य मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्ट स्वयंले सार्वजनिक गरिदिनुभयो । *कम्युनिकेसन कर्नर*ले पत्र पाएको पर्सिपल्ट[२१] उहाँले भन्नुभयो– 'सञ्चार क्षेत्रलाई

---

[२१] राष्ट्रिय प्रजातन्त्र पार्टीको १६ औँ स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमपछि पत्रकारहरूसँगको कुराकानीमा ।

नियन्त्रण गर्ने विषयमा सरकारले कुनै निर्णय गरेको छैन ।' कम्युनिकेसन कर्नर बन्द गर्न सरकारले दिएको आदेशका सम्बन्धमा पत्रकारहरूले प्रश्न उठाउँदा उहाँको भनाइ थियो– 'यो विषयमा मन्त्रिपरिषद्मा कुनै छलफल नै भएको छैन' (हिमालय टाइम्स २०६२) । सूचना तथा सञ्चार मन्त्रालयले रक्षा मन्त्रालयलाई समेत बोधार्थ तथा कार्यार्थ जानकारी दिएर पत्र पठाउनु तर सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने विषयमा सरकारले कुनै निर्णय नगरेको जानकारी सरकारका उपाध्यक्षले दिनुले सबै काम सेनाकै इच्छा र योजनाअनुसार भइरहेको थियो भन्ने पुष्टि हुन्छ ।

यसैगरी सूचना तथा सञ्चार मन्त्रालयले २०६२ साउन १९ गते 'सफाई पेश गर्नेबारे' रेन्बो एफएम प्रालिलाई 'अति जरुरी' 'गोप्य' पत्र पठायो । नाम नखुलाइएका एक शाखा अधिकृतले हस्ताक्षर गरेर पठाएको त्यो पत्रको व्यहोरा यस प्रकार थियो–

> त्यस एफएम प्रा.लि. (इजाजत पत्र नं. एफ.एम. १०५।०६०।६१ ले नेपाल एफएम ९१.८ कलसाइन प्रयोग गरी प्रसारण गर्ने) ले सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) अनुरूप मिति २०६२।२।३१ मा तोकिएको सर्तविपरीत मिति २०६२।३।२३[२२], ०६२।३।२६ र मिति २०६२।४।१७ गतेमा समेत *राजधानी खबर* नाम दिई समाचार प्रसारण गरेको हुँदा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने कर्तव्य एवं कानुनी दायित्व भएकोमा आफूले पालना गर्नुपर्ने सर्तविपरीत समाचार प्रसारण गरेको देखिएकोले तहाँलाई जारी गरिएको उक्त इजाजतपत्र राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ (१) बमोजिम किन रद्द नगर्ने ? रद्द गर्नु नपर्ने कुनै कुरा सबुद प्रमाण भए सो सबै खुलाई राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को उपदफा २ बमोजिम ७ (सात) दिनभित्र यस मन्त्रालयमा सफाइ पेश गर्नु हुन मिति २०६२।४।१९ को निर्णयानुसार अनुरोध गर्दछु ।

कुनै पनि हालतमा, कुनै पनि किसिमको समाचार वा सूचना प्रसारण गर्न नदिने अड्डी सरकारले लिएपछि स्वतन्त्र रेडियोहरूबाट सञ्चालित महिला, बालबालिका, दलित, जनस्वास्थ्य, कृषि, साहित्य, मानवअधिकार शिक्षा, आत्मनिर्भरता, सामुदायिक

[२२] *नेपाल एफएम*ले २०६२ असार २३ गतेदेखि हरेक बिहान ८ र बेलुका ५ बजे *राजधानी खबर*को प्रसारण पुनः आरम्भ गरेको थियो । असार २३ गते शुभजन्मोत्सवको उपलक्ष्यमा राजा ज्ञानेन्द्रको जीवनी प्रसारण गर्न महाराजाधिराजका संवाद सचिवालय, राजदरबारबाट जीवनी संलग्न गरिएको पत्र प्राप्त गरेपछि उसले त्यसलाई समाचारको ढाँचामा प्रसारण गरेको थियो । र, शाही घोषणापछि बन्द हुन पुगेको रेडियो समाचारलाई समाचारकै ढाँचामा त्यही दिनदेखि *राजधानी खबर*को नाममा पुनः निरन्तरता दिएको थियो । राजाको जीवनी मनोरञ्जनात्मक सामग्री नभएकोले समाचारको रूपमा प्रसारण गरिएको कुरा असार २३ गतेको पहिलो बुलेटिनमै स्पष्ट पारिएको थियो । सरकारी पत्रमा उल्लेख गरिएका तीनओटा मिति भने सरकारले अनुगमन गरेका दिनका *राजधानी खबर* का बुलेटिन भएको बुझिएको छ ।

विकास, वातावरण, करिअर काउन्सिलिङ आदि सम्बन्धी कार्यक्रम पनि बन्द हुन पुगे । अरू त अरू, पोलियो थोपा खुवाउन बालबालिका ल्याउने सूचना, बालक हराएको सूचना र रक्तदानसम्बन्धी सूचनामा समेत रोक लगाइयो ।

### *कानुनको नाममा स्वेच्छाचारिता*

स्वतन्त्र रेडियोमा सूचना र समाचार निषेध गर्न सिंहदरबार न्वारनदेखिको बल निकालेर लागि परेको बेला सरकारकै स्थानीय निकायहरू भने आफ्ना सूचना/समाचार प्रसारित गराउन एफएम रेडियोलाई नै अनुरोध गरिरहेका हुन्थे । माघ १९ को एक महिनापछिदेखि डेढ महिनाको अवधिमा, सशस्त्र द्वन्द्वबाट सर्वाधिक प्रभावित मध्यपश्चिम क्षेत्रमा सरकारी कार्यालयहरूलाई नै अन्य क्षेत्रको तुलनामा स्वतन्त्र रेडियोको खाँचो बढी खड्किएको देखिन्छ ।

२०६१ फागुन २१ गते सूचना तथा सञ्चार मन्त्री टंक ढकाल नेपालगञ्ज पुगेर 'एफएम रेडियोले सूचनाको दुरुपयोग गरेको' आरोप लगाइरहेका थिए । त्यसै दिन त्यहाँको जिल्ला प्रशासन कार्यालय भने *बागेश्वरी एफएम* र *रेडियो भेरी आवाज*लाई आफ्नो सूचना प्रसारण गरिदिन बकाइदा पत्र पठाएर अनुरोध गरिरहेको थियो । उसको सूचना सरकारले खोजे जस्तो कुनै 'मनोरञ्जनात्मक सामग्री' पनि  थिएन । नागरिकको हिँड्डुल गर्न पाउने अधिकारमाथि बन्देज लगाउन जारी गरिएको त्यो सूचनाको बेहोरा यस प्रकार थियो–

> वर्तमान परिस्थितिलाई मध्यनजर गरी बाँके जिल्लाको चपरगौँडीदेखि पूर्व, मिलनचोकदेखि पश्चिम, महेन्द्र राजमार्ग र कोहलपुरदेखि उत्तरको रत्न राजमार्गमा अर्को व्यवस्था नहुन्जेलसम्मका लागि हरेक दिन राति ८ बजेदेखि भोलिपल्ट बिहान ४ बजेसम्म आपतकालीन सेवाका सवारीसाधनहरूबाहेक अन्य कुनै प्रकारका गैरसैनिक यातायातका साधनहरूलाई आवतजावत नगरी दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मध्यपश्चिमकै अर्को जिल्ला दाङको जिल्ला प्रशासन कार्यालयले पनि *रेडियो स्वर्गद्वारी*लाई यस्तै अनुरोध गरेको थियो । उसले २०६१ चैत १ गते रेडियोलाई पठाएको पत्रको व्यहोरा यस प्रकार थियो–

> यस जिल्लास्थित दुई नगरपालिका र विभिन्न ३० गाविसहरूमा तथा दाङ जिल्लामा पर्ने महेन्द्र राजमार्गमा समेत जारी गरिँदै आएको कर्फ्यू आदेशको समय मिति २०६१।१२।३ गतेदेखि परिवर्तन गरी सोही मितिदेखि अर्को आदेश नभएसम्म साबिकको स्थानहरूमा प्रत्येक दिन बेलुका ७:३० बजेदेखि भोलिपल्ट बिहान ४ बजेसम्म कर्फ्यू आदेश जारी गरिएकोले उक्त बेहोरा एफएमबाट प्रसारण गरिदिनु भई सहयोग हुन अनुरोध छ ।

बाँकेका प्रमुख जिल्ला अधिकारीले चैत ४ गते स्थानीय रेडियोहरूलाई 'निःशुल्क प्रसारण गरी सहयोग गरिदिन अनुरोध' गर्दै पठाएको 'सूचना' को उद्देश्य भने बेग्लै थियो । त्यसमा भनिएको थियो–

> भ्रष्टाचार नियन्त्रण शाही आयोगको नाउँबाट उजुरी दिन चाहने व्यक्तिहरूले आयोगको नामबाट यस जिल्ला प्रशासन कार्यालय, बाँकेमार्फत उजुरी दर्ता गर्न चाहेमा त्यस्तो उजुरी यस कार्यालयमा दर्ता गरी सो खामबन्दी उजुरी नखोली शाही आयोगमा पठाइने हुँदा यस्तो उजुरी दिन चाहने व्यक्तिहरूले आयोगको नामबाट जिल्ला प्रशासन कार्यालय, बाँकेमा उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कर्फ्यू लगाउने र अन्ततः गैरसंवैधानिक ठहरिएको शाही आयोगलाई सहयोग जुटाउने खालका मात्र होइन सामाजिक सुसंस्कृतिलाई बढावा दिने खालका र जनहितसँग सम्बद्ध सूचना प्रसारण गर्न पनि स्वतन्त्र रेडियोलाई स्थानीय प्रशासनले आग्रह गर्ने गरेका थिए । बाँके जिल्ला प्रशासन कार्यालयले स्थानीय रेडियोहरूलाई २०६१ चैत ८ र ९ गते अलग-अलग पत्र पठाएर यस्तै अनुरोध गरेको थियो–

> हिन्दूहरूको पर्व होली नजिक आइरहेको र उक्त पर्वलाई धार्मिक सहिष्णुतापूर्वक हर्षोल्लास र उत्साह तथा मर्यादित रूपमा मनाउन सम्पूर्ण दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक अनुरोध गरिन्छ । कसैले कसैको इच्छाविरुद्ध रंग अबिर दल्ने, लोला हान्नेजस्ता कार्य नगरी स्वेच्छापूर्वक मात्र होली खेल्ने वातावरण कायम गरी सदा झैँ शान्तिसुरक्षाको कार्यमा सहयोग गर्नुहुन अनुरोध गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले २०६२ कात्तिक १३ पोखराका चारओटै रेडियो स्टेसनलाई[२३] 'समाचार सम्प्रेषण गरी दिनेबारे' पठाएको पत्रमा यस्तो समाचार संलग्न थियो–

> जिल्ला प्रशासन कार्यालय कास्कीबाट खटिएको बजार अनुगमन टोलीले आज मिति २०६२।७।१३ गते पृथ्वीचोक र महेन्द्रपुल क्षेत्रका केही मिठाई पसलहरूमा निरीक्षण गर्दा अधिकांश मिठाई पसलमा अखाद्य रंग प्रयोग भएको र केहीमा विना रंगको मिठाईहरू बनाइने गरेको पाइयो । अखाद्य रंगहरूको प्रयोग भएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही हुने र कसुर प्रमाणित भएमा जरिवाना र कैदसमेत हुनसक्ने व्यहोरा जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

---

[२३] *रेडियो अन्नपूर्ण, माछापुच्छ्रे एफएम, हिमचुली एफएम र पोखरा एफएमका* साथै पत्रिकाहरू- *आदर्श समाज, पोखरापत्र* र *समाधान* दैनिक ।

अर्को मध्य-पश्चिमी जिल्ला सुर्खेतको जिल्ला प्रहरी कार्यालयबाट 'सूचना प्रसारण गरिदिनुहुन' भनेर पठाइएको एउटा पत्र स्थानीय *भेरी एफएम*को कार्यालयमा २०६१ चैत १४ गते पुग्यो । प्रहरी निरीक्षक मेखबहादुर खत्रीले दस्तखत गरी पठाएको सूचनाको व्यहोरा यस्तो थियो–

> विभिन्न कारणले रिक्त रहन गएको प्रहरी जवान पदमा नयाँ नियुक्तिद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले प्रहरी जवान पदमा नयाँ भर्ना हुने इच्छुक तथा निम्न क्राइटेरियाभित्र पर्ने सर्वसाधारण व्यक्तिहरूले मिति २०६१।१२।१५ गतेदेखि मिति २०६२।१।३ गतेसम्म इच्छुक उम्मेदवारहरूले आवेदन फारम भरी जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दर्ता गर्न हुन अनुरोध गरिएको छ ।

त्यसपछि 'क्राइटेरिया' खुलाइएको थियो । जिल्ला प्रहरी कार्यालय, सुर्खेतले नै २०६१ चैत २० गते कर्फ्यूको समय परिवर्तन भएको सूचना प्रसारण गरिदिन पनि *भेरी एफएम*लाई अनुरोध गरेर पत्र पठाएको थियो ।

जिल्ला प्रशासन कार्यालय दाङले २०६१ चैत ९ गते *रेडियो स्वर्गद्वारी*लाई पठाएको एउटा पत्र निकै रोचक थियो जसमा 'सूचनाको बेहोरालाई समाचारको रूपमा प्रसारण गरिदिनुभई' सहयोग गरिदिन अनुरोध गरिएको थियो ।

तर त्यही कार्यालयले २०६२ वैशाख ५ गते सोही रेडियोलाई 'कार्यक्रम प्रसारणबारे' पठाएको पत्रले भने आश्चर्यजनक रूपमा शीर्षासन गरेको थियो । पत्रमा भनिएको थियो–

> सूचना तथा सञ्चार मन्त्रालयको च.नं. २९७० मिति २०६२/१/५ को पत्रानुसार श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तिद्वारा लागू भएको संकटकालमा रेडियो स्टेसनहरूमा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कुनै कार्यक्रम प्रसारण नगर्न सबै एफएमहरूलाई निर्देशन जारी गरिएकोले सोबमोजिम गराउनू भनी लेखी आएकाले अब उप्रान्त त्यस सञ्चार केन्द्रबाट कार्यक्रम प्रसारण गर्दा उक्त निर्देशनको अधीनमा रही प्रसारण गर्न हुन अनुरोध छ ।

एउटै कार्यालयका यी दुई पत्रले सरकारको नीतिहीनतालाई प्रकट गरेका थिए । यस घटनाले स्थानीय प्रशासनलाई स्वतन्त्र रेडियोको आवश्यकता महसुस भएको तर सरकारले त्यसको वास्ता नगरी रेडियोको मुख थुन्ने ठाडो आदेश दिने गरेको अवस्थालाई झल्काइदिएको थियो ।

यसका साथै, स्थानीय स्तरमा पनि नागरिक प्रशासन र सुरक्षा प्रशासनका बीचमा व्यवहारगत अन्तर्विरोधहरू देखिएका थिए । स्थानीय प्रशासन तुलनात्मक

रूपमा उदार र सुरक्षा निकाय कठोर देखिन्थ्यो, यद्यपि नागरिक प्रशासनका व्यक्ति नै प्रमुख जिल्ला अधिकारीको हैसियतले जिल्ला सुरक्षा समितिको अध्यक्ष रहने व्यवस्था थियो । स्थानीय प्रशासनले समाचारमूलक कार्यक्रम प्रसारणका लागि लिखित अनुमति दिँदादिँदै पनि नेपालगञ्जस्थित *रेडियो बागेश्वरी*मा २०६२ जेठ १ गते सुरक्षाकर्मीले प्रसारण बन्द गराएका थिए । जिल्ला प्रशासन कार्यालय, बाँकेले जेठ १ गतेदेखि लागू हुने गरी राजसंस्था, सेना र माओवादीबाहेकका समाचार प्रसारण गर्न अनुमति दिएपछि सो एफएमले बिहान स्थानीय पत्रपत्रिकाका समाचार प्रसारण गरेको थियो । रेडियोका प्रबन्ध निर्देशक भेषराज पाण्डेका अनुसार दिउँसो करिब २ बजे जबर्जस्ती रेडियो स्टेसनभित्र पसेर सुरक्षाकर्मीहरूले समाचार बन्द गराएका थिए । त्यसको लगत्तै प्रशासनले रेडियोलाई अर्को पत्र पठाएर समाचारमूलक कार्यक्रम सञ्चालन नगर्न पुनः निर्देशन दिएको पनि उहाँले बताउनु भयो (राजधानी २०६२) । अनेकौं स्वेच्छाचारी उर्दीका बाबजुद अस्तित्व धानेका रेडियोहरूलाई सताउने कुनै मौका सरकारले छोडेन । बझाङको *साइपाल एफएम*मा टेलिफोन भए पनि फ्याक्स जोड्न नदिनु त्यसैको एउटा उदाहरण थियो । 'हामीले धेरै आग्रह गर्‍यौं, तर जडान गरेको फ्याक्ससमेत प्रयोगमा ल्याउन दिइएको छैन', उक्त एफएमका पत्रकार दीपक ओलीको भनाइ थियो (कान्तिपुर २०६२च ) ।

वस्तुतः स्थानीय निकाय मात्र होइन केन्द्रीय सरकारी निकायहरू समेत आवश्यकताअनुसार एफएम समाचारलाई गुहार्न पछि पर्दैनथे । उदाहरणका लागि, एफएमबाट समाचार प्रसारणमा प्रतिबन्ध लागिरहेको बेला सरकारको सूचना प्रविधि उच्चस्तरीय आयोगले समाचार संकलन गर्नका लागि पठाएको औपचारिक निम्तोलाई लिन सकिन्छ । राजाका प्रमुख भारदारमध्येका एक शरदचन्द्र शाहको अध्यक्षतामा रहेको आयोगको 'सूचना प्रविधिमा नेपाली भाषा निर्देशन समिति' ले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसँग मिलेर आयोजना गरेको राष्ट्रिय मानकीकरण तालिमको उद्घाटन कार्यक्रमको 'समाचार संकलन, प्रकाशन एवं प्रसारण गरिदिनुहुन अनुरोध' गरेर राजधानीका एफएम स्टेसनहरूलाई पत्र पठाइएको थियो ।[२४]

सरकारले २०६१ फागुन २६ गते जारी गरेको सूचनाअनुसार 'संकटकाल लागू रहेको अवस्थामा' भनेर सूचना तथा समाचारमूलक कार्यक्रमको प्रसारण

---

[२४] २०६२ असोज ४ गते हायात रिजेन्सी होटलमा आयोजित कार्यक्रमको मुख्य अतिथि वातावरण, विज्ञान तथा प्रविधिमन्त्री प्रकाश कोइराला हुनुहुन्थ्यो । यो पत्र *नेपाल एफएम*लाई प्राप्त भएको थियो ।

रोकिएको थियो । २०६२ वैशाख १६ गतेदेखि संकटकाल नरहेको सूचना वैशाख १७ गते सार्वजनिक भएपछि त्यो प्रतिबन्ध स्वतः फुकुवा हुनुपर्ने थियो । तर त्यसो भएन । संकटकाल समाप्त भएपछि पनि एफएम रेडियोहरूमाथिको संकट हटेन । संकटकाल फिर्ता भएको चार दिनपछि २०६२ वैशाख २१ गते काठमाडौँ जिल्ला प्रशासन कार्यालयले काठमाडौँ उपत्यकाका एफएम रेडियोहरूलाई एउटा निर्देशन जारी गर्‍यो । जिल्ला प्रहरी कार्यालयलाई समेत 'कार्यार्थ' दिइएको सो पत्रको व्यहोरा यस्तो थियो–

> श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१।१०।१९ को विज्ञप्तिद्वारा लागू भएको संकटकालमा रेडियो स्टेसनहरूको विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कार्यक्रम प्रसारण नगर्न मिति २०६१।१०।२० मा सबै एफएमलाई निर्देशन जारी गरिएकोमा उक्त निर्देशनको पूर्ण पालना गराउनु हुन भनी क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल विकास क्षेत्र, हेटौँडाको च.नं. २१०७ को मिति २०६२।१।१९ को पत्रबाट लेखी आएकोले उपरोक्तअनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ ।

काठमाडौँ उपत्यकाबाहिर पनि कहिले जिल्ला प्रहरी कार्यालय त कहिले जिल्ला प्रशासन कार्यालयले अनेक खालका पत्र लेखेर विशुद्ध मनोरञ्जनात्मकबाहेक कुनै पनि कार्यक्रम सञ्चालन नगर्न निर्देशन दिने क्रम जारी राखे । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका संयोजक तथा सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष रघु मैनालीका अनुसार, संकटकाल नरहेको अवस्थामा के कारणले कार्यक्रममा रोक लगाउनु पर्‍यो भन्ने कुरा उल्लेख नगरिएकाले स्वतन्त्र रेडियो प्रसारकहरूका लागि थप अन्योल तथा आक्रोशपूर्ण अवस्था सिर्जना हुँदै गयो ।

यसैबीच जिल्ला प्रशासन कार्यालय, पर्साले नारायणी अञ्चल प्रशासकको उपस्थितिमा बसेको सुरक्षा समितिको बैठकको निर्णयको हवाला दिएर *रेडियो वीरगञ्ज*लाई सूचनामूलक कार्यक्रमसमेत बन्द गरी 'सूचना मात्र' प्रसारण गर्न धम्कीपूर्ण पत्र पठायो । सूचनामूलकलाई समेत समाचारमूलक भन्ने व्याख्या गर्दै पठाइएको सो पत्रबाट स्वतन्त्र रेडियोको अस्तित्व नै समाप्त पार्ने सरकारी मनसाय प्रस्ट भएको थियो । स्वतन्त्र रेडियोहरूको समाचार प्रसारण गर्न पाउने संवैधानिक अधिकारबारे सर्वोच्च अदालतमा अग्राधिकारसहित छलफल चलिरहेकै अवस्थामा यस्तो पत्र थमाइएको थियो। २०६२ मङ्सिर १ गते स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले यसलाई 'घोर आपत्तिपूर्ण, स्वेच्छाचारी र जनताको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको ठाडो उल्लंघन गर्ने कुचेष्टा' को संज्ञा दियो । ब्रोडकास्टिङ

एसोसिएसन अफ नेपालले यसलाई निरंकुश सत्ताको अर्को स्वेच्छाचारी कदम भन्दै 'कुनै पनि तरिकाबाट आमनागरिकसम्म सूचनाप्रवाह हुन नदिने र अन्धकारमै राख्ने अन्धकारमुखी सोचमा रुग्णतापूर्वक लीन भएको' भनी टिप्पणी गऱ्यो ।

यस्तो गम्भीर परिस्थितिमा पनि स्वतन्त्र रेडियोका हिमायतीहरूले हरेस खाएका थिएनन् । शाही घोषणा हुँदा ठीक दुई महिना उमेर मात्रै पार गरेको राजधानीको *नेपाल एफएम* जस्तै शाही घोषणा हुनुभन्दा पाँच हप्ताअघि पुस १२ गते मात्रै सिद्धार्थनगरको सामुदायिक एफएम *रेडियो रुपन्देही*ले परीक्षण प्रसारण थालेको थियो । अझ उसको नियमित प्रसारण त शाही शासन कालको चरम दमनचक्रका बीच फागुन ७ गते सुरु भएको थियो । सो एफएमले सय दिन पूरा गरेको अवसरमा त्यसका स्टेसन म्यानेजर चिरन बरालले पत्रकार सम्मेलन गरेर सेन्सरसिपले एफएम स्टेसन संकटमा परेको जानकारी दिनुभएको थियो (नेपाल समाचारपत्र २०६२क) ।

## *कानुनमाथि नै हमला*

विद्यमान कानुनको प्रयोग गरेर सरकारले स्वतन्त्र रेडियोहरूलाई यथासक्य हैरानी दियो । तर त्यति मात्रले आफ्नो अभीष्ट पूरा हुन सक्ने उसलाई लागेन । फलतः सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्न नयाँ कानुन नै जारी गर्ने बाटो रोज्यो । गुपचुप भइरहेको यो तयारी २०६२ जेठको पहिलो हप्तामा विभिन्न पत्रपत्रिकामार्फत उद्घाटित भयो (ढुङ्गेल २०६२ख : १४९) । 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२' नाम दिएर तयार गरिएको यो अध्यादेशले विभिन्न छओटा[२५] ऐनलाई संशोधन गर्न लागेको थियो ।

*जनआस्था* साप्ताहिकले २०६२ जेठ ४ गते यसबारे समाचार छाप्दै अध्यादेशमा रहेका कतिपय प्रावधानसमेत सार्वजनिक गऱ्यो । समाचार अनुसार जेठ १ गते मन्त्रिपरिषद्का उपाध्यक्ष तथा कानुनमन्त्री डा. तुलसी गिरीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् विधेयक समितिको बैठकले सो अध्यादेश पारित गरी राजदरबार पठाएको थियो (जनआस्था २०६२) । जेठ ४ गतेको मन्त्रिपरिषद्को बैठकमा पेश हुने तयारीमा रहेको त्यो अध्यादेशका बारेमा *जनआस्था*ले लेखेको थियो– 'सञ्चारकर्मीहरूसँग सामान्य छलफलसमेत नगरी आउने भएकाले कालो कानुनको रूपमा तयार भएको बताइन्छ ।'

---

[२५] रेडियो ऐन, २०१४; राष्ट्रिय समाचार समिति ऐन, २०१९; छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८; प्रेस काउन्सिल ऐन, २०४८; राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा गाली र बेइज्जती ऐन २०१६ का विभिन्न दफाहरू ।

त्यसको लगत्तै जेठ ६ गतेको *सौर्य* साप्ताहिकले पनि यो अध्यादेशका बारेमा सतर्क गराउने प्रयास गऱ्यो । व्यङ्ग्यात्मक रूपमा प्रस्तुत समाचारको अंश यस्तो थियो–

> स्वतन्त्र प्रेसको उपभोगका नाममा एक्काइसौँ शताब्दीअनुकूल सक्रिय राजतन्त्रात्मक प्रजातन्त्रको विरोधमा बोल्ने मुखहरू, सावधान ! तपाईंहरूका पक्षमा नयाँ कानुन आउँदैछ । तपाईंहरूको पक्षमा तपाईंहरूको मुखमा पट्टी लाग्दैछ । एक्काइसौँ शताब्दीअनुकूल शाही शासनको बर्खिलापमा बित्थैमा मसी सक्ने कलमहरू, सावधान ! तपाईंहरूको पक्षमा तपाईंहरूका नीबमा शालीन पेरुङ्गो लाग्दैछ- तपाईंहरूको पक्षमा नयाँ कानुन आउँदैछ । जनताको विचार छापेर मुखमा माड लाउँछौँ भनेर गर्व गर्ने प्रेसहरू, सावधान ! तपाईंहरूको पक्षमा तपाईंहरूको ढोकामा साँचो हराएको भोटेताल्चा ठोकिँदैछ । तपाईंहरूको पक्षमा युग सुहाउँदो नयाँ कानुन आउँदैछ ।
>
> …आदेशका निम्ति मौसुफ सरकारका जुनाफमा पेश गरिएको छ । सम्भवतः आजै बस्ने मन्त्रिपरिषद्को बैठकले सो कानुन पारित गर्ने छ ।
>
> उक्त कानुन लागू भएपछि तपाईंले धेरै लेखिरहनुपर्ने छैन । किनभने, सत्तासीनलाई मन नपरेको एउटै समाचारमा तपाईंलाई 'मानहानि' उपहार प्राप्त हुने छ । …एक्काइसौँ शताब्दी प्रजातन्त्रको युग हो । प्रजातन्त्र मानव सभ्यता हो । प्रजातन्त्रमा लेख्न, बोल्न निर्धक्क पाइन्छ, कुनै बन्देज हुँदैन । अहिले प्रजातन्त्र सुदृढ हुँदैछ, मासिएको छैन । नयाँ-नयाँ कानुनबाट प्रेस स्वतन्त्रता व्यवस्थित बन्दैछ । धन्य, शाही कदम ! जय होस्, शाही सरकार ! (सौर्य २०६२) ।

यो अध्यादेशको विषयमा जेठ ७ गते *कान्तिपुर* दैनिकले विस्तृत समाचार छापेपछि सञ्चार जगत् थप उद्वेलित बन्यो ।

अध्यादेशले राष्ट्रिय प्रसारण ऐनलाई सबैभन्दा धेरै ठाउँमा संशोधन गरेको थियो । त्यसका सातओटा दफा संशोधनमा परेका थिए । त्यसअनुसार, राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २ को खण्ड (ग) मा रहेका 'वा टेलिभिजन' भन्ने शब्दहरू झिकियो । यसो गर्दा 'फ्रिक्वेन्सी मोडुलेशन प्रणाली' भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो …प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्छ भन्ने परिभाषा निर्धारण भयो । यो संशोधन आफैँमा गलत थिएन, बरु यसले साबिकको त्रुटि सच्याएको थियो । तर समग्रमा अध्यादेश स्वतन्त्र सञ्चारमाध्यमको गला रेट्ने गरी आएको देखिएपछि स्वतन्त्र सञ्चार जगत्को ध्यान त्यतै केन्द्रित हुन पुग्यो ।

सबैभन्दा आपत्तिजनक संशोधन दफा ५ मा गरिएको थियो । यो दफामा रहेका 'समाचारमूलक कार्यक्रम' शब्दको सट्टा 'सूचनामूलक कार्यक्रम' शब्द राखियो र 'स्पष्टीकरण' समेत थपियो । 'स्पष्टीकरण' मा लेखिएको थियो– "यस

दफाको प्रयोजनका लागि 'सूचनामूलक कार्यक्रम' भन्नाले स्वास्थ्य, शिक्षा, खेलकुद, जनसंख्या, वातावरण, मौसम वा सडक यातायातजस्ता विकास निर्माणसम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई जनाउनेछ ।" साविकको ऐनको दफा ५ ले एफएम रेडियोहरूलाई समाचारमूलक कार्यक्रम प्रसारण गर्ने अधिकार दिएकोमा अध्यादेशले त्यसलाई समाप्त पार्‍यो र त्यसको ठाउँमा सूचनामूलक कार्यक्रम प्रसारण गर्नुपर्ने भयो । त्यस्तो सूचनामूलक कार्यक्रम पनि स्वतन्त्र आधारमा नभई राज्यले तोकिदिएको कोटि अन्तर्गत रहेर मात्र प्रसारण गर्नुपर्ने भयो । यसले रेडियोबाट बोल्ने कुराहरूको सीमारेखा नै निर्धारण भयो । यसै दफाको आधारमा मुलुकका राजनीतिक दल र तिनका गतिविधिहरूको सूचना प्रवाह गर्न रेडियोहरूमाथि बन्देज लाग्ने व्यवस्था गरियो । दलगत गतिविधिलाई संविधानले नै रोक्न नसक्ने व्यवस्था गरेकोमा रेडियोमा मात्रै रोक्न खोज्नु आफैँमा अवैधानिक, अस्पष्ट र तर्कहीन कुरा थियो । खास गरी सरकार र सरकार समर्थकहरूले रेडियो समाचारको विरोधमा बोल्दा स्वतन्त्र रेडियोका पक्षधरहरूले इजाजतपत्रका आधारमा समाचार प्रसारण गर्ने गरेको भनेर प्रतिवाद गरिरहेका थिए । तसर्थ त्यसरी समाचार प्रसारणको अधिकार दिने कानुन नै बदलेर सरकारले रेडियो समाचारमाथिको बन्देजलाई वैधानिकता दिनका लागि यो दफा संशोधन गरेको थियो ।

दफा ६ पछि देहायको दफा ६(क) थपिएको थियो–

> ६(क) : इजाजतपत्र वा प्रमाण नदिइने : (१) प्रचलित कानुन वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्ति वा संगठित संस्थालाई एकै पटक वा पटक-पटक गरी रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईभन्दा बढीको इजाजतपत्र वा प्रमाणपत्र दिइने छैन ।
>
> (२) प्रचलित कानुन वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि कुनै व्यक्ति वा संगठित संस्थाले रेडियो, टेलिभिजन र प्रकाशनको इजाजतपत्र वा प्रमाणपत्र पाएको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट गरी बाँकीको हकमा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था गर्नुपर्नेछ ।
>
> (३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले रेडियो, टेलिभिजन वा प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्न छनोट नगरेमा वा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था नगरेमा श्री ५ को सरकारले निजको रेडियो वा टेलिभिजन प्रसारण गर्न पाएको इजाजत पत्र रद्द गर्नेछ ।

दफा ६ को यो थप व्यवस्थाअनुसार, सञ्चारमा एकाधिकार लगानीलाई निरुत्साहित मात्र नभएर निषेध गरियो । त्यसो त नेपाल पत्रकार महासंघको बीसौँ महाधिवेशनले समेत सञ्चारमा एकाधिकार लगानीको नीतिगत रूपमा विरोध गरेको थियो । सरकारले त्यही नीतिको समर्थन हुने गरी अध्यादेश ल्याउन खोजेपछि प्रेस स्वतन्त्रताको लागि संघर्षरत महासंघलाई समेत तर्कको हिसाबले अप्ठ्यारो आइलाग्यो । प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने अभियानअन्तर्गत ल्याइएको अध्यादेशलाई समर्थन गर्ने कुरै थिएन तर आफैँले उठाउँदै आएका कतिपय विषयहरू पनि समेटिएकाले पूरै विरोध गर्न पनि सहज थिएन । यो द्विविधाग्रस्त मानसिकताको असर महासंघका नवनिर्वाचित[२६] सभापति विष्णु निष्ठुरीमा समेत देखियो । उहाँले एकाधिकार लगानीको सन्दर्भमा नीतिगत अडानलाई निरन्तरता दिनुको सट्टा राज्यले पूर्वाग्रहपूर्वक *कान्तिपुर*लाई लक्षित गरेर अध्यादेश ल्याउन खोजेको भन्ने विचार व्यक्त गर्नुभयो ।[२७] सञ्चारमा एकाधिकार लगानीप्रतिको महासंघको धारणासँग उहाँको धारणा मेल खाइरहेको थिएन; भलै अध्यादेशको मनसायबारे उहाँका विचारहरू जायज थिए ।

दफा ९ को उपदफा (१) मा रहेका 'संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी र विदेशी व्यक्ति वा' भन्ने शब्दहरू झिकिए । यसो गर्दा भू-उपग्रह केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्थामा संशोधन हुन पुग्यो । यसबाट 'कुनै व्यक्ति वा ...संगठित संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा स्वीकृतिका लागि श्री ५ को सरकारसमक्ष निवेदन दिनुपर्ने' व्यवस्था हुन गयो । यसबाट सञ्चारमा विदेशी लगानीलाई रोक्ने अडान प्रकट गर्ने काम भयो ।

दफा ११ पछि देहायको दफा ११ (क) थपियो । थप गरिएको व्यवस्था यस्तो थियो– "११ (क) स्वीकृति नलिई अन्य ठाउँबाट कार्यक्रम प्रसारण गर्न नहुने : कुनै पनि प्रसारण संस्थाले श्री ५ को सरकारको स्वीकृति नलिई एक ठाउँबाट प्रसारण भइरहेको कार्यक्रम एकैपटक अन्य ठाउँबाट प्रसारण गर्न पाउने छैन ।" यस व्यवस्थाले प्रसारण संस्थामाथि नियन्त्रण कायम गर्ने मनसाय राखेको थियो ।

साबिकको दफा १५ को सट्टा देहायको दफा १५ राखियो-

---

[२६] २०६२ वैशाख २० र २१ गते काठमाडौँमा भएको नेपाल पत्रकार महासंघको २१ औँ महाधिवेशनबाट सभापति विष्णु निष्ठुरीसहितको नयाँ नेतृत्व निर्वाचित भएको हो ।

[२७] कान्तिपुर टेलिभिजन नेटवर्कको २०६२ जेठ २३ गते वरिष्ट अधिवक्ता राधेश्याम अधिकारीसमेतको सहभागिता रहेको *फायर साइड* कार्यक्रममा भूषण दाहाललाई अन्तर्वार्ता दिँदै ।

प्रसारण गर्न नपाउने : कसैले पनि देहायको सामग्री प्रसारण गर्न पाउने छैन-

(क) राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू,
(ख) अश्लील किसिमका सामग्री,
(ग) सरकारलाई हिंसात्मक प्रयोग गरी हटाउने उद्देश्यका सामग्री,
(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने सामग्री,
(ङ) कुनै पनि जातजाति, भाषा, धर्म वा संस्कृतिलाई अपव्याख्या, अपहेलना, अपमानित वा अवमूल्यन गर्ने सामग्री,
(च) कुनै खास क्षेत्रमा बसोवास गरेको आधारमा कुनै पनि जातिलाई भेदभाव, अपहेलना, अपमानित वा अवमूल्यन हुने सामग्री,
(छ) नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत हुने सामग्री
(ज) प्रचलित कानुनबमोजिम प्रकाशन गर्न प्रतिबन्ध वा निषेध गरिएका कुरा वा सामग्री ।

साबिकको दफा १५ मा रहेको 'विज्ञापनमा प्रसारण गर्न नपाइने' व्यवस्थाको ठाउँमा 'प्रसारण गर्न नपाउने' व्यवस्था लागू गरेर विज्ञापन मात्र नभई सबैखाले प्रसारणमा उक्त विषयहरूमाथि बन्देज लगाउने दाउ खोजियो । थप ध्यान दिनुपर्ने कुरा के थियो भने साबिकको ऐनको दफा १५ (१) (ग) मा 'निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू' भन्ने रहेकोमा त्यो वाक्यांशबाट 'निर्वाचित' शब्द हटाइएको थियो । यसबाट 'अनिर्वाचित' सरकारको अभ्यास गर्ने राज्यको मनसायसमेत प्रकट हुन पुगेको थियो । मुलुकमा २०५६ सालपछि छ वर्षसम्म आम निर्वाचन हुन नसकेको र निर्वाचन गर्न नसकेकै कारण देखाएर राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थसमेत गरिसकेको पृष्ठभूमिमा ऐनको यो संशोधन विशेष अर्थपूर्ण थियो ।

दफा १७ को उपदफा (२) मा रहेका 'दस हजार रुपियाँसम्म जरिवाना' शब्दहरूको सट्टा 'एक लाख रुपियाँसम्म जरिवाना' शब्दहरू राखिए । यस्तो व्यवस्था राखेपछि 'कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले एक लाख रुपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने' नयाँ व्यवस्था भयो ।

यसका साथै गाली बेइज्जती ऐन २०१६ मा पनि संशोधन गरेर 'प्रकाशित गरेमा' शब्दको सट्टा 'प्रसारण वा प्रकाशन गरेमा' भन्ने व्यवस्था गरियो । यसबाट सो ऐन रेडियो र टेलिभिजनका हकमा पनि लागू हुने भयो । दफा ५ मा पनि बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा 'छापे खोदेमा' को सट्टा 'प्रसारण वा

प्रकाशन गरेमा' दण्ड सजाय गर्ने व्यवस्था गरेर विद्युतीय सञ्चारका माध्यमलाई समेटियो । त्यति मात्र नभएर कसैले अरू कसैको बेइज्जती गरेमा निजलाई पाँच हजार रुपियाँदेखि पचास हजार रुपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनसक्ने व्यवस्था दफा ५(१) मा गरियो । यसअघि यो रकमको अधिकतम सीमा नै पाँच हजार थियो र कैद दुई वर्षसम्म हुने व्यवस्था थियो । दफा ५(२) मा पनि 'कसैले अरू कसैको बेइज्जती हुन जान्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब कारण भई कुनै कुरा विद्युतीय वा अन्य सञ्चारको माध्यमबाट प्रसारण वा प्रकाशन गरेमा निजलाई दुई लाख रुपियाँदेखि पाँच लाख रुपियाँसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनसक्ने' कठोर व्यवस्था गरियो । दफा ६ मा समेत 'छापिएको वा खोदिएको' भन्ने शब्दको सट्टा 'प्रकाशन वा प्रसारण गरिएको' भन्ने शब्दहरू राखेर प्रसारणका माध्यमलाई पनि सजायको दायराभित्र तान्ने काम भयो । यसका साथै सो दफाअनुसार गाली बेइज्जती हुने कुनै काम गरेमा 'एक सय रुपियाँसम्म जरिवाना' हुने व्यवस्थालाई बढाएर 'पाँच हजार रुपियाँदेखि पचास हजार रुपियाँसम्म' पुऱ्याइयो । यसरी अधिकार कटौती गर्दै दण्ड सजाय बढाउने काम शाही सरकारले गऱ्यो । प्रेस जगत्लाई प्रेससँग सम्बन्धित कानुनका आधारमा व्यवहार गर्नुको सट्टा आम फौजदारी वा अरू कानुनको आधारमा कारवाही गर्ने बाटो सरकारले रोज्यो ।

यो अध्यादेश आउनुअघि करीब ५ महिनासम्म यसको सार्वजनिक विरोध भइरह्यो । त्यस अवधिभरि सरकारले विधेयक ल्याउन लागेको स्वीकार्ने र त्यसबारे पारदर्शी किसिमले छलफल चलाउने हिम्मत गरेन । बरु, फूलपातीदेखि दशैंको लामो विदा सुरु हुन लागेको मौका छोपेर त्यसको अघिल्लो दिन २०६२ असोज २३ मा सो अध्यादेश *नेपाल राजपत्र*मा प्रकाशित गऱ्यो । सम्भावित प्रतिक्रिया र प्रतिरोधबाट सकेसम्म बच्न सरकारले यो 'चोरबाटो' रोजेको थियो । चाडबाडले छोपिसकेका कारण तत्काल संगठित विरोध नभए पनि अध्यादेशका कारण पत्रकारहरूको दशैं आन्दोलित मनस्थितिमा बित्यो । यद्यपि मणिराज उपाध्याय, पुष्करलाल श्रेष्ठ, पी. खरेल लगायतका केही पत्रकारहरू भने नेपाली पत्रकारिताले बाटो बिराएकोले अनुशासन कायम गर्न अध्यादेश ल्याउनु परेको भनेर अध्यादेशको प्रतिरक्षा गर्दै हुनुहन्थ्यो (ज्ञवाली २०६२) ।

*शक्तिको शासन*

अध्यादेश लागू गराउने काम सरकारले दशैं सकिने बित्तिकै थाल्यो । कोजाग्रत पूर्णिमाको दुई दिनपछि २०६२ कात्तिक २ र ३ गते सूचना तथा सञ्चार

मन्त्रालयले सूचना निकालेर सञ्चार अध्यादेश उल्लंघन गर्नेलाई कारवाही गर्ने चेतावनी दियो । एक ठाउँबाट प्रसारण भइरहेको कार्यक्रम एकैपटक अन्य ठाउँबाट पनि प्रसारण गर्ने कार्य नगर्न, नगराउन सबै प्रसारण संस्थालाई सूचित गरियो ।

यसका साथै अध्यादेशले 'सूचनामूलक कार्यक्रम' मात्र प्रसारण गर्न पाइने व्यवस्था गरेको र सूचनामूलक कार्यक्रमलाई 'स्वास्थ्य, शिक्षा, खेलकुद, जनसंख्या, वातावरण, मौसम वा सडक यातायातजस्ता विकासनिर्माणसम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई जनाउनेछ' भनी परिभाषितसमेत गरेको हुँदा उक्त व्यवस्थाअनुसार सबै फ्रिक्वेन्सी मोडुलेशन प्रसारण संस्थाबाट समाचारमूलक कार्यक्रम प्रसारण नगर्न, नगराउन पनि मन्त्रालयले सूचित गऱ्यो । यो व्यहोराको पत्र कात्तिक २ गते *कान्तिपुर एफएम*मा पनि पठाइयो, जसमा कानुन बर्खिलाप गरी कार्यक्रम प्रसारण गरे गराएमा राष्ट्रिय प्रसारण ऐन २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम कारवाही हुने चेतावनी दिइएको थियो ।

यसको पर्सिपल्ट कात्तिक ४ गते कार्यालय समय सकिएपछि पाँच जनाको समूहमा प्रहरी टोलीसमेत लिएर सूचना तथा सञ्चार मन्त्रालयका अधिकारीहरू ललितपुर, पुल्चोकस्थित *कान्तिपुर एफएम*मा पुगेका थिए । उनीहरूले सुरुमा आफूहरू एफएमको प्राविधिक निरीक्षण गर्न मात्र आएको जनाए । एफएम व्यवस्थापनले निरीक्षणका लागि पत्र देखाउन आग्रह गऱ्यो । अधिकारीहरूले अघिल्लै दिन पत्र पठाएको दाबी गरे तर एफएमले भने त्यस्तो पत्र नपाएको जनायो ।[२८] त्यतिबेला उनीहरूले एफएमको भेडेटारसँगको लिङ्क कुनै पनि हालतमा काट्ने आदेश दिएर आफूहरूलाई खटाइएको बताएका थिए । एफएमले भने आफूले कुनै गैरकानुनी काम नगरेको र सरकारको अनुमतिपत्र लिएर पूर्वाञ्चल प्रसारण गरिरहेको जनाएको थियो । त्यसपछि अधिकारीहरू निरीक्षण र छानवीन पूरा भएको र त्यसको प्रतिवेदन मन्त्रालयमा दिने बताएर राति सवा ८ बजे फर्किएका थिए ।

त्यसको तीन घण्टापछि अकस्मात् छापामार शैलीमा चारओटा प्रहरी भ्यानमा करीब २५/३० जना प्रहरीका साथ दिउँसोकै सरकारी टोली *कान्तिपुर एफएम*को स्टुडियोमा पुगेको थियो र एफएमका कर्मचारीहरूलाई धम्क्याएर विभिन्न उपकरणहरू लिएर गएको थियो । टोलीले स्याटेलाइट लिङ्कका इन्कोडरहरू,

---

[२८] *कान्तिपुर एफएम*ले २०६२ कात्तिक ५ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार ।

स्याटेलाइट मोडेम, डिजिटल अडियो रिसिभरलगायतका आठ थान उपकरण जबर्जस्ती लगेर कान्तिपुरको पूर्वाञ्चल प्रसारण रोकिदिएको थियो । त्यस क्रममा टोलीका सदस्यहरूले त्यहाँ कार्यरत कर्मचारीहरूलाई टेलिफोन गर्नबाट समेत वञ्चित गरेका थिए । *कान्तिपुर एफएम*ले यो घटनालाई 'सरकारी लुटपाट' को संज्ञा दियो र यसलाई 'सम्पूर्ण सञ्चारमाध्यममाथिको आक्रमण' ठहर गर्दै सबै सञ्चारकर्मीहरूलाई 'सजग भई प्रेस स्वतन्त्रता र मौलिक हकका लागि दृढ रहन' आग्रहसमेत गऱ्यो । सञ्चार अध्यादेश निर्माण गर्दा सञ्चारकर्मीसँग छलफल गरेको दाबी सरकारका प्रवक्ताले कात्तिक ८ गते गर्नुभएको थियो । उहाँको भनाइलाई महासंघले 'भ्रममा पार्ने दुष्प्रयास' बतायो । महासंघका सभापति विष्णु निष्ठुरीले 'राज्यको डकैती शैलीबाट किन्चित् विचलित नभै स्वतन्त्र रूपमा समाचार प्रसारण जारी राख्न' सम्पूर्ण एफएम रेडियो सञ्चालकहरूसँग आग्रह गर्नुभयो ।

कात्तिक ६ गते *कम्युनिकेसन कर्नर*ले गैरराजनीतिक विषयहरूमा चलाउँदै आएको *नेपाल दर्पण* पनि बन्द भएको घोषणा गऱ्यो । कर्नरको भीस्याट काटिएकाले कार्यक्रम बन्द गरिएको थियो । भीस्याट लिङ्क सरकारको आदेशानुसार काट्नुपरेको जानकारी सेवा प्रदायक मर्कन्टाइल कम्युनिकेशन्सले दिएको थियो ।[२९] यो जानकारीलाई कर्नरले सार्वजनिक भने गरेन ।

कात्तिक ६ गते नै सरकारले काठमाडौँ उपत्यकामा रहेका एफएमका प्रतिनिधिहरूको बैठक बोलायो । बैठकमा समाचारमूलक कार्यक्रम नगर्न र सूचनामूलक कार्यक्रम मात्र प्रसारण गर्न भनियो । तर एफएमहरूले त्यो आदेश मानेनन् । फलतः कात्तिक ९ गते अध्यादेशकै हवाला दिएर मन्त्रालयले *कान्तिपुर एफएम*लाई म्यादसहितको अर्को पत्र पठायो जसमा समाचारमूलक कार्यक्रम नै प्रसारण गरिरहेकाले इजाजतपत्र किन रद्द नगर्ने भन्ने कारण खुलाएर २४ घण्टाभित्र लिखित सफाइ पेश गर्न भनिएको थियो । पत्रमा सफाइ पेश नगरेमा वा सन्तोषजनक नलागेमा वा म्यादभित्र पेश हुन नआएमा रेडियोको प्रसारण इजाजतपत्र नै रद्द गर्ने चेतावनी पनि दिइएको थियो ।

केही समयदेखि स्वतन्त्र रेडियोहरूलाई अलग अलग बोलाएर सरकारले तयार पारेका कागजमा सही गराउने, प्रसारित सामग्रीको फेहरिस्त माग्ने तथा अदालतमा विचाराधीन अध्यादेशको पालना नगरे रेडियो बन्द गरिदिने भनी धम्क्याउने जस्ता काम सूचना तथा सञ्चार मन्त्रालयले गर्दै आएको थियो । यस क्रममा २०६२ कात्तिक २० मा मन्त्रालयले स्वतन्त्र रेडियो स्टेसनहरूलाई फेरि

---

[२९] *कम्युनिकेसन कर्नर*का अध्यक्ष मन्टेश्वरी राजभण्डारीबाट प्राप्त जानकारी ।

स्पष्टीकरणका निम्ति बोलायो । समाचारमूलक कार्यक्रम प्रसारण भए नभएको लिखित जानकारीसहित केही घण्टाभित्र उपस्थित हुन मन्त्रालयले त्यस दिन मौखिक आदेश दिएको थियो । *इमेज, क्लासिक* लगायत काठमाडौँका केही रेडियो स्टेसनका प्रतिनिधि समयमै मन्त्रालय पुगेका थिए तर सबै एफएमहरू उपस्थित नभएकाले फेरि आउन भनेर उनीहरूलाई फर्काइएको थियो । समाचार प्रसारण गरिरहेको *नेपाल एफएम*ले भने मन्त्रालयको आदेशलाई अवज्ञा गरिदिएको थियो (कान्तिपुर २०६२ख) । अरू केही एफएम स्टेसन पनि सरकारी आदेशको अवज्ञा गरेर मन्त्रालय गएनन् । 'अनुगमनका सिलसिलामा' २१ र २२ गते पनि केही रेडियो स्टेसनहरूलाई मन्त्रालयमा बोलाइएको थियो ।

सरकारले २०६२ मङ्सिर १२ गते दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियो *रेडियो सगरमाथा* बन्द गरायो । *बीबीसी* नेपाली सेवामा मङ्सिर १२ गते राति नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको अन्तर्वार्ता प्रसारण हुने विज्ञापन बजेको थियो । रेडियो सगरमाथाले उक्त सेवाको रिले प्रसारण गर्ने गरेको भए पनि तत्कालीन परिस्थितिलाई दृष्टिगत गरी सो अन्तर्वार्ता प्रसारण नगर्ने तयारीस्वरूप यसका सहकर्मीहरू त्यतिखेरको लागि एउटा सांगीतिक धुन ठिक्क पार्दै थिए, हातहतियारसहितका प्रहरीले रेडियो स्टेसन घेरिहाले (मगर र वाग्ले २०६२) । राति पौने ९ बजे आएको प्रहरी टोलीले *बीबीसी*को रिसिभर कब्जा गर्नुका साथै रेडियोको प्रसारण समेत बन्द गराएर त्यतिखेर रेडियो स्टेसनमा रहेका पत्रकार र प्राविधिकसमेत ५ जनालाई गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालय, जाउलाखेल पुऱ्याएको थियो । *कान्तिपुर एफएम*का उपकरण उसको सातौँ वार्षिकोत्सवको अघिल्लो दिन लगिएका थिए भने *रेडियो सगरमाथा*को सञ्चालक संस्था नेपाल वातावरण पत्रकार समूहको २० औँ वार्षिकोत्सवकै राति यो उत्पात मच्चाइएको थियो । पक्राउ गरिएकामध्ये दुर्गा कार्कीलाई केही बेर राखेर रिहा गरिएको थियो भने दीपकराज पाण्डे, दीपकबाबु अर्याल, पुण्य भण्डारी र प्राविधिक राजेन्द्र रिजाललाई भोलिपल्ट मात्रै छोडियो ।

सरकारी अधिकारीहरू रेडियो स्टेसनमा एकैसाथ दुईओटा पत्र छोडेर हिँडेका थिए । दुवै पत्र एउटै मितिमा लेखिएका थिए । तीमध्ये एउटा पत्रमा भनिएको थियो–

> तहाँ प्रसारण संस्थाले राष्ट्रिय प्रसारण ऐन २०४९ दफा १५ को खण्ड (घ) तथा इजाजत पत्रको सर्तविपरीत आतंककारी तथा आतंकवादलाई प्रोत्साहन पुग्ने कार्यक्रम प्रसारण गरेको पाइएको हुँदा प्रसारण कार्य अर्को आदेश नभएसम्म रोक्का गर्न राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (ञ) एवं नियम ९ (झ) बमोजिम प्रसारण कार्य रोक्का गर्न यो निर्देशन दिइएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयका वरिष्ठ प्राविधिक अधिकृत राजीवप्रसाद गुप्ताले हस्ताक्षर गरेको अर्को पत्रमा भनिएको थियो–

> तहाँ प्रसारण संस्थालाई २०६२ मङ्सिर १२ का दिन प्रसारण रोक्का राख्न राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ (ञ) तथा नियम ९ (झ) बमोजिम निर्देशन दिइएकोमा सो निर्देशनअनुरूप कार्य नगरी प्रसारण कार्य भई नै रहेको पाइएको हुँदा यस मन्त्रालयका इन्जिनियर गौरव गिरीका साथमा प्रसारण कार्यमा प्रयोग भएको यन्त्र/उपकरण अनुसन्धानको सिलसिलामा बुझाई पठाइदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

मङ्सिर १२ गते नै सरकारले काठमाडौँमा अर्को एफएम रेडियोको पनि आवाज बन्द गरिदियो । सरकारी प्रसारण माध्यम रेडियो नेपालको स्वामित्वमा रहेको १०३ मेगाहर्जमा प्रसारण हुने *बीबीसी* विश्वसेवाको २४ घण्टे प्रसारण त्यस दिन बन्द गराइएको थियो । बन्द गर्नुको कारण चाहिँ *रेडियो नेपाल*ले अरू केही नभनेर 'प्राविधिक' बताएको थियो । त्यो प्रसारण १२ घण्टापछि पुनः सुरु गरियो । त्यसअघि, माघ १९ पछि यो रेडियोको प्रत्येक घण्टाको १५ मिनेट प्रसारण अवरुद्ध गरिँदै आएको थियो । किनभने त्यो समयमा समाचार प्रसारित हुने गर्थ्यो ।

यस्तै घटना २०६२ फागुन २३ गते राति पोखरामा भयो । विद्युत् आपूर्ति बन्द भएको बेला जिल्ला प्रहरी कार्यालय, कास्कीसँगै रहेको *रेडियो अन्नपूर्ण* र फिसटेल अस्पतालका लागि चलाइएको जेनेरेटरको लाइन तीन जना प्रहरी गएर जेनेरेटरले 'डिस्टर्ब' गर्‍यो भन्दै बलजफ्ती काटिदिएका थिए (कान्तिपुर २०६२घ) । त्यसपछि सो एफएम रातभरि बन्द हुन पुगेको थियो । सो घटनाबारे 'भूलवश प्रहरीले गल्ती गरेको' भनेर जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रवि श्रेष्ठले माफी माग्दै कार्यालयबाट विज्ञप्ति निकालेका थिए ।

### *पराजित मन*

२०६२ जेठको सुरुदेखि नै सम्भावित अध्यादेशको व्यापक विरोध भए पनि राज्यले औपचारिक रूपमा कुनै प्रतिक्रिया नै नजनाइकन करिब एक महिना बितायो । त्यसपछि मात्र सूचना तथा सञ्चार मन्त्रालयका सचिव लोकमानसिंह कार्कीले मुख खोल्नुभयो– "प्रस्तावित सञ्चार अध्यादेशले प्रेस र सञ्चारकर्मीहरूको स्वतन्त्रतामा कुनै असर पार्दैन ।" उहाँको भनाइ थियो– "प्रेससम्बन्धी कानुन अहिलेकै अवस्थामा आए पनि पत्रकार र पत्रकारिताको स्वतन्त्रतामा एक इन्च कमी आउँदैन ।" उहाँले प्रस्तावित अध्यादेशले सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने नभई जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने दाबीसमेत गर्नुभयो । उहाँले मस्यौदा

विधेयकका सम्बन्धमा बाहिर आएका भ्रमपूर्ण हल्लाहरू निराधार हुन् त भन्नुभयो तर वास्तविकता के हो चाहिँ भन्नुभएन । अपारदर्शी राज्यसत्ताको चित्र पस्कने उहाँको भनाइ थियो– "अध्यादेश आएपछि सबै थाहा पाइहाल्नुहुन्छ" (गोरखापत्र २०६२) ।

आफ्नै मन्त्रालयको सचिवले कुरा खोलिसक्दा पनि मन्त्री टंक ढकाल भने यस्तो अभिनय गर्दै हुनुहुन्थ्यो, मानौँ अध्यादेशबारे उहाँलाई केही थाहै छैन । अध्यादेश नै नआइसकेको अवस्थामा अध्यादेशको विरोधमा आन्दोलन गर्नु भनेको पहाड फोरेर मुसा फेला पार्नु खोज्नु जस्तै हो भन्ने उहाँको टिप्पणी थियो । 'अनुमानको भरमा विरोध गर्ने अल्लारे' भनेर उहाँले आन्दोलनरत पत्रकारहरूलाई आरोप पनि लगाउनुभयो । साथै उहाँको दाबी के पनि थियो भने– प्रसारण माध्यमलाई व्यवस्थित गर्न सरकारले अध्यादेशमार्फत नीति ल्याउने तयारी गरिरहेको छ र सञ्चारमाध्यमको हकहितका लागि गहिरो चिन्तन गरिरहेको छ ।[३०] यद्यपि त्यसअघि उहाँले नै (जेठ १२ गते) पत्रकारहरूसँग कुरा गर्दै सञ्चारसम्बन्धी अध्यादेश छिट्टै आउने कुरा फुत्काइसक्नु भएको थियो[३१] (हिमालय टाइम्स २०६२क) ।

सरकारका तल्लो तहका मान्छेहरू मात्र होइन, सबैभन्दा माथिल्लो तहको मान्छे अर्थात् मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रले समेत सञ्चार जगत्लाई गुमराह बनाउन खोजेको देखियो । जेठको सुरुदेखि नै दुनियाँले थाहा पाइसकेका यस अध्यादेशका बारेमा जेठ १३ गतेसम्म पनि राजा ज्ञानेन्द्र भोलाभाला बन्दै आफूलाई केही थाहा नभएको बताइरहेका थिए । प्रेस काउन्सिलका पूर्व अध्यक्ष हरिहर विरहीले राजालाई "कानुन कडा पारेर पत्रकारहरूको सहयोग पाउन नसकिने" जनाउ दिँदै त्यसबारे विचार गर्न सुझावसमेत दिनुभएको थियो । तर राजाबाट अध्यादेशबारे आफूलाई थाहै नभएको प्रतिक्रिया जनाइयो ।[३२] राजाको प्रतिक्रियाबारे त्यसबेला *देशान्तर* साप्ताहिकले यसरी सतर्क गराएको थियो-

---

[३०] २०६२ असार ६ गते सूचना विभागको नियमित पत्रकार भेटघाट कार्यक्रममा ।

[३१] प्रेस काउन्सिलद्वारा ललितपुरको गोदावरीमा आयोजित 'नेपालमा छापा माध्यममा लैङ्गिक सवालको अनुगमन प्रतिवेदन' सार्वजनिक समारोहको उद्घाटन कार्यक्रममा ।

[३२] राजा : खै, मकहाँ त त्यस्तो केही आएको छैन । तपाईहरू नै कहाँबाट त्यस्तो पाएर छाप्नुहुन्छ !
विरही : पत्रकारहरूले शान्ति र प्रजातन्त्रलाई बल पुऱ्याइरहेका छन् । तर अहिले ऐनलाई कडा पार्नु....
राजा : मकहाँ त्यस्तो प्रस्ताव अहिलेसम्म आएकै छैन ।
विरही : आयो भने यसबारे सरकारले स्वयं विचार गरिबक्सनुपर्छ ।
राजा : हुन्छ-हुन्छ (देशान्तर २०६२) ।

"प्रस्तावित अध्यादेशको प्रेस जगत्‌ले कडा विरोध गरिरहेको मात्र छैन, देशभरिका पत्रकारहरू आन्दोलनमा उत्रिएका छन् । राजाको यो प्रतिक्रियाले पत्रकारहरूको आन्दोलनबाट तर्सेर सरकारले यो अध्यादेश तत्काल जारी नगर्ने मानसिकता बनाएको संकेत गर्छ । राजाको यो भनाइ पत्रकारहरूको संघर्षलाई शिथिल पार्ने ध्येयबाट प्रेरित रणनीति हुनसक्छ । पत्रकारहरूको ध्यान अन्यत्र मोडिएको बेला यो पक्कै जारी हुनसक्छ । तर, अब पनि कडा ऐन बन्यो भने त्यसको जिम्मेवारीबाट राजा मुक्त हुने छैनन् । राजाले अब 'मलाई प्रेसको भावना पहिल्यै थाहा भएन' भन्न मिल्दैन" (देशान्तर २०६२) ।

यसबाहेक, स्वतन्त्र रेडियोसँग सम्बन्धित विशेष कुरा मात्र पनि राजालाई पत्रकारहरूले भेटेरै भनेका थिए । पत्रकार पी. खरेलले माघ १९ को घोषणापछि एफएम रेडियोहरू मारमा परेको र उनीहरूले आन्दोलन गरिरहेको जानकारी राजालाई कतारको राजधानी दोहाको भ्रमणमा सँगै गएको बेला जानकारी दिनुभएको थियो ।[३३] तर, राजाले थाहा नपाई रेडियोहरूमाथि दमन हुन गएको वा समस्या परेको भए पो यसरी जानकारी दिएपछि राज्यको व्यवहारमा फरक पर्थ्यो !

मुख्य सचिव कार्कीकै स्वरमा स्वर मिलाउँदै सूचना तथा सञ्चार मन्त्रालयका निमित्त सचिव रत्नराज पाण्डेले समेत अध्यादेशले प्रेसको स्वतन्त्रतामाथि कुनै हस्तक्षेप नहुने बताउनुभएको थियो । उहाँले प्रस्तावित अध्यादेशले सञ्चारमाध्यमलाई नियन्त्रण गर्ने नभई जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने दाबीसमेत गर्नुभएको थियो । तर त्यो नाटकीय अभिव्यक्तिसँगै उहाँ स्वतन्त्र रेडियोहरूले समाचार प्रसारण गर्न नपाउने घोषणा गर्न चुक्नु भएन । पाण्डेको भनाइ थियो– "अध्यादेशअनुसार एफएमले समाचार भन्न पाउँदैन, सूचनामूलक कार्यक्रम भन्न पाउँछ । सूचनामूलक भनेको अध्यादेशमा स्पष्ट छ" (कान्तिपुर २०६२क) ।

आरम्भदेखि नै यो अध्यादेशको तीव्र विरोध भए पनि राज्यले जबर्जस्ती जारी गरेर 'राज हठ' प्रकट गरेको थियो । यसको विरोध गर्न पत्रकार र सञ्चारकर्मीहरू मात्र होइन राजनीतिक पार्टीहरू र नागरिक समाज समेत उत्तिकै क्रियाशील थिए । त्यसैले सरकारले डटेर र हिम्मतका साथ नभई डराई-डराई यो अध्यादेश जारी गरेको थियो । सरकारी संयन्त्रका तलदेखि माथिसम्मका पुर्जाले सधैं छलछाम र दोहोरो कुरा गरेर पराजित मानसिकताको परिचय दिएका थिए । आत्मविश्वासको अभावकै कारण उनीहरू आफूलाई थाहै छैन, अध्यादेश आउन

---

[३३] २०६२ असार १० र ११ गते काठमाडौँको बुढानीलकण्ठमा भएको स्वतन्त्र रेडियो राष्ट्रिय भेला उद्‌घाटन समारोहमा बोल्दै नेपाल प्रेस इन्स्टिच्यूटका महासचिव पी.खरेलले दिनुभएको जानकारी ।

लागेकै होइन भन्नेदेखि आए पनि प्रेस स्वतन्त्रतामा रत्तिभर फरक पर्दैन भन्नेसम्मका चित्र-विचित्रका र फरक-फरक कुरा गरिरहेका थिए ।

२०६२ असोज २३ गते जारी यो अध्यादेश ६ महिनाको अवधि पूरा गरेपछि संसदबाट अनुमोदन नभए स्वतः निष्क्रिय हुनसक्ने अवस्था थियो । त्यसलाई दृष्टिगत गरी २०६२ चैत २१ गते सरकारले समान विषयवस्तु समेटेर उही नामको अध्यादेश फेरि जारी गऱ्यो ।[३४]

*अध्यादेशको शृंखला*

यसैबीच सरकारले सञ्चार क्षेत्रलाई कज्याउने उद्देश्यले अरू अध्यादेश पनि जारी गर्ने तयारी गरिरहेको थियो । दर्जनौं विषय र क्षेत्रसँग सम्बन्धित अनेकौं अध्यादेश जारी गरेर एक किसिमले 'अध्यादेश राज' नै चलाइएको शाही शासनकालमा यो काम पनि गोप्य रूपमै चलिरहेको थियो । सम्बन्धित अधिकारीहरूका दर्पपूर्ण भनाइहरूबाट मात्र त्यसबारे प्रत्यक्ष-अप्रत्यक्ष जानकारी प्राप्त हुने गर्दथ्यो । सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणा प्रेसमाथि नियन्त्रण जमाउने कुरा खुल्लमखुल्ला घोषणा गर्दै हिँडिरहनुभएको थियो । उहाँका अनुसार जनतालाई कुसूचित गर्ने सञ्चारमाध्यमलाई नियन्त्रण गर्नका लागि कानुन बनाइन लागेको थियो ।[३५] सञ्चारमाध्यमले संविधानभित्र रहेर जनतालाई सूचना प्रवाह गर्न नसकेको आरोप पटक पटक लगाउने राज्यमन्त्री राणाले विद्यमान कानुनले सञ्चार जगत्लाई नियन्त्रण गर्ने अधिकार नदिएकोले नै पहिला कानुन बनाउने र त्यसैको आधारमा कारवाही गर्ने योजनासमेत बनाइसक्नुभएको थियो (राजधानी २०६२क) ।

२०६२ फागुन १२ गते राज्यमन्त्री राणाले एफएम रेडियोमा समाचार प्रसारण भएर समाजमा अस्थिरता र अन्योल सिर्जना भएको खोचे थाप्नुभयो । उहाँको खोचेथपाइ निरुद्देश्य थिएन । त्यसका पछाडि अर्को निरंकुश दाउ लुकेको थियो । त्यो थियो- प्रसारण प्राधिकरणको चाल । सरकारले प्रसारण प्राधिकरण गठन गरेर एफएम रेडियोमाथि अझ चर्को दमन गर्ने योजना बनाएको थियो र त्यस्तो दमनको औचित्य साबित गर्न उहाँ सुनियोजित रूपमा खोचे थाप्न अघि सर्नुभएको थियो । भएका स्वतन्त्र प्रसारण माध्यमलाई धराशायी बनाउने र नयाँ

---

[३४] २०६३ वैशाख ११ गते प्रतिनिधि सभा पुनर्स्थापना भएपछि वैशाख २६ गते मन्त्रिपरिषद्को बैठकले यो अध्यादेश खारेज गर्ने निर्णय गऱ्यो । २०६२ वैशाख २८ गते प्रतिनिधि सभाको बैठकमा सार्वजनिक महत्त्वको विषयमा वक्तव्य दिने क्रममा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले यो जानकारी दिनुभएको थियो ।

[३५] २०६२ माघ २४ गते सूचना विभागले सञ्चारग्राममा आयोजना गरेको पत्रकार सम्मेलनमा दिएको जानकारी ।

प्रसारण संस्था स्थापना हुनै नदिने नियतसाथ प्रसारण प्राधिकरण अध्यादेशको षड्यन्त्र रचिएको भनेर त्यसको पनि तत्काले विरोध सुरु भयो । नेपाल पत्रकार महासंघ यस्तो षड्यन्त्रबारे चनाखो थियो र प्रतिरोधका लागि आवश्यक तयारीसमेत गरिरहेको थियो ।[३६] महासंघले यस्तो षड्यन्त्रविरुद्ध बेलैमा सचेत भई संगठित प्रतिरोधका लागि एकजुट रहन प्रसारणमाध्यमका लगानीकर्ता र सञ्चारकर्मीहरूलाई अपीलसमेत गरेको थियो । राज्यमन्त्री राणा भने त्यसप्रति आश्चर्य व्यक्त गर्दै हुनुहुन्थ्यो । प्रसारण प्राधिकरण अध्यादेशसँग सम्बन्धित एउटा अन्तर्क्रियाको काठमाडौँमा उद्घाटन गर्दै उहाँले अध्यादेशले आकार लिन बाँकी नै रहेको दाबी गर्नुभयो । यस्तै कृत्रिम आश्चर्य त्यसअघि उहाँका पूर्ववर्ती सञ्चारमन्त्री टंक ढकालबाट पनि व्यक्त हुने गरेको थियो । ढकालको पालामा पनि ढाँटेर सञ्चार अध्यादेश जारी भएकोले राणाको दाबीलाई सबैले झुक्याउने थोत्रो चालका रूपमा बुझेका थिए । *(यस विषयमा 'प्राधिकरणका नाममा षड्यन्त्र' शीर्षक अन्तर्गत तल चर्चा गरिएको छ ।)*

यसका साथै अर्को अध्यादेशको पनि चर्चा थियो, जसलाई राज्यमन्त्री राणाले फागुन १२ गते नै पुष्टि गरिदिनुभयो । उहाँले फुर्तीसाथ सरकारले मिडिया काउन्सिल अध्यादेश पनि ल्याउन प्रयास गरिरहेको जानकारी दिनुभएको थियो । प्रेस काउन्सिलले विद्युतीय सञ्चार माध्यमहरूलाई नियमन गर्न नसकेको हुनाले मिडिया काउन्सिल ल्याउन लागिएको उहाँको तर्क थियो । त्यसअघि २०६२ फागुन १ गते आयोजित पत्रकार सम्मेलनमा उहाँले आतंककारीका अन्तर्वार्ता छाप्ने सञ्चारमाध्यमविरुद्ध कारवाही गर्न प्रेस काउन्सिल सक्षम नभए नयाँ मिडिया काउन्सिल आउने चेतावनी दिइसक्नुभएको थियो । त्यसको अघिल्लो हप्ता पनि उहाँले 'रिमोट कन्ट्रोल' बाट सञ्चालित र गलत सूचना प्रवाह गर्ने सञ्चारमाध्यमलाई नियन्त्रण गर्न नयाँ कानुनमार्फत मिडिया काउन्सिल बनाइने बताउनुभएको थियो । राणाको भनाइअनुसार, कानुन नभएकै कारण सञ्चारमाध्यमलाई कारवाही गर्न नसकिएकाले सरकार त्यसको गृहकार्यमा लागेको थियो (कान्तिपुर २०६२ग) ।

त्यसको करीब एक महिनापछि प्रेस काउन्सिलका अध्यक्ष माथवरसिंह बस्नेतले मिडिया काउन्सिलसम्बन्धी ऐन निर्माणको कार्य अन्तिम चरणमा रहेको खुलासा गर्नुभयो ।[३७] उहाँका अनुसार सञ्चार क्षेत्रलाई व्यवस्थित तथा मर्यादित

---

[३६] नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीले २०६२ माघ ५ गते जारी गरेको प्रेस विज्ञप्ति ।

[३७] सम्पादक प्रकाशक महासंघले २०६२ चैत १९ गते काठमाडौँमा आयोजना गरेको 'मिडिया काउन्सिल किन ?' विषयक छलफल कार्यक्रममा ।

बनाउनका लागि गठन गर्न लागिएको मिडिया काउन्सिल ऐन मन्त्रिपरिषद्मा गइसकेकोले त्यसमाथि छलफल गर्नुको कुनै औचित्य बाँकी थिएन । यस्तो काउन्सिल गठन गर्नुपर्ने माग पनि प्रेस काउन्सिलले नै गरेको थियो (अन्नपूर्ण पोष्ट २०६२) ।

## आर्थिक दमन

सरकारी दमन र प्रतिबन्धपछि स्वतन्त्र रेडियोहरू स्वयंले आर्जन गरेको लोकप्रियतामा कमी आएको थियो । सूचना र समाचार प्रसारण नभएपछि रेडियो सुन्नेहरूको संख्या यथावत् रहन सम्भव पनि थिएन । लोकप्रियता घटेपछि स्वाभाविक रूपमा बजारबाट उठ्ने विज्ञापन पनि घट्यो । यसैबीच सरकारले अरू स्वतन्त्र सञ्चारमाध्यमहरूसँगै रेडियोमाथि पनि आर्थिक नाकाबन्दी लगाइदियो । यसरी बजारबाट उठ्ने र सरकारी कोषबाट आउने रकममा बाँध लगाएर मात्र नपुगेर सरकारले रेडियोबाट थेग्नै नसकिने रकम असुल्ने दाउसमेत रच्यो ।

### *प्रतिकूल बजार*

समाचारमा प्रतिबन्ध लगाइएपछि रेडियोको लोकप्रियता घटेको थियो । फलस्वरूप विज्ञापनदाताहरू रेडियोबाट टाढिन थालेका थिए । उनीहरूले आफ्ना विज्ञापन सरकारी सञ्चारमाध्यम, पत्रपत्रिका वा टेलिभिजन च्यानलहरूतिर मोड्न थालेका थिए । *कान्तिपुर एफएम*का स्टेसन म्यानेजर प्रभात रिमालका अनुभवमा आर्थिक वर्ष २०६२/६३ को बजेटमा कतिपय व्यवसायीले स्वतन्त्र रेडियोलाई दिने विज्ञापनको खर्च नै छुट्टयाएनन् भने कतिपयले रेडियोलाई दिइसकेको विज्ञापन पनि फिर्ता लिए ।

यसो हुनुमा मुख्यतः चारओटा पक्ष प्रभावशाली देखिन्छन् । पहिलो, रेडियोमा समाचार नभएका कारण श्रोता घटेका थिए । शीघ्र समाचार पस्कने माध्यमका रूपमा परिचय बनाइसकेका रेडियोहरूको आकर्षण कम भएको थियो । सबैले गीत र गीति कार्यक्रम मात्र प्रसारण गर्ने भएपछि कुन रेडियो के कारणले भिन्न छ भनेर छुट्टिन छोडेको थियो । रेडियोहरू मनोरञ्जनका साधनका रूपमा सीमित भएका थिए । तुलनात्मक रूपमा गम्भीर श्रोताले रेडियोलाई बेवास्ता गर्न थालेपछि त्यसको प्रभाव अरू श्रोतामा पनि परेको थियो र सामान्यतः समाचार नसुन्ने श्रोताले समेत रेडियोको मतलब राख्न छोडेका थिए । श्रोता कम भएपछि विज्ञापन आउन स्वभावतः कम हुने नै भयो ।

दोस्रो कुरा, सरकारी विज्ञापनको एकद्वार नीति लागू भएपछि विज्ञापनदाताहरू थप सतर्क बने । सरकारले नै विज्ञापन नदिएको माध्यममा विज्ञापन दिनुहुँदैन भन्ने धारणाले पनि विज्ञापनदाताहरूले रेडियोलाई विज्ञापन दिन बन्द गरिदिएका थिए । यसबाट सरकारीसँगै निजी क्षेत्रको विज्ञापनमा पनि अनायास नाकाबन्दी लागेजस्तो हुन पुग्यो ।

तेस्रो पक्ष, सरकारले विज्ञापन नदिएको माध्यममा विज्ञापन दिँदा लेखा परीक्षण, कर लगायतका माध्यमबाट आगामी दिनमा अनेक झमेला आइलाग्न सक्छन् भन्ने आशंका र त्रास पनि विज्ञापनदाताहरूमा देखा पऱ्यो । यद्यपि त्यसको वस्तुनिष्ठ आधार थिएन र आधिकारिक रूपमा त्यस्तो चेतावनी पनि उनीहरूलाई कसैले दिएको थिएन । तैपनि, मनोगत विश्लेषणका भरमा नै स्वतन्त्र रेडियोलाई विज्ञापन दिनबाट उनीहरू पन्छिए ।

चौथो पक्ष राजनीतिक थियो । राज्यले नियन्त्रण र हतोत्साहित गर्न चाहेका सञ्चारमाध्यमलाई विज्ञापन दिनुको अर्थ हुन्थ्यो- ती माध्यमलाई सहयोग गरेको देखिनु । यसरी विज्ञापनको माध्यमबाट सहयोग गरेको देखिनुको अर्थ रेडियोसँगै मिलेर राज्यलाई चुनौती दिएको जस्तो लाग्नसक्छ भन्ने अनुमान र आशंका उनीहरूमा पैदा भयो । राज्यको मूल राजनीतिक चाहनाभन्दा बाहिर जान नचाहने व्यापार तथा वाणिज्य क्षेत्रको स्वभाव यसको मुख्य कारक बन्यो । उनीहरू रेडियोलाई विज्ञापन दिएर आफूलाई राज्य पक्षबाट अनावश्यक जोखिममा राख्न स्वाभाविक रूपमा नै चाहँदैनथे ।

### *आर्थिक नाकाबन्दी*

स्वतन्त्र रेडियोमाथि हमला गरेर निजी क्षेत्रको विज्ञापन नै नआउने वातावरण तयार गरिसकेपछि शाही सरकारले अख्तियार गरेको नीति थियो- सरकारी विज्ञापनमा नाकाबन्दी ।[३८] 'सरकारी विज्ञापनमा एकद्वार प्रणालीसम्बन्धी नीति २०६२' को नाम दिएर यो नीति ल्याइएको थियो । नीतिमा 'सार्वभौम नेपाली नागरिकले संविधानतः प्राप्त गरेको सूचनाको हकको प्राप्ति निर्बाध एवं सहज प्रचलन गराउन अहम् भूमिका निर्वाह गर्ने सञ्चारका माध्यमलाई सरकारी विज्ञापनमा सहजकर्ताको भूमिका निभाउनु राज्यको कर्तव्य' हो भन्ने उल्लेख गर्न भने छुटाइएको थिएन । सर्सर्ती हेर्दा 'प्रकाशन वा प्रसारण' का कुरा ठाउँ-

---

[३८] सूचना तथा सञ्चारमन्त्री टंक ढकालले २०६२ असार ६ गते सूचना विभागमा आयोजित सरकारी पत्रकार सम्मेलनमा यो नीति लागू भएको घोषणा गर्नुभएको हो ।

ठाउँमा उल्लेख गरिएकाले सरकारले प्रसारण माध्यमका रूपमा स्वतन्त्र रेडियोलाई पनि पहिचान दिएको र सहयोग गर्न खोजेको रहेछ भन्ने भान हुन्थ्यो । तर वास्तवमा यो नीतिले रेडियोलाई सरकारी विज्ञापन नै नदिने उपाय रचेको थियो । यसलाई स्पष्ट रूपमा बुझ्नका लागि दफावार चर्चा गर्नु आवश्यक हुन्छ ।

पहिलो कुरा त, नीतिको दफा २ र ३ मा अत्यन्त अव्यावहारिक र झन्झटिला व्यवस्था राखिए । रेडियो मात्र नभएर आम सञ्चारका सबै माध्यम र स्वयं विज्ञापनदाता बनेको सरकारका लागि पनि यो नीतिको कार्यान्वयन सहज थिएन । दोस्रो, सञ्चारमाध्यमको मूल्यांकनका आधारहरूले नै सरकारी विज्ञापन प्राप्त गर्नका लागि प्रेस स्वतन्त्रताको अधिकार सरकारसमक्ष समर्पण गर्न आग्रह गरेका थिए । 'राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताका प्रतीकका रूपमा नेपाल अधिराज्यको संविधान २०४७ ले मर्यादित स्थानमा राखेका राजसंस्थाप्रति प्रकट गरेको मर्यादा' लाई मूल्यांकनको प्रमुख आधारमध्ये एक मानियो । यसले स्पष्ट शब्दमा राजा र राजसंस्थाप्रति बफादार माध्यमलाई मात्र सरकारी विज्ञापन उपलब्ध गराउन सहज बनाइदियो ।

विज्ञापन प्राप्त गर्न चाहने सञ्चारमाध्यमले पूरा गर्नुपर्ने पहिलो सर्त नै यस्तो थियो– "आफ्नो सञ्चार माध्यममार्फत राष्ट्र, राष्ट्रियता र राजसंस्थाप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरेको हुनुपर्ने छ ।" यसबारेमा धेरै चर्चा गर्नु आवश्यक नै छैन । एकातिर सरकारले एफएम रेडियोमार्फत मनोरञ्जनबाहेक कुनै विचार अभिव्यक्त गर्न पाइँदैन भनेको थियो भने अर्कातिर राष्ट्र, राष्ट्रियता र राजसंस्थाप्रति व्यक्त गरेको प्रतिबद्धतालाई मूल्यांकनको आधार र विज्ञापन पाउने सर्त तोकिदिएको थियो । यो स्वयंमा 'चुप लागेर बोल' भनेर आदेश दिए जस्तै अप्राकृतिक कुरा थियो । 'विशुद्ध मनोरञ्जन' मात्र पस्किने स्वतन्त्रता दिइएको रेडियोले राजसंस्थाप्रति भक्तिभाव नै गर्न चाहे पनि ठाउँ छोडिएको थिएन । यसलाई अर्को कोणबाट हेर्दा राजसंस्थाको एकोहोरो प्रशंसा गर्न भने जति पनि छुट थियो ।

विज्ञापन पाउन पूरा गर्नुपर्ने अर्को सर्त थियो– 'श्रमजीवी पत्रकार ऐन, २०५१ र श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ को पूर्ण कार्यान्वयनको साथै प्रचलित ऐन कानुनको परिपालना गरेको हुनुपर्छ ।' यो एउटा सर्त नै रेडियोलाई विज्ञापन नदिनका लागि पर्याप्त थियो । श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ को दफा २ (ख) अनुसार यो ऐन छापा माध्यममा मात्रै प्रभावी हुने व्यवस्था छ । यस्तो स्थितिमा पहिलो कुरा त यो ऐन रेडियोमा लागू हुने कुरा नै विवादमा थियो भने दोस्रो कुरा समाचारमाथि प्रतिबन्ध लगाएर सरकारले स्वतन्त्र रेडियोमा पत्रकारहरू पनि काम गर्छन् भन्ने कुरालाई निषेध गरिसकेको थियो । यस्तो

अवस्थामा रेडियोमा श्रमजीवी पत्रकार ऐन लागू हुने कुरै आएन । यसरी सर्त र मूल्यांकनका आधारमा स्वतन्त्र रेडियोलाई पत्रकारविहीन बनाएर राज्यले पूर्णतः बहिष्कार नै गरिदियो । तिनमा काम गर्ने पत्रकारहरूलाई पत्रकारको परिचयपत्र नै नदिइएकाले पनि यसको पुष्टि भएको थियो । यसप्रकार स्वतन्त्र रेडियोहरूमा सरकारी विज्ञापन आउने बाटो पूरै बन्द गर्ने यो नीतिलाई सञ्चार जगत्ले 'गैरसरकारी सञ्चारमाध्यमलाई कथित राजमुकुटवादी बनाउने सरकारी षड्यन्त्र र चालबाजी' भन्ने ठहर गर्‍यो ।[३९]

२०६२ साल असोज १० गते सूचना तथा सञ्चार मन्त्रालयले यो विज्ञापन नीति कार्यान्वयन गर्ने निर्देशिका जारी गर्‍यो । नीतिको सरल कार्यान्वयन गर्नाका साथै विज्ञापनसम्बन्धी पारदर्शिता र व्यवस्थित वितरण प्रणालीलाई सहयोग पुर्‍याउने उद्देश्यले यो निर्देशिका ल्याइएको मन्त्रालयले जनायो । निर्देशिकामा सरकारी निकायका प्रमुखले प्रकाशन वा प्रसारण गर्नुपर्ने विज्ञापन सामग्री र सूचनाको नमूनासहित त्यस्तो सूचना वा विज्ञापन प्रकाशन प्रसारण गर्ने मितिभन्दा कम्तीमा १५ दिन अघि नै वितरण समितिमा पठाउनुपर्ने तथा सूचना वा विज्ञापनको ढाँचा, नमूना वा विषयवस्तु तयार गर्ने जिम्मेवारी सम्बन्धित निकाय प्रमुखको नै हुने लगायतका व्यवस्था गरिएको थियो (नेपाल समाचारपत्र २०६२ख) ।

त्यसो त २०६१ चैतको अन्तिम साता नै सरकारले मातहतका सबै कार्यालयलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउन निर्देशन गरिसकेको थियो । चैतको २९ गते सार्वजनिक भएको यो निर्देशनसँगै नेपालको कुल विज्ञापनको २५ प्रतिशत सरकारी सञ्चारमाध्यममा मात्रै एकोहोरिने भएको तथ्यांक पनि सार्वजनिक भएको थियो । यति मात्रले चित्त नबुझेपछि सरकारले नीति नै ल्याएर सरकारी विज्ञापनबाट स्वतन्त्र सञ्चारमाध्यमलाई बाहिर पारेको थियो ।[४०]

## *प्राधिकरणको नाममा षड्यन्त्र*

एकातिर स्वतन्त्र रेडियोहरूको बजार समाप्त पारेर र अर्कातिर सरकारी विज्ञापन बन्द गरेर सरकारले आर्थिक नाकाबन्दी गरेको थियो । दुवै उपाय रेडियोको आम्दानीमाथिका हमला थिए । त्यतिले नपुगेर उसले स्वतन्त्र रेडियोका विरुद्ध

[३९] नेपाल पत्रकार महासंघको एक्काइसौँ महाधिवेशनले विभिन्न प्रस्ताव पारित गर्दै औपचारिक रूपमा गरेको ठहर ।

[४०] शाही सरकारको पतनपछि बनेको सरकारले २०६३ जेठ १९ गते पूर्ववर्ती सरकारद्वारा लागू गरिएको सरकारी विज्ञापनमा एकद्वार नीति खारेज गर्‍यो । मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको थियो ।

अर्को उपाय अवलम्बन गर्ने योजना बनायो । त्यो थियो- रेडियोको लगानीमाथि नै प्रतिकूल प्रभाव पार्ने गरी प्रसारण प्राधिकरण गठन गर्ने चाल ।

टेलिभिजन र केवल टिभीसँगै स्वतन्त्र रेडियोलाई पनि नियमन गर्न भनेर सरकारले प्रसारण प्राधिकरण अध्यादेश ल्याउने तयारी गरेको थियो । प्राधिकरणको गठन सूचना तथा सञ्चार मन्त्रालयलाई नीतिगत तहमा सीमित राख्ने उद्देश्यसहित गरिन लागेको थियो । त्यसले एफएम रेडियो, टिभी, केवल टिभी सञ्चालन गर्न अनुमतिपत्र दिनेदेखि नवीकरणसम्मका निर्णय गर्ने अधिकार प्राप्त गर्ने भएको थियो । प्राधिकरणलाई राज्यले प्रसारणका क्षेत्रमा नियन्त्रणकारी शक्तिशाली निकायका रूपमा स्थापित गर्न चाहेको थियो ।

अध्यादेशको मस्यौदामा नयाँ एफएम स्थापना गर्न इजाजत शुल्क ४० गुणासम्म बढाउने प्रस्ताव थियो । ५० वाट क्षमताको एफएम रेडियोको अनुमति लिनका लागि १० लाख, एक सय वाटका लागि २० लाख, ५ सय वाटका लागि ४० लाख, एक हजार वाटका लागि ५० लाख र एक हजार वाटभन्दा माथिका लागि एक करोड रुपियाँ शुल्क सरकारलाई तिर्नुपर्ने प्रावधान राखियो । जबकि त्यसअघि ५० वाटलाई २५ हजार, एक सय वाटलाई ५० हजार, २ सय ५० वाटलाई एक लाख, ५ सय वाटलाई २ लाख र एक हजार वा त्योभन्दा बढी वाट क्षमताका लागि ५ लाख रुपियाँ इजाजत शुल्क सरकारलाई तिर्नुपर्ने व्यवस्था थियो ।[४१] यसैगरी इजाजतपत्र तथा अनुमतिपत्र लिँदा लाग्ने दस्तुरको दस प्रतिशतले हुने रकम थप गरेर तिनको नवीकरण गरिदिने व्यवस्था थियो ।[४२] तर, प्रस्तावित अध्यादेशको मस्यौदामा भने स्टेसन स्थापना गर्दा लाग्ने रकमकै अनुपातमा चालू रेडियोहरूलाई पनि नवीकरण शुल्क लगाउने व्यवस्था गरियो । यस क्रममा सरोकारवाला पक्षसँग सामान्य छलफल समेत गरिएको थिएन ।

यो अध्यादेशअनुसार गठन हुने प्राधिकरणले नियन्त्रण गर्ने नभई झन् खुला छाड्ने सरकारी तर्क थियो । सूचना तथा सञ्चार मन्त्रालयका प्रवक्ता रत्नराज पाण्डेमार्फत सरकारले 'लाइसेन्स दिनेदेखि नवीकरण गर्नेसम्मका काम प्राधिकरण बोर्डले गर्छ, लामो प्रक्रिया झन् न्यून गर्छ' (कान्तिपुर २०६२ङ) भन्ने तर्क सार्वजनिक गऱ्यो । तर सरकारले स्वतन्त्र रेडियोलाई बारम्बार नियन्त्रण गर्ने प्रयास मात्र गरेको नभई भौतिक हस्तक्षेपसमेत गरेकाले हरेक सरकारी पाइलालाई

---

[४१] राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ७ को उपनियम (२) ले तोकेको अनुसूची ५(ख) मा उल्लेख भएबमोजिम ।

[४२] राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम १६ को उपनियम (३) बमोजिम ।

प्रसारण क्षेत्रले आशंकाको नजरले हेरिरहेको थियो । त्यसैले रेडियो प्रसारणसँग सम्बन्धित तीनओटा संस्थाहरू ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ र काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्चले प्रस्तावित अध्यादेशबारे संयुक्त रूपमा आपत्ति जनाए । इजाजत शुल्कमा चर्को वृद्धि गर्न लागिएकोले स्वतन्त्र रेडियो नै खोल्न नसकिने स्थिति उत्पन्न भएको उनीहरूको ठहर थियो । पुस २९ गते संयुक्त विज्ञप्ति निकालेर उनीहरूले नवीकरण गर्नै नसक्ने गरी चर्को शुल्क लगाई चलिरहेका स्वतन्त्र रेडियोहरूलाई आर्थिक रूपले समेत धराशायी बनाएर सिध्याउने षड्यन्त्रमूलक कार्य भएको भन्दै कडा आपत्ति जनाए । यसका साथै ती संस्थाहरूले सूचना, विचार तथा अभिव्यक्तिको अधिकार रक्षाका लागि सचेत रहन सम्पूर्ण पेशागत संघ, संगठन र नागरिक समाजलाई आह्वानसमेत गरे ।

सरकारले प्रसारणको क्षेत्रलाई व्यवस्थित गर्न र इजाजत प्रक्रियालाई थप सहज बनाउन प्रसारण प्राधिकरण गठन गर्नुपर्ने तर्क अघि सारेको थियो । हुन पनि यस प्रकारको प्राधिकरणको आवश्यकता यसअघिका प्रजातान्त्रिक सरकारहरूले समेत महसुस गरेका थिए । साथै विभिन्न कार्यदलले त्यस प्रकारका सुझाव पनि दिएका थिए (हुमागाईं २०६२ : ११३-१२४) । तर, शाही सरकारले बनाउन आँटेको प्राधिकरण र यसलाई व्यवस्थित गर्ने प्रस्तावित अध्यादेशमाथि भने सरकारको नियतमाथि नै शंका गरेर प्रश्नहरू व्यापक रूपमा उठाइए । विगतमा पूर्ण स्वतन्त्रता र सहजीकरणका लागि संसद, न्याय क्षेत्र, सम्बन्धित विशेषज्ञ र सरोकारवालाको संलग्नता हुने गरी पूर्ण स्वायत्त प्रसारण प्राधिकरण बनाउन सुझाव दिइएको थियो । यसपटक भने त्यही सुझावको बहानामा स्वतन्त्र रेडियोको अस्तित्व समाप्त गर्ने षड्यन्त्रमा सरकार लागेको रेडियो प्रसारकहरूको आरोप थियो ।

**तालिका २ : एफएम रेडियो स्थापनार्थ लाग्ने इजाजत दस्तुर**

| रेडियोको क्षमता | विद्यमान इजाजत शुल्क | प्रस्तावित इजाजत शुल्क |
|---|---|---|
| ५० वाट | रु. २५०००/- | रु. १००००००/- |
| १०० वाट | रु. ५००००/- | रु. २००००००/- |
| ५०० वाट | रु. २०००००/- | रु. ४००००००/- |
| १००० वाट | रु. ५०००००/- | रु. ५००००००/- |
| १००० वाट भन्दा बढी | रु. ५०००००/- | रु. १०००००००/- |

स्रोतः रेडियो प्रसारक संस्थाहरूको संयुक्त वक्तव्य ।

सरकारी कार्यशैलीले पनि आशंका बढाएको थियो । सरकारले २०६२ पुस २९ गते छलफलका लागि भनेर तीनओटै प्रसारक संस्थाका प्रतिनिधिहरूलाई मौखिक निम्तो दिएको थियो । केबारेमा छलफल गर्ने त्यो भने बताइएको थिएन । मन्त्रालयमा पुगेपछि सहसचिव तथा प्रवक्ता रत्नराज पाण्डेले अध्यादेशको बारेमा छलफल गर्न बोलाएको जानकारी दिँदा उनीहरू आश्चर्यचकित भएका थिए । पाण्डेले समयको अभाव देखाउँदै मस्यौदाबारे उनीहरूसँग पहिले छलफल गर्न नपाइएको बताउनुभयो । प्रसारक प्रतिनिधिले आफूहरूलाई औपचारिकताका लागि मात्र बोलाइएको र चाँडै नै अध्यादेश घोषणा हुने ठाने र बैठकबाट बाहिर निस्किए (द काठमाण्डु पोष्ट सन् २००६) ।

सूचना तथा सञ्चारमन्त्रालयको निम्तोमा उक्त बैठकमा भाग लिन गएकाहरूलाई बैठकमा पुगिसकेपछि पनि छलफल गर्नुपर्ने भनिएको अध्यादेशको मस्यौदा कपी उपलब्ध गराइएन । फोटोकपी गर्छु भनेर माग्दा त्यसो गर्न पनि दिइएन । तसर्थ उनीहरूले एकैछिन हातहातै हेर्न पाएको मस्यौदाका कुरा सम्झेर वा टिपेर ल्याएर वक्तव्यमार्फत सार्वजनिक गरेका थिए । पारदर्शिता र खुला समाजको वकालत गर्ने नेपाली सञ्चार जगत्को प्रकृति बुझेकै कारण सरकारले सम्भावित विरोधको मात्रालाई घटाउन अध्यादेशको मस्यौदा सार्वजनिक नगरेको सहजै बुझ्न सकिन्थ्यो । यद्यपि चर्को सार्वजनिक आलोचना खेप्नुपर्ने डरले सरकारले सो अध्यादेश जारी गर्न भने सकेन ।

यसैगरी २०६२ माघ ६ गते काठमाडौँका प्रायः सबै एफएम र रेडियो नेपाललाई समेत मन्त्रालयको सञ्चार महाशाखा प्रमुखको कार्यकक्षमा बैठकका निम्ति बोलाइएको थियो । “श्री ५ को सरकारबाट निकट भविष्यमा गठन हुन गैरहेको प्रसारण प्राधिकरण र प्रसारण प्राधिकरण गठन अध्यादेशका सम्बन्धमा छलफल एवं परामर्शका लागि” भनी एफएमका सञ्चालक/अध्यक्षको नाममा पठाइएको पत्रमा उपस्थित हुन नसके फ्याक्समार्फत आफ्नो सुझाव पठाउन पनि भनिएको थियो ।

तर, त्यसदिनको वातावरण अत्यन्त असहज थियो । भोलिपल्ट सात राजनीतिक दलले काठमाडौँमा गर्ने भनिएको जनप्रदर्शनलाई रोक्न व्यापक गिरफ्तारी गरिएको थियो । पत्रकार श्याम श्रेष्ठलाई बिहान ४ बजे घरबाटै प्रहरीले पक्रेका थिए । बिहान ५:३० तिरबाट सबै टेलिफोन सेवा काटिएका थिए । अघिल्लो वर्ष माघ १९ को झझल्को दिने खालको तनाव थियो । नेपाल टेलिकमको टेलिफोन बिहान ८:३० तिर खुले पनि मोबाइल र अरू फोन सेवा प्रदायकको फोन बन्द नै रह्यो । उकुसमुकुस, सन्नाटा र अन्यौलकै बीचमा एमाले महासचिव माधवकुमार

नेपाल प्रहरीको घेराबीचमै दिउँसो प्रेस चौतारी, उपत्यका शाखाले आयोजना गरेको कार्यक्रममा बोल्न पुग्नुभयो । गिरफ्तारीले मात्र नपुगेर राति ९ बजेदेखि चक्रपथभित्र कर्फ्यू आदेश जारी गरिएको थियो । यस्तो अनिश्चितता र त्रासको बीचमा सरकारले बोलाएको प्रसारकहरूको बैठकको कुनै अर्थ र महत्त्व रहेन ।

## शक्तिको चरम दुरुपयोग

शाही शासनका सुरुका दिनमा सरकारले 'आतंकवादसँग लड्ने' नाममा नागरिकका सम्पूर्ण संवैधानिक मौलिक हकहरू समाप्त पारेको थियो । उसको भनाइमा माओवादीलाई बढी प्रेरणा मिल्ने भएकाले स्वतन्त्र रेडियोहरूमा समाचार बन्द नै गर्नु उचित र अनिवार्य थियो । यो तर्कलाई पुष्टि गर्ने आधार भने सरकारले कतैबाट पनि जुटाउन सकेन । त्यसैले औपचारिक र आधिकारिक रूपमा कुनै पनि रेडियोमाथि त्यस्तो आरोप लगाउने आँट गरेन । यद्यपि सरकारका विभिन्न ओहदाका पदाधिकारीहरूले सञ्चारमाध्यम र भाषणहरूमार्फत त्यस्तो दुष्प्रचार चलाए । यो पनि पराजित मानसिकताको द्योतक र भ्रमको खेती नै थियो । वास्तवमा मुलुक संकटमा नै परेको हो भने रेडियो समाचार समाप्त पार्नु त्यसको उपचार हो भन्ने निचोड त कदापि निस्कन सक्दैनथ्यो । बरु, संकट र विपत्तिसँग सामना गर्नका लागि स्वतन्त्र रेडियो पनि सशक्त माध्यम हुन सक्थे ।

यस क्रममा सरकारले संसारभरि कतै पनि एफएम रेडियोबाट समाचार भनिँदैन भन्ने भ्रमको खेती नै चलायो । यो अभियानमा सरकारी र रेडियो स्वतन्त्रताविरोधी अरू मान्छेहरूले पनि लागीमेली गरे । राज्यसत्ताको पनि राम्ररी नै दुरुपयोग भयो । मूलतः सरकारी सञ्चारमाध्यमहरूमार्फत यो दुरुपयोग प्रकट भयो । शाही सत्ताका पक्षपातीहरू पनि रेडियो स्वतन्त्रताको विरोधमा आफ्नो सम्पूर्ण ज्ञान र विवेक खर्चेर लागिपरे । जतिबेला स्वतन्त्र सञ्चारमाध्यमका सञ्चारकर्मीहरू सडकदेखि आ-आफ्ना सञ्चारमाध्यम र अदालतमा समेत शाही सत्ताविरुद्ध र प्रेस स्वतन्त्रताको पक्षमा लडिरहेका थिए, त्यति नै बेला सरकारी सञ्चारमाध्यमसँगै केही सरकारपक्षीय पत्रपत्रिका र सञ्चारकर्मीहरू भने स्वतन्त्रताको विरोधमा अनेक तर्क कुतर्कहरूको सहारा लिएर शाही सत्ताको सेवामा प्रस्तुत भइरहेका थिए ।

### *समाचार बन्देजको बाटो*

सरकारले स्वतन्त्र रेडियोबाट समाचार निषेध गर्न मूलतः दुईओटा उपाय अवलम्बन गरेको थियो । पहिलो– संसारभरि कतै पनि एफएम रेडियोबाट समाचार भनिँदैन

भन्ने भ्रमको खेती । दोस्रो– समाचार प्रसारण गर्न खोज्ने एफएमलाई तह लगाउने धम्की । यसका साथै सरकार प्रेस स्वतन्त्रता र सूचना प्रविधिको विकासप्रति सचेत छ भनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा झुट्टा प्रचार गर्न पनि ऊ उत्तिकै क्रियाशील थियो ।

*भ्रमको खेती*

"एफएम समाचार दिने माध्यम होइन । यो एउटा मनोरञ्जनात्मक कुराहरू दिने माध्यम हो । ...जे उद्देश्यका निम्ति अनुमति प्रदान गरिएको छ, त्यही बाटोमा जानुपर्छ । संसारमा एफएमहरूले समाचार प्रसारण गरेको त कहीँ छैन नि !" (राष्ट्रिय पथ साप्ताहिक २०६१) सूचना तथा सञ्चारमन्त्री टंक ढकालले मन्त्री भएको छैटौँ दिन आफूमा रहेको 'दिव्य ज्ञान' यसरी सार्वजनिक गर्नुभएको थियो ।

संसारमा कहीँ पनि एफएम रेडियोले समाचार प्रसारण गर्दैन भनेर झूठो रट लगाउनु सरकारी तर्कशास्त्रीहरूका लागि शाही सत्ताको अवधिभरि गुरुमन्त्र जस्तो भइरह्यो । एफएम रेडियोबाट समाचार प्रसारण गर्न नपाइने भन्ने टिप्पणीसहितका समाचार दिएर सरकारी सञ्चारमाध्यमले यस मन्त्रको एकोहोरो जप गरिरहे ।[४३] सरकारले रेडियो स्टेसनहरूलाई दिइएको इजाजतपत्रमा 'समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक' कार्यक्रम प्रसारण गर्ने भनेर स्पष्ट उल्लेख गरिएको थियो । तैपनि मन्त्री ढकालले २०६१ चैत १८ गते सूचना विभागमा पत्रकार सम्मेलन गरेर भन्नुभयो– "एफएमको स्वीकृति लिँदा नै समाचार प्रसारण गर्न दिने सहमति छैन ।" मन्त्री स्वयंले ठाडै झूठ बोल्न थालेपछि कसको के लाग्छ ?

आधारहीन तर्क टिकाउ हुँदैन । त्यसैले सरकारी बोली बेला बेलामा फेरिइरहन्थ्यो । मन्त्री ढकालको बोली पनि दुई हप्ता नबित्दै फेरियो । 'राजनीतिक गतिविधिबाहेक विकास निर्माण, खेलकुद, कला, संस्कृति, नागरिकका समस्याजस्ता विषयमा समाचार प्रसारण गर्न पाउनु हुनेछ', २०६१ चैत २९ गते पूर्वी नेपालको इटहरीमा पत्रकार सम्मेलन गरेर उहाँले भन्नुभयो– "एफएमका समाचारले राजनीति छुनु भएन, नागरिकका समस्यालाई 'फोकस' गर्नुपर्‍यो । हामी के हुन्छ र हुँदैन सर्त राखेर समाचार (प्रसारण गर्न) दिने पक्षमा छौँ" (कान्तिपुर २०६१क) ।

---

[४३] उदाहरणका लागि २०६१ फागुन ३ गते *गोरखापत्र* ले लेखेको समाचारको यो अंशलाई लिन सकिन्छ- 'स्मरण रहोस्, भारतलगायत विश्वका कुनै पनि मुलुकमा एफएम रेडियोलाई समाचार प्रसारण गर्ने छुट दिइन्न ।' यस्तो क्रमलाई सरकारी र सरकारसमर्थित सञ्चारमाध्यमले लगातार अघि बढाइरहे ।

२०६२ जेठ ३० गते सूचना तथा सञ्चार मन्त्रालयका सचिव लोकमानसिंह कार्कीले एफएम रेडियोलाई सूचना तथा जनचेतनामूलक समाचार तथा कार्यक्रम प्रसारण गर्न सरकारले रोक नलगाएको दाबी गरेको समाचार सार्वजनिक भयो। उहाँले 'राजनीतिक समाचार र व्यक्तिको चरित्र हत्या गर्ने, कसैलाई पछार्ने र कसैलाई उचाल्ने खालका समाचारमा मात्र रोक लगाइएको' दाबी गर्नुभएको थियो। "एफएमहरूलाई कला, साहित्य, संस्कृति, मौसम, ट्राफिकसम्बन्धी समाचार तथा सूचना सम्प्रेषण गर्ने छुट छ", उहाँको भनाइ थियो– "विश्वका अन्य मुलुकका एफएमले जे-जस्ता सामग्री सम्प्रेषण गरिरहेका छन्, त्यो यहाँकाले पनि पाउँछन्, तर त्योभन्दा धेरै छुट हुँदैन।" उहाँले विश्वमा कहीँ पनि एफएम रेडियोले राजनीतिक समाचार प्रसारण गर्न छुट नपाएको दाबी समेत गर्नुभयो। त्यसलाई पुष्टि गर्ने प्रयासस्वरूप उहाँले आफूले विदेश जाँदा एफएम रेडियो सुन्ने गरेको तर कहीँ कतै पनि एफएमले समाचार प्रसारण गरेको नसुनेको समेत बताउनुभयो (गोरखापत्र २०६२)। रमाइलो कुरा के भने उहाँले यसो भनिरहँदा पनि ६ महिने सरकारी सूचना जारी नै थियो। २०६२ साल साउने संक्रान्तिका दिन सञ्चारमन्त्री ढकालले एफएमले राष्ट्रिय हितका समाचार प्रसारण नगरेकाले प्रतिबन्ध लगाइएको भनी नयाँ आरोप सार्वजनिक गर्नुभयो। सरकारपक्षीय पत्रकारहरूको संगठन बनाउन डाकिएको भेलामा उहाँले भन्नुभयो– "एफएमलाई समाचार बाँदरको पुच्छर लौरो न हतियार झैँ भयो। एफएमले समाचारलाई राष्ट्रिय हितमा पचाउन सकेन।"

### *सरकारी धम्की*

राजाले राज्यसत्ता आफ्नो हातमा लिएको भोलिपल्ट नियुक्त गरिएका सूचना तथा सञ्चारमन्त्री टंक ढकालले पद बहाली गर्नासाथ राष्ट्रिय समाचार समितिसँग कुराकानी गर्दै सरकारले सञ्चार क्षेत्रलाई प्रतिबन्ध लगाउन नचाहेको बताउनुभयो भने *द राइजिङ नेपाल*मार्फत सञ्चार क्षेत्रले डराउनु नपर्ने आश्वासन दिनुभयो। उहाँको भनाइ थियो– "अहिले मिलाइएका व्यवस्थाहरू अस्थायी मात्र हुन् र सरकार पनि प्रेस स्वतन्त्रताको पक्षमै छ" (द राइजिङ नेपाल सन् २००५)। तर त्यसै दिन उहाँले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने सरकारी चाहना पनि सार्वजनिक गरिसक्नु भएको थियो। उहाँको त्यो भनाइ उद्धृत गर्दै *गोरखापत्र*ले भोलिपल्ट (माघ २१ गते) 'राष्ट्रिय हितविरुद्ध भ्रामक र अनर्गल प्रचार गर्ने सञ्चारमाध्यमलाई छुट नदिइने' चेतावनी प्रकाशित गऱ्यो।

सरकारप्रमुख राजाको भाषामा पनि धम्की अन्तर्निहित हुन्थ्यो। २०६१ फागुन १३ गते केही दैनिक पत्रिकाका सम्पादकहरूलाई दरबारमा बोलाएर राजाद्वारा 'दर्शनभेट'

दिइएको थियो । त्यस अवसरमा "जनता र प्रजातन्त्रको हित हेर्नुपर्ने बाँकी म मात्र थिएँ, यो कदम तिनै जनता र प्रजातन्त्रका लागि हो, ...मैले जनताको आवश्यकता हेरेर कदम चालेको हुँ । ...अब शान्ति एकमात्र एजेण्डा हो, राष्ट्र त्यसबाट पछाडि फर्कन सक्दैन । शान्ति बहाली भइसकेपछि सबै कुरा प्रजातान्त्रिक पद्धतिअनुरूप नै हुन्छ" भनेर माघ १९ को कदमको प्रतिरक्षा गर्दै राजा ज्ञानेन्द्रबाट पत्रकारहरूलाई 'संविधानका केही धारा निलम्बन भएकोले' त्यसैअनुसार चल्न 'हुकुम' भएको थियो । राजाको भनाइ थियो– "यो संकटकाल हो, प्रेस त्यहीअनुसार चल्नुपर्छ । ...त्यति राम्रो कलम किन आतंकवादलाई सहयोग पुग्ने गरी चलाउने ? मिडियाले आतंकवादलाई सहयोग गर्न मिल्दैन र राष्ट्रको चौथो अंग प्रजातन्त्र सुदृढीकरण र शान्तिका लागि अगाडि बढ्नुपर्छ" (उज्ज्वल शर्मा २०६१) । राजा ज्ञानेन्द्रको थप 'हुकुम' थियो– "संविधानका केही धारा पनि निलम्बित भएका छन्, यस्तो अवस्थामा तपाईं पत्रकारहरूले पनि आतंकवादलाई प्रश्रय नहुने किसिमबाट आफैँ संवेदनशील र जिम्मेवार बनेर शान्ति स्थापनाका लागि नै मसी खर्चनु पर्छ, आतंकवादलाई प्रेसले कदापि व्यावसायिक लाभको विषय बनाउनुहुँदैन" (पुष्करलाल श्रेष्ठ २०६१) ।

प्रश्न उठ्छ, के नेपाली प्रेसले, खासगरी रेडियोहरूले 'आतंकवाद' लाई कहिल्यै प्रश्रय दिएका वा व्यावसायिक लाभको विषय बनाएका थिए त ? सूचना तथा सञ्चार मन्त्रालयमा पहिलेदेखि नै रेडियोहरूको अनुगमन इकाइ रहेको थियो । तर एफएम रेडियोले गल्ती गरे भनेर सरकारले कहिल्यै पनि भन्न सकेको थिएन ।[४४] बरु देशभरिका एफएम स्टेसनबाट वार्षिक एक करोड रुपियाँ रोयल्टी, तीन करोड रुपियाँभन्दा बढी भ्याट र उल्लेख्य मात्रामा आयकर लिँदै आएको थियो । यस्तो पृष्ठभूमिमा राजाको भनाइ फगत आधारहीन आरोप मात्र थियो ।

तर त्यही आरोप सरकारका लागि मार्गदर्शन सरह थियो । त्यसैको आडमा सूचना तथा सञ्चारमन्त्री टंक ढकालले २०६१ फागुन २१ गते नेपालगञ्ज पुगेर पत्रकार सम्मेलन गरी एफएमलाई समाचार प्रसारण गर्न नदिने अड्डी नै सुनाउनुभयो– र भन्नुभयो उनीहरूलाई समाचार प्रसारण गर्न अनुमति नै छैन (नेपाल समाचारपत्र २०६१) । त्यसको केही दिनपछि उपाध्यक्ष डाक्टर तुलसी गिरी चाहिँ एफएमको समाचार प्रतिबन्धित गर्ने सरकारको कुनै मनसाय नभएको र मुलुकमा आइलागेको परिस्थितिले मात्र त्यसो गर्नुपरेको बताउँदै हुनुहुन्थ्यो ।[४५]

---

[४४] २०६१ फागुन २ गते रिपोर्टर्स क्लबको साक्षात्कारमा *कान्तिपुर एफएम*का स्टेसन म्यानेजर प्रभात रिमालद्वारा व्यक्त विचार ।

[४५] अर्का उपाध्यक्ष कीर्तिनिधि विष्ट, सूचना तथा सञ्चारमन्त्री टंक ढकाल र वरिष्ठ सरकारी सुरक्षाअधिकारीहरूका बीच सूचना विभागमा २०६१ चैत ४ गते आयोजित पत्रकार सम्मेलनमा ।

उहाँले एफएम रेडियोहरूको दुरुपयोग नहुने कुरामा सरकार आश्वस्त भएपछि र सुरक्षास्थितिमा सुधार आएपछि समाचार प्रसारण गर्न दिइने बताउनुभयो। सोही अवसरमा उहाँले पत्रकारहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लगाइने चेतावनीसमेत दिनुभएको थियो। उता, जिल्ला प्रशासन कार्यालय, पर्साले चैतको दोस्रो साता पत्रकारहरूलाई २१ बुँदे निर्देशन जारी गऱ्यो। त्यसअघि माघ २५ गते जिल्ला प्रशासन कार्यालय, बाँकेले यस्तै १२ बुँदे निर्देशन जारी गरिसकेको थियो। विभिन्न जिल्लामा पत्रकारहरूको लामो वा छोटो समयको गिरफ्तारी, बयान, थुनछेक र विभिन्न खालका धम्कीका घटनाहरू जारी थिए।

विगतमा सूचना तथा सञ्चारमन्त्री रहिसकेका अर्का शाही मन्त्री राधाकृष्ण मैनालीले २०६२ वैशाख २४ गते पोखरा पुगेर मन्त्रिपरिषद्ले एफएमहरूलाई राजनीतिक समाचार प्रसारण गर्न नदिने सञ्चार नियमावली ल्याउन लागेको जानकारी दिनुभयो। *माछापुच्छ्रे एफएम*ले आयोजना गरेको पश्चिमाञ्चलव्यापी आदिवासी जनजाति लोकनृत्य प्रतियोगिता कार्यक्रममा उहाँले टंक ढकालको बोली दोहोऱ्याउँदै भन्नुभयो– "एफएमहरूलाई राजनीतिक समाचार प्रसारण गर्ने अनुमति छैन" (अन्नपूर्ण पोष्ट २०६२क)। एफएमहरूलाई राजनीतिमुक्त बनाएर अगाडि बढाउन सञ्चालकहरूलाई आग्रह गर्दै उहाँले स्थानीय कला संस्कृतिको विकास गरेर समाजमा लोकप्रिय हुन उपदेशसमेत दिनुभयो।

यसै क्रममा राज्यको चौथो अंग जिम्मेवार एवं अनुशासित हुनुपर्ने र यसले 'आतंकवाद' लाई उक्साउनु नहुने अर्ती उपदेश दिन राजा फेरि अघि सरेको देखियो। एउटा विशेष अन्तर्वार्तामा आतंकवादलाई कुनै पनि प्रकारको प्रोत्साहन गर्न निषेध गरिएको उल्लेख गर्दै राजाबाट सञ्चार जगत्लाई लक्षित गरी चेतावनी दिइयो– कसैले पनि नबिर्सौं, देशले एकपछि अर्को प्रकारको संकट ब्यहोरिरहेको छ।[४६]

प्रेसलाई लाञ्छित गर्न शाही सत्ताका हिमायती राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष पद्मसुन्दर लावती पनि अघि सर्नुभयो। २०६२ कात्तिक ११ गते *गोरखापत्र*सँग कुराकानी गर्दै उहाँले सरकारले सञ्चारअध्यादेश ल्याएर *कान्तिपुर एफएम*माथि हमला गरेकोमा हार्दिक समर्थन जनाउनुभयो। उहाँको आरोप

---

[४६] *नेपाल टेलिभिजन*बाट २०६२ भदौ १३ गते साँझ प्रसारित विशेष अन्तर्वार्ता। राजाबाट मध्य-पश्चिम भ्रमणका क्रममा सुर्खेतमा सरकारी सञ्चारमाध्यमहरू- *नेपाल टेलिभिजन, रेडियो नेपाल* र *राष्ट्रिय समाचार समिति*का प्रतिनिधिलाई सामूहिक रूपमा अन्तर्वार्ता दिइएको थियो।

थियो– *कान्तिपुर*ले कहिल्यै पनि राज्यको पिछडिएको वर्ग, जनजातिलाई प्रश्रय दिने गरी समाचार दिएको छैन, राजाको स्थान के हो त्यो पनि ख्याल गरेको छैन र खाली सस्तो लोकप्रियताको नाममा प्रायोजित ढंगले समाचार दिइरहेको छ। मेरो शक्ति छ, मैले जे गर्दा पनि हुन्छ भन्ने भावनाले *कान्तिपुर एफएम* राज्यभन्दा माथि जान खोजेको उहाँको ठहर थियो (गोरखापत्र २०६२च)। यही क्रममा 'सञ्चार अध्यादेशलाई अक्षरशः आत्मसात् नगर्ने र सञ्चार क्षेत्रमा अराजकता निम्त्याउने कुनै पनि सञ्चारमाध्यम, सञ्चार समूह, पत्रकार तथा अन्य सञ्चारकर्मीहरूलाई नछाडिने र कडा कारवाही गरिने' चेतावनी मन्त्री ढकालले दिनुभएको थियो[४७] (साप्ताहिक प्रतिस्पर्धा २०६२)।

यसैबीच २०६२ मङ्सिर १२ गते राति सरकारले *रेडियो सगरमाथा*मा हमला गर्‍यो। त्यसको भोलिपल्ट मन्त्री ढकालले कानुनको उल्लंघन गरेर आतकंकारी घोषित नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको अन्तर्वार्ता प्रसारण गर्न लागेकोले त्यसो गर्नुपरेको तर्क प्रस्तुत गर्नुभयो।[४८] यही मौका पारेर उहाँले थप चेतावनी पनि दिनुभयो– "आतंककारीलाई प्रोत्साहन गर्ने तथा शान्ति कायम गर्ने कुरामा खलल पुर्‍याउने जो कोहीलाई कानुनबमोजिम कारबाही हुन्छ" (गोरखापत्र २०६२घ)।

राजाबाट २०६२ मङ्सिरको अन्तिम साता श्रीशशमशेर राणालाई सूचना तथा सञ्चार मन्त्रीमा नियुक्त गरियो।[४९] 'माघ १९ को शाही सन्देशमा अभिव्यक्त राष्ट्रिय कार्यक्रम सफल पार्न प्रेससँग सहकार्य गर्ने' (गोरखापत्र २०६२ङ) उद्घोषसहित उहाँले पदबहाली गर्नुभएको थियो। त्यसको भोलिपल्टै राणाले दुई महिनाअघि पूर्ववर्ती मन्त्रिमण्डलले जारी गरेको सञ्चार अध्यादेशमा खोट देखाउनुभयो। त्यसलाई 'अधुरो' भन्नुभयो र सञ्चारमाध्यममा बन्देजै लगाउने कानुन बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।[५०] "सुसूचित हुने अधिकारको प्रयोग गर्दा अर्कालाई क्षति हुन पुगे त्यो पूर्ति हुने कानुन चाहिन्छ। हामीकहाँ त्यस्तो कानुन छैन। सञ्चार क्षेत्रमा बन्देजात्मक कानुन चाहिन्छ", उहाँको भनाइ थियो– "यथास्थितिमा एफएम

---

[४७] ट्युनिसियामा भएको विश्व सूचना सम्मेलनमा भाग लिन जानुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै।

[४८] नेपाल टेलिभिजनबाट २०६२ मङ्सिर १३ गते सोमवार साँझ प्रसारित *बहस* कार्यक्रममा अन्तर्वार्ता दिँदै।

[४९] सूचना तथा सञ्चारमन्त्री टंक ढकाललाई स्थानीय विकास मन्त्रीमा सरुवा गरेर पत्रकार श्रीशशमशेर राणालाई सूचना तथा सञ्चार राज्यमन्त्री नियुक्त गरिएको थियो। राणाले २०६२ मङ्सिर २३ गते पदबहाली गर्नुभएको थियो।

[५०] सञ्चार समूहद्वारा काठमाडौंमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै।

रेडियोबाट समाचार प्रसारण गर्न दिँदा हानि हुन्छ" (अन्नपूर्ण पोष्ट २०६२ख) । त्यो कस्तो हानि हो भन्ने चाहिँ उहाँले खुलाउनुभएन ।

राज्यमन्त्री राणाको विचारमा एफएम रेडियोहरूले समाचार दिँदा 'सेलेक्टिभ' हुनुपर्ने थियो । यसै सन्दर्भमा पत्रकार स्वागत नेपाललाई दिएको अन्तर्वार्तामा उहाँले एउटा प्रश्न गर्नुभएको थियो– "एफएम आफैँले पनि धान्न नसक्ने स्थिति होला । यो समाचार दिइनस् भने क्षति गरिदिन्छु भन्यो कुनै समूहले भने एफएम आफैँले पनि रोक्न गाह्रो होला । जनतालाई सुसूचित गराउने प्रयासमा कुसूचित पनि बन्न सक्छन् । वास्तवमा नेपालको अवस्था साधारण त छैन नि ! मिसन पत्रकारिता केही अखबारले गरे, अब एफएमले पनि गरे भने के गर्ने ?" (नेपाल समाचारपत्र २०६२घ) । उहाँको यो भनाइ झट्ट हेर्दा माओवादीले दबाब दिएर एफएमलाई आफ्नो पक्षमा प्रयोग गर्लान् भन्ने आशंकाले नै समाचार प्रसारणमा बन्देज गरिएको जस्तो लाग्ने खालको थियो । त्यस्तो आशंका राजाको सरकारलाई सुरुदेखि नै थियो, जुन कुरा शाही घोषणा लगत्तै विभिन्न रेडियोमा खटाइएका शाही नेपाली सैनिकहरूलाई पनि भनेर पठाइएको थियो । तर राणाको भनाइको मूल उद्देश्य भने खस्रा-मसिना जे जस्ता कुरा गरेर भए पनि स्वतन्त्र रेडियोको मुख बन्द गर्ने भन्ने नै थियो ।

सरकारले आँखा चिम्लेर एफएम रेडियोहरूको आलोचना गरिरहेको बेला रेडियोहरू भने गम्भीरताका साथ आफ्नो जिम्मेवारी निर्वाह गर्दैथिए । माओवादीले चितवनको बाँदरमुढेमा ३९ जना निर्दोष नागरिकको ज्यान जाने गरी सार्वजनिक बसलाई विस्फोटनमा पारेको घटनाप्रतिको संवेदनशीलता २०६२ जेठ २६ गते चितवनको *कालिका एफएम*ले प्रदर्शन गऱ्यो । उसले आफ्नो २४ घण्टे प्रसारणअन्तर्गतको मनोरञ्जनात्मक कार्यक्रम नै स्थगित गरेर उक्त घटनाबारे शोक मनाएको थियो । स्टेसनका निर्देशक रमेश जोशीले विज्ञप्ति निकालेर त्यस दिन सम्पूर्ण प्रसारण अवधिभर विभिन्न धार्मिक भजन, प्रवचन, राष्ट्रिय गीत र समाचार मात्रै प्रसारण गर्ने जानकारी दिनुभएको थियो (अन्नपूर्ण पोष्ट २०६२ग) । यता, सरकारले चाहिँ त्यसको अघिल्लो दिन मात्र राज्यको ज्यादतीको विरोधमा उत्रिएका ५२ जना पत्रकारहरूलाई काठमाडौँको भृकुटीमण्डपमा गिरफ्तार गरेर महेन्द्र पुलिस क्लबमा थुनेको थियो ।

यसैबीच गृहमन्त्री कमल थापाले नाम उल्लेख नगरी केही सञ्चारमाध्यमहरूले सशस्त्र विद्रोही समूहलाई प्रोत्साहन गरेको आरोप लगाउनुभयो ।[५१] उहाँको आरोप मानवअधिकार संस्थाहरूका साथै अन्तर्राष्ट्रिय संगठनहरूप्रति पनि लक्षित थियो ।

---

[५१] माओवादीले पाल्पाको सदरमुकाम तानसेनमा आक्रमण गरेपछि त्यहाँको क्षति निरीक्षण गरेर फर्किएका मन्त्री थापाले २०६२ माघ २० गते साँझ गृह मन्त्रालयमा पत्रकार सम्मेलन गरेर यस्तो आरोप लगाउनु भएको हो ।

उहाँले मुलुकमा अस्थिरता चाहने केही सञ्चारमाध्यम विदेशीहरूको 'रिमोट कन्ट्रोल' बाट सञ्चालन भएको आक्षेप समेत लगाउनुभयो ।[५२] नेपाल पत्रकार महासंघ र समग्र स्वतन्त्र प्रेसलाई इङ्गित गरी सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणाले पनि यस्तै आरोप लगाउँदै आउनुभएको थियो । माघसम्म आइपुग्दा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा तीव्रता आएपछि मन्त्रीहरू यस्ता विषाक्त टिप्पणी गर्न थालेका थिए । तिनका कुराले खासै अर्थ र महत्त्व राख्तैनथ्यो तै पनि पत्रकारहरूको साझा संस्थाले त्यस किसिमको प्रवृत्तिप्रति खेद प्रकट गऱ्यो ।[५३] त्यसबेला देशव्यापी रूपमा पत्रकारहरू पक्राउ पर्ने, प्रहरीको कुटाइ खाने र धम्की व्यहोर्ने क्रम तीव्र बनेको थियो । गृहमन्त्री कमल थापाले त सञ्चारकर्मीहरूलाई माओवादीका बारेमा केही पनि समाचार सम्प्रेषण नगर्न र त्यसो गरेमा माओवादीसरह कारवाही भोग्न तयार रहनसमेत चेतावनी दिनुभएको थियो ।[५४]

त्यसै क्रममा सरकारका प्रवक्तासमेत रहेका राज्यमन्त्री श्रीशशमशेर राणाले केही सञ्चारमाध्यमले आतंकवादलाई प्रोत्साहन गरेको आरोप लगाउँदै उनीहरूविरुद्ध सरकारले आतंककारी कानुन लगाउन सक्ने चेतावनी दिनुभयो । उहाँको भनाइ थियो– "भयानक विद्रोह भएका देशमा त्यसको नियन्त्रणका लागि संकटकाल लगाई कतिपय अधिकारबाट आमजनता वञ्चित गराइएको हामीले देखेका छौँ । त्यो अवस्था नआओस्, तपाईं हामी पत्रकारले सुसूचित गर्ने अधिकारलाई राष्ट्रिय परिप्रेक्ष्यमा ल्याउनु जरुरी छ । यहाँ आतंकविरोधी कानुन छ" (कान्तिपुर २०६२ग) । हुन त राजाको प्रत्यक्ष शासन सुरु हुनुअघिको सरकारले पनि प्रेस जगत्‌लाई त्यस्तै आरोप लगाएको थियो । 'प्रतिगमन आधा सच्चिएको' भनेर[५५] बनाइएको संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले भन्नुभएको थियो– "माओवादीहरूलाई प्रेसले उक्साएको छ तर माओवादी सरकारमा आएमा सबैभन्दा अगाडि पत्रकार थुनामा पस्नुपर्छ ।"[५६] यद्यपि, देउवाकै त्यसअघिको

---

[५२] *कान्तिपुर टेलिभिजन*बाट २०६२ माघ २३ गते साँझ प्रसारित *बहस* कार्यक्रममा अन्तर्वार्ता दिँदै ।

[५३] नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्टले २०६२ माघ २३ गते निकालेको प्रेस विज्ञप्तिमा उल्लिखित ।

[५४] २०६२ फागुन २८ गते पर्सा जिल्ला विकास समितिको सभागृह, वीरगञ्जमा स्थानीय उद्योगी व्यवसायीहरूसँग सरकारलाई सहयोग गर्न अनुरोध गर्नका लागि आयोजित कार्यक्रममा ।

[५५] नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२७ अन्तर्गत सरकारमा सहभागी हुँदै नेकपा एमालेका नेताहरूद्वारा गरिएको तर्क । यो तर्कलाई पछिल्ला दिनमा एमालेले गल्ती थियो भन्ने मूल्यांकन गऱ्यो ।

[५६] रेन्बो एफएम प्रा.लि. द्वारा सञ्चालित *नेपाल एमएम*को उद्‌घाटन समारोहलाई २०६१ मङ्सिर १८ मा वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै ।

कार्यकालमा माओवादी निकट थुप्रै पत्रकारहरूले कार्यथलो नै छोडेर हिँड्नुपरेको थियो । देशभरिका झण्डै एक सय पत्रकारहरू खुला ढंगले आफ्नो विचार प्रकट गर्न, हिंडडुल गर्न र देखेको कुरा लेख्ने र छाप्ने अवस्थाबाट वञ्चित र विस्थापित भएर भूमिगत रहन बाध्य भएका थिए ।[५७]

*मिथ्या आवरण*

सञ्चार जगत्को घाँटी थिच्ने अनवरत प्रयासका बीच पनि राजा ज्ञानेन्द्रका साथै सरकारी संयन्त्रका सबै पार्टपुर्जाहरू आफूलाई सच्चा प्रजातन्त्रवादी र सूचना तथा सञ्चार प्रविधिप्रति सकारात्मक देखाउन अजीब कोसिस गरिरहेका थिए । आफ्नो नियत र व्यवहार देश-दुनियाँका सामु छर्लंग भइसकेको उनीहरूलाई शायद थाहै थिएन । यसै क्रममा सूचना तथा सञ्चारमन्त्री टंक ढकालले सूचनाप्रविधिका नवीनतम उपलब्धिहरूको प्रयोग गर्न नेपाल इच्छुक रहेको बताउनुभयो । एसियाली सूचना प्रविधि मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन बहराइनतिर लाग्नुअघि विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले विकसित मुलुकहरूमा तयार भएका सूचना प्रविधिको प्रयोग नेपालजस्ता विकासोन्मुख मुलुकहरूले छिटो गर्न पाउनुपर्ने र त्यसका लागि संयन्त्र तयार गर्ने विषयलाई नेपालले सो बैठकमा उठाउने बताउनुभयो । ५६ ओटा मुलुकको सहभागिता रहने र दुई दिनसम्म चल्ने सम्मेलनमा नेपालजस्तो मुलुकमा सूचनाप्रविधिको विकास कसरी गर्ने, भएका स्रोत साधनको प्रभावकारी प्रयोग कसरी गर्ने र सूचनाप्रविधिका साधनको अधिकतम उपयोग कसरी गर्ने भन्ने विषयमा छलफल हुने जानकारी पनि उहाँले दिनुभयो (गोरखापत्र २०६१क) । उहाँले ठूलठूला डिङ हाँकिरहेको बेला पत्रकारहरू चाहिँ मुसुमुसु हाँस्तै सोधिरहेका हुन्थे– "नेपालमा बन्द गर्नुभएको मोबाइल फोन चाहिँ कहिले खुलाउनुहुन्छ नि ?"

सरकारी ढोंगको पराकाष्ठा कस्तो थियो भने आफैंले मुख थुनिदिएका स्वतन्त्र सञ्चारमाध्यमलाई केही नबोले बापत 'अनुशासित' भनेर स्यावासी दिन पनि मन्त्रीहरू पटक्कै शरम मान्दैनथे । २०६१ चैत १८ गते सूचना विभागमा पत्रकार सम्मेलन आयोजना गरेर सूचना तथा सञ्चारमन्त्री टंक ढकालले आफ्नो यही रूप सार्वजनिक गर्नुभयो । उहाँको भनाइ यस्तो थियो– "माघ १९ गतेको

[५७] २०६१ भदौ २५ र २६ गते विराटनगरमा भएको नेपाल पत्रकार महासंघको साधारण सभामा जनपक्षीय पत्रकारहरूको तर्फबाट पत्रकार गोविन्द आचार्यले प्रस्तुत गर्नुभएको विशेष प्रस्ताव । माओवादी निकट पत्रिका *जनादेश* साप्ताहिकका सम्पादक आचार्यले यो प्रस्ताव इमेलमार्फत पठाउनुभएको थियो ।

ऐतिहासिक शाही घोषणापछि सञ्चारमाध्यम जिम्मेवार, मर्यादित, अनुशासित र संयमित भएका छन् । त्यसका लागि म सञ्चारमाध्यमहरूलाई धन्यवाद प्रकट गर्छु" (कान्तिपुर २०६१ख) ।

राजा ज्ञानेन्द्र स्वयं यो अभियानमा लागेको देखिन्थ्यो । सूचना समाज निर्माणका लागि विश्व शिखर सम्मेलनलाई टच्यूनिसियाको राजधानी टच्यूनिसमा सम्बोधन गर्दै राजाबाट व्यक्त विचारले यसको पुष्टि गरेको थियो । सो अवसरमा विश्वमा गरीबी निवारण तथा सर्वाङ्गीण विकास प्रवर्द्धनतर्फ उल्लेखनीय योगदान पुऱ्याउन सूचना-सञ्चार क्रान्तिलाई यथार्थमा कसरी विकासको संवाहक बनाउन सकिन्छ भन्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा राजा ज्ञानेन्द्रबाट जोड दिइएको थियो । यसका साथै राजाबाट अन्तर्राष्ट्रिय समुदायले सूचना-सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिने सन्दर्भमा पूर्वाधारको लागतका कारण समस्या भोगिरहेका विकासोन्मुख भूपरिवेष्ठित र पहाडी राष्ट्रहरूप्रति विशेष ध्यान दिनुपर्ने आवश्यकता पनि औँल्याइयो (गोरखापत्र २०६२ख) । यी भनाइ सुन्दा आकर्षक र उचित लाग्ने भए पनि खोक्रो शब्दाडम्बर बाहेक केही थिएनन् । विश्वका एक सय ७६ राष्ट्रका राष्ट्राध्यक्ष, सरकारप्रमुख, सूचनामन्त्री, सरकारी प्रतिनिधि, नागरिक समाज र गैरसरकारी प्रतिनिधिसमेत कुल १० हजार मानिसको सहभागिता रहेको यो सम्मेलनमा (श्रेष्ठ २०६२) जति ठूला कुरा गरे पनि राजा त्यसको उल्टो आचरणमा प्रतिबद्ध रहेको विश्वले देख्तै आइरहेको थियो । राजाको शासनमा समग्र सञ्चारमाध्यममा धाबा बोलिएको थियो र स्वतन्त्र रेडियोको मुख थुनिएको थियो । शाही सत्ताको उदयसँगै आठ दिनसम्म इन्टरनेट सेवा पूरै बन्द गरिएको थियो । थुप्रै वेबसाइट ब्लक गरिएका थिए । सम्पूर्ण टेलिफोन सेवा बन्द गरिएका थिए । युनाइटेड टेलिकमले चलाएको वेभ फोन भारतीय अधिकारीहरूको दबाबका कारण ४६ दिनपछि मात्र सञ्चालन गर्न दिइएको थियो । नेपाल टेलिकमको ल्याण्ड लाइन टेलिफोन सात दिनपछि र पोष्ट पेड मोबाइल काठमाडौँ उपत्यकाभित्र मात्रै तीन महिनापछि बल्ल खोलिएको थियो । टेलिकमकै प्रि-पेड मोबाइल राजा ज्ञानेन्द्रका ज्वाइँ राजबहादुर सिंहको समेत स्वामित्व भएको स्पाइस नेपाल प्राइभेट लिमिटेडको 'मेरो मोबाइल' को परीक्षण सेवा सुरु भएको करीब दुई हप्तापछि भदौ ६ गतेबाट मात्र आंशिक रूपमा खोलिएको थियो ।

राजाको टच्युनिसिया भ्रमणकै सेरोफेरोमा मन्त्री राधाकृष्ण मैनालीले सञ्चार अध्यादेश पत्रकारको हक हनन गर्न र अप्ठ्यारोमा पार्न नल्याइएको तर्क गर्नुभयो (गोरखापत्र २०६२ग) । 'पत्रकारिता पेशालाई मर्यादित र सम्मानित बनाउन ल्याइएको यो अध्यादेशअनुसार लाग्नसकेमा थुप्रै उपलब्धि प्राप्त गर्न

सकिने' उहाँको भनाइ थियो ।[५८] तर, ती कस्ता उपलब्धि हुन् भन्ने चाहिँ उहाँले प्रस्ट पार्नुभएन । सरकार भने त्यति बेला सञ्चारमाध्यमको दुरुपयोग, सरकारी माध्यममा पजनी र पत्रकारहरूलाई फुटाउने अभियानमा लागेको थियो ।

### ***सत्ताको दुरुपयोग***

स्वतन्त्र एफएम रेडियोहरूमाथि हमला गरिरहेकै बेला सरकार एफएमकै माध्यमबाट राज्य-नियन्त्रित रेडियोको क्षमतालाई विस्तार गर्दै थियो । *रेडियो वीरगञ्ज*को ट्रान्समिटर सेना लगाएर कब्जा गरेकै साता राज्यले इलामको आइतवारेमा एफएम स्टेसन स्थापना गरी १०० मेगाहर्जमा रेडियो नेपालको परीक्षण प्रसारण प्रारम्भ गऱ्यो (गोरखापत्र २०६१ख) । यसले नियमित प्रसारण सुरु गरेपछि पूर्वाञ्चललगायत भारतको दार्जिलिङ र सिक्किमसम्म रेडियो नेपाल स्पष्ट सुनिने भएको स्थानीय बासिन्दालाई उद्धृत गर्दै सरकारी समाचार संस्था राष्ट्रिय समाचार समितिमार्फत प्रचार गरियो । सर्ट वेभ र मिडियम वेभबाहेक रेडियो नेपालले यसअघि नै भरतपुर, हेटौँडा, वीरगञ्ज, हुम्ला र जोमसोममा एफएम स्टेसन स्थापना गरी प्रसारण सुरु गरिसकेको थियो । यी एफएमलाई भने समाचार लगायत सबै किसिमका सामग्री प्रसारण गर्ने छुट थियो ।

स्वतन्त्र रेडियोको मुख थुन्ने र आफ्ना कुरा मात्र जनतालाई सुनाउने कुचक्र अन्तर्गत सरकारले सरकारी सञ्चारमाध्यमको दुष्प्रयोग त गऱ्यो नै; निजी क्षेत्रका सञ्चारमाध्यम तथा कतिपय सञ्चारकर्मीलाई उपयोग गर्न पनि लागि पऱ्यो ।

#### *सरकारीमाध्यमको दुष्प्रयोग*

एफएमबाट समाचार प्रसारण गर्नुहुँदैन भन्ने पक्षमा सरकारको नियन्त्रणमा रहेका सबै सञ्चारमाध्यमको हदैसम्म दुरुपयोग गरियो । यस क्रममा छापामाध्यमहरू *गोरखापत्र* र *द राइजिङ्ग नेपाल*, प्रसारण माध्यमहरू *रेडियो नेपाल* र *नेपाल टेलिभिजन* तथा समाचार संस्था *राष्ट्रिय समाचार समिति* सबैलाई प्रयोग गरियो । सरकारी पदाधिकारीका विचारलाई प्राथमिकता दिएर प्रचार प्रसार गरियो भने सरकारी रवैयाको समर्थनमा लेख्ने बोल्ने व्यक्तिहरूलाई खोजी खोजी स्थान दिइयो । यसबाहेक कसैको विचारलाई तोडमोड गरेर

---

[५८] महिला विकास सहकारी संस्था लिमिटेड, कास्की तथा प्रस्तावित नेपाल केन्द्रीय महिला सहकारी संघ लिमिटेडको संयुक्त तत्वावधानमा आयोजित कास्की जिल्ला महिला सहकारी सम्मेलन र एक दिने अन्तर्क्रिया गोष्ठीको २०६२ कात्तिक २९ गते कास्कीमा उद्घाटन गर्दै ।

सरकारको पक्षमा पार्ने कामहरू पनि सकेसम्म गरिए । त्यस्तो कुराको खण्डन वा प्रतिवादलाई भने कदापि स्थान दिइँदैनथ्यो । अझ, नेपाल टेलिभिजनको समाचारमा *जनआवाज*को नाममा गरिने सरकारी प्रचार त सञ्चार-आचरणको हिसाबले घिनलाग्दै हुन्थ्यो ।

रेडियो आन्दोलन र रेडियो अधिकारको विपक्षमा *गोरखापत्र* दैनिकले माघ १९ को लगत्तै 'जनबोली' स्तम्भ सुरु गरेर शृंखलाबद्ध रूपमा आरोप-अभियान चलायो । प्रथम पृष्ठका समाचारदेखि सम्पादकीयसम्म र प्रमुख लेखदेखि सम्पादकलाई चिठीसम्ममा एफएममा समाचार प्रसारण गर्न दिनुहुँदैन भन्ने सामग्रीको ओइरो लगाइयो । यस क्रममा अधिवक्ताहरू जुक्तिजंग लामिछाने र कृष्णबहादुर थापाका विचार पटक पटक (गोरखापत्र २०६२ छ) महत्त्वका साथ प्रकाशित भए । लामिछानेका अनुसार, सर्वसाधारण जनताको शान्तिसुरक्षा र अमनचैनमा अवरोध पुऱ्याउने, देशको विद्यमान ऐनकानुनलाई नटेर्ने एफएमहरूलाई कडाभन्दा कडा कारबाही गर्नैपर्थ्यो । थापा भने कुनै संस्था वा व्यक्तिविशेषको अधिकार नहेरी सिंगो राष्ट्र र बहुसंख्यक जनताको अधिकारको रक्षा गर्ने कानुनी अधिकार राज्यसँग स्वतः रहन्छ भन्ने तर्क अघि सार्नुहुन्थ्यो ।

सरकारी सञ्चारमाध्यमले कतिपय व्यक्तिका विचारलाई समाचारको रूपमा खोजीखोजी प्रस्तुत गरे । त्यस्तैमध्येको एउटा समाचार यस्तो थियो–

**वर्तमान कठिनाइ बाध्यात्मक अवस्थाको उपज : पत्रकार राणा**
**- केपी गौतम**

काठमाडौँ, माघ २५ गते । श्री ५ महाराजाधिराजबाट चालिबक्सेको ऐतिहासिक र साहसिक कदमबाट प्रेस जगत् थप जिम्मेवार भएको पत्रकार श्रीशशमशेर राणाले बताउनुभएको छ । ...

"विगत १२/१५ वर्षमा नेपाली सञ्चार क्षेत्रको विकास आफ्नो ठाउँमा छ तर आमजनतालाई त्यो भूमिका खेल्नबाट वञ्चित गरी, राज्य यो अवस्थामा पुगुञ्जेल जनता निरीह देखिनुमा सञ्चारको के भूमिका रह्यो ? भन्ने अनुसन्धान गर्न ढिला भइसकेको छ", उहाँले भन्नुभयो ।

गोरखापत्रसँग समसामयिक सन्दर्भमा कुराकानी गर्दै उहाँले भन्नुभएको छ– "आधुनिक सञ्चार जगत् यो भूमिका खेल्न आवश्यक आधुनिक कानुनहरूको अपर्याप्तताले गर्दा विचलित भएको छ; यो खाँचोको परिपूर्ति गर्न सकिने अवसर अहिले प्राप्त छ ।"... उहाँले शाही कदमपछि सञ्चार असहजताबारे. भन्नुभयो– "अहिलेको कठिनाइ बाध्यात्मक अवस्थाले सिर्जना गरेको छ ।"

श्री राणा शाही कदमपछि माओवादीको कथित जनयुद्धको वर्षौंको अवधिमा पहिलोचोटि बन्दको आह्वान काठमाडौँमा पूर्णरूपमा विफल भएको प्रत्यक्ष देखिएको बताउँदै भन्नुहुन्छ– "शाही सम्बोधनको मर्म बुझ्नुपर्ने कर्तव्य सबै नेपालीको हो ।

त्यसमा माओवादी पनि पर्छन् भने वार्ताप्रति उनीहरूको अग्रसरता सहजरूपमा देखिनुपर्छ ।"
– *गोरखापत्र दैनिक, २०६१ माघ २६, मंगलवार*

स्वतन्त्र रेडियो विरुद्ध एउटै व्यक्तिको उही विचारलाई पटक पटक समाचार बनाउन पनि सरकारी सञ्चारमाध्यमहरू पछि परेनन् । *गोरखापत्र*कै अर्को समाचार यस्तो थियो–

**एफएमलाई समाचार प्रसारणमा रोक कानुनसम्मत**
**- गोरखापत्र संवाददाता**
काठमाडौँ, असार १७ गते । प्रजातन्त्रको लामो अनुभव संगालेको छिमेकी मुलुक भारतमा समेत एफएमलाई समाचार प्रसारणमा रोक लगाइएको अवस्थामा नेपालका एफएमलाई पनि समाचार प्रसारण गर्न रोक लगाइनु कानुनसम्मत भएको बताइएको छ ।

...'संगठित स्वर छ भन्दैमा कानुनमै नभएको कुरा कानुनविपरीत नै भए पनि बोल्न पाउनैपर्छ भन्ने गलत हो' –वरिष्ठ पत्रकार श्रीशशमशेर जबरा भन्नुहुन्छ । "हिजो एफएमले जे जति समाचार फुके, त्यसको कानुनी प्रावधान छैन", एफएमहरूलाई कानुनले समाचार प्रसारण गर्न अनुमति नदिएको स्पष्ट गर्दै राणा अगाडि थप्नुहुन्छ– "समाचारको नाममा जे-जति कार्य भयो, ती सबै विगतका सरकारका गल्तीका कारणले भएका थिए ।"...

सूचनामूलक कार्यक्रमहरू मात्र पनि प्रसारण गर्न मिल्छ कि भन्ने सन्दर्भमा राणाले भन्नुभयो– "भोलि माओवादीले बन्दको घोषणा गरे भने एफएमहरूले त्यो आफ्नो सूचनामूलक कार्यक्रममा दिने कि नदिने ? उनीहरूले दिएको खण्डमा डराएर जनता ढोका ढप्काएर बस्नेछन्, त्यसैले यस्ता खालका सूचनामूलक कार्यक्रम पनि दिन हुँदैन ।...

भारत सरकारले बिहीबार एफएमहरूले समाचार र सामसामयिक कार्यक्रम प्रसारण गर्न नपाउने व्यवस्था कायम राख्दै थप ३३० एफएमहरू खोल्न अनुमति दिएको छ । यसै गरी २० प्रतिशतसम्मको वैदेशिक लगानीलाई ढोका खुला गरेको छ । भारतमा यस्तो निर्णय भइरहँदा नेपालमा भने एफएमकर्मीहरू समाचार प्रसारण गर्नुपर्ने माग गर्दै सरकारविरुद्ध सडक संघर्षमा उत्रिरहेका छन् र विश्वभरमै एफएमले समाचार प्रसारण गर्न पाउने भ्रम उनीहरूले बताउँदै आएका छन् ।

उनीहरूले सरकारको निर्णयका कारण आफूहरूको मौलिक हक, सूचनाको हक हनन भएको आरोप लगाउँदै आएका छन् । तर अधिवक्ता चन्द्रप्रसाद न्यौपाने भन्नुहुन्छ– "बेरोकटोक स्वतन्त्रताको हक उपभोग गर्ने व्यवस्था विश्वमा कतै छैन । तिनीहरूलाई सार्वजनिक र सामाजिक हितका लागि सीमाबद्ध गर्न सकिन्छ र नेपालमा पनि २०४७ को संविधानको भाग ३ मा यस्तो व्यवस्था गरिएको छ ।"

एफएमहरूले विगतमा कतैबाट फ्याक्स आएको भरमा नै विनापुष्टि समाचार फुकिदिँदा समाजमा नकारात्मक असर परेको उल्लेख गर्दै उहाँ सुझाव दिनुहुन्छ– "देशमा अत्यन्तै सचेत र जिम्मेवार मानिने पत्रकारहरूले पनि देशको संकट हेरी पहिले राष्ट्र अनि व्यवसाय भन्ने बुझ्नुपर्‍यो ।"
– *गोरखापत्र दैनिक, २०६२ असार १८, शनिवार*

यस्ता व्यक्तिहरूमध्ये कति राजाको कृपा पाउने आशाले निरंकुशताको समर्थन गरिरहेका हुन्थे भने कतिलाई चाहिँ दरबारले राजनीतिक हिसाब किताबको समेत आधारमा प्रस्तुत गरिरहेको हुन्थ्यो । श्रीशशमशेर राणा त पछि राज्यमन्त्री नै भए । यसबाहेक सरकारी सञ्चारमाध्यमहरू नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले) लगायतका दलमा संलग्न नेता, कार्यकर्ता, समर्थक, बुद्धिजीवी आदिलाई शाही सत्ताको पक्षमा लागेको देखाउने अभियानमा समेत जोडतोडसँग लागेका थिए ।

त्यसबेला सरकारी सञ्चारमाध्यमहरूले स्वतन्त्र सञ्चारमाध्यमका विरुद्ध स्वयंले समेत विचार व्यक्त गरेका थिए । *गोरखापत्र* दैनिकको यो सम्पादकीय त्यसैको एउटा उदाहरण हो–

> विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्ने गरी अधिराज्यका जुनसुकै भागमा पनि खोल्न स्वीकृति दिइएकोमा एफएमहरूले बिना रोकटोक जथाभावी रूपमा समाचारमूलक सामग्री प्रसारण गर्दै आएका थिए । यस्ता समाचारमूलक सामग्री राष्ट्र, राष्ट्रियता र सामाजिक मूल्य मान्यताको परिधिभित्र नरही प्रसारण हुन थालेपछि रोक लगाइएको छ । यस्ता सामग्री प्रसारण नगर्न केही महिनाअघिदेखि नियन्त्रण गरिएको थियो । स-साना सहर तथा गाउँमा मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्ने अवधारणाअनुरूप एफएम संस्थाहरू स्थापनाका लागि स्वीकृति दिइन्छ र त्यहीअनुरूप लिइन्छ पनि । विश्वका अन्य प्रजातान्त्रिक मुलुकहरूमा पनि यस्ता संस्था स्थापनामा स्वीकृति पाई सञ्चालनमा आएका भए पनि अन्यत्रका कुनै मुलुकमा पनि समाचार प्रसारण गर्ने अधिकार दिइएको पाइँदैन र नियमतः नमिल्ने देखिन्छ (गोरखापत्र २०६२ज) ।

अरू त अरू, २०६२ मङ्सिर १२ गते राति सरकारले *रेडियो सगरमाथा*मा लुटपाट मच्चाएपछि पनि सरकारी सञ्चारमाध्यमले आ-आफ्नै तालले समर्थन र प्रसन्नता व्यक्त गरे । त्यस क्रममा *गोरखापत्र*ले मङ्सिर १५ गते छापेको सम्पादकीयको आंशिक रूप यस्तो छ–

> **नैतिक दायित्वप्रतिको अभिमत**
>
> ...हुन पनि रेडियो सगरमाथाले उक्त दिन मुलुकको शान्ति र अमनचैनविरुद्ध खलनायक पात्र मानिएका व्यक्तिको अन्तर्वार्ता प्रसारण गर्ने जमर्को गरेर राष्ट्रिय प्रसारण ऐन २०४९ को उल्लंघन गरेको त थियो नै; अझ विद्युतीय सञ्चारमाध्यमले परिपालना गर्नुपर्ने मर्यादा र नैतिक धर्मको समेत धज्जी उडाउँदै शान्तिकामी नेपाली जनमतको भावना र संवेदनशीलतामाथि नै प्रहार गर्ने धृष्टतासमेत गरेको थियो । निश्चय नै कुनै पनि सञ्चारमाध्यम भगवान रामको 'यायावर' होइन जसमाथि कुनै कानुनी, संवैधानिक वा नैतिक मर्यादाको अंकुश नहोस् । ...के लोकतन्त्र र मानवअधिकार भन्ने शब्दका आवरणमा विरोधको स्वर उराल्ने बित्तिकै अराजक कार्य-चरित्रले वैधानिकता पाउँछ ?

> …पक्कै पनि रेडियो सगरमाथाविरुद्धको कारवाही सरकार वा राज्यका कुनै पनि अंग-निकायका पदाधिकारीको व्यक्तिगत पूर्वाग्रह होइन । यदि हुँदो हो त यो रेडियो धेरै अघि वा पटक-पटक कार्वाहीमा पर्दथ्यो होला । राज्यले आतंकवादलाई अन्त्य गर्नै पर्छ भन्ने अनि त्यही आतंकवादलाई प्रोत्साहित गर्ने बदनियतले खलनायक पात्रको स्वरलाई आफ्नो प्रसारण माध्यममा स्थान पनि दिने- यो कार्य-व्यवहारका पृष्ठभूमिमा रेडियो सगरमाथामाथि सरकारले कार्वाही आरम्भ गऱ्यो भने 'के अपराध गऱ्यो ?' … बस्तुतः रेडियो सगरमाथामाथिको कार्वाहीसँगसँगै सबै सञ्चारमाध्यमले मुलुक र जनताप्रतिको आ-आफ्नो कानुनी एवं नैतिक दायित्व परिपालनाप्रति थप सचेत र गम्भीर बन्नु वेश हुनेछ । …

*गोरखापत्र*मा छापिने गरेको 'जनबोली' स्तम्भलाई मूलतः स्वतन्त्र सञ्चार जगत् विरुद्ध विषवमन गर्ने ठाउँका रूपमा प्रयोग गरियो । यसमा स्वतःस्फूर्त रूपमा आएका पत्र भन्दै *गोरखापत्र*मै शाही सत्ताको पक्षमा सक्रिय रहेका व्यक्तिहरूले नक्कली पत्र बनाएर छाप्ने गरेका घटनाहरू पनि सार्वजनिक भए । यस्तैमध्ये २०६१ फागुन २१ गते छापिएको एउटा पत्र यस्तो थियो–

> **एफएमलाई हार्दिक धन्यवाद**
> …विगत केही समययता एफएममार्फत दिइँदै आएको समाचार बन्द गरेर सरकारले ज्यादै राम्रो काम गरेको छ सर्वसाधारणको लागि । एफएमहरूले एक त समाचार सम्प्रेषण गर्नै नपाउने नियम संसारमा रहेकोमा नेपाली एफएमहरूले उल्का नै गरेका थिए । तात्तातै समाचार दिने होडमा असत्य समाचार दिने उनीहरूको प्रवृत्तिले देशले मात्र होइन, कति सर्वसाधारणले हण्डर खानसम्म खाए । …एफएमहरूलाई वास्तवमा सर्वसाधारणले पटक्कै मन पराएका थिएनन् । अब भविष्यमा पनि यिनीहरूलाई कहिल्यै समाचार पढ्न दिइनुहुँदैन ।
> – हरेराम भण्डारी, भरतपुर, चितवन

सरकारसँगको कानुनी लडाई जितेर जब स्वतन्त्र रेडियोहरूले समाचार प्रसारण गर्न थाले, त्यसबेला पनि नाटकीय पत्रहरू छापिने क्रम रोकिएन । त्यसमध्ये २०६२ असोज ७ गते छापिएको एउटा पत्र यस्तो थियो–

> **एफएम समाचार भीड बटुल्ने माध्यम**
> एफएम रेडियोहरूले घण्टा-घण्टामा समाचार फुक्न थालेपछि कोलाहल निकै बढ्न पुगेको छ । साना-साना घटनालाई बढाईचढाई गरेर प्रचारप्रसार गर्दा जनतामा हरदम भयको वातावरण सिर्जना हुन पुगेको छ । नेताहरूको निरर्थक सडक आन्दोलनका पक्षमा बोल्ने र त्यसका लागि भीड जम्मा गरिदिने प्रमुख माध्यम बन्न पुगेको छ अहिले एफएम रेडियोको समाचार । सरकार तैपनि किन एफएम रेडियोको समाचार बन्द गर्न तम्सिँदैन ? सबैको चासोको विषय यही बनेको छ ।

सात दलको आन्दोलनलाई रुपियाँ पैसा खन्याएरै समर्थन गरिराखेका कतिपय छिमेकी मुलुक आफ्नो देशमा एफएम रेडियोको समाचार बन्द गर्दै आएका छन् भने नेपालमा चाहिँ यो छुट दिनैपर्छ भनेर प्रेस स्वतन्त्रताको व्याख्या गरिरहेका छन्। विदेशीको यो धूर्त व्यवहारलाई ठाडै गलहत्याएर नपन्छाएमा हामी तथा हाम्रो देश ज्यादै संकटमा फस्ने निश्चित छ। यसैले एफएम रेडियोको समाचार तुरुन्त बन्द गरियोस्। – बलबहादुर थापा, शेखर शर्मा, हेटौँडा, मकवानपुर

यस्ता अनेक पत्रहरू छापेर मात्र नपुगेर सरकारी सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरू नै प्रेस स्वतन्त्रताको विरोधमा देखा परे। *गोरखापत्र*को 'तीतो मिठो' स्तम्भमा छापिएको एउटा लेखको अंश यस्तो थियो–

एफएम रेडियोहरूलाई समाचार प्रसारण गर्न रोक लगाएपछि बन्द जुलुसबारे एक महिनाअघिदेखि फुक्ने प्रथा देशभरिका प्रसारण संस्थाहरूबाट बन्द गराइएको छ। तर अहिले यो काम विदेशी रेडियो, टेलिभिजन प्रसारण केन्द्रका नेपाली तथा कतिपय अन्य सेवाहरूबाट जोडतोडका साथ प्रारम्भ भएको छ। यसले जनतालाई राहत होइन, निकै आहत पुऱ्याएको छ। जसलाई यस देशका प्रत्येक राष्ट्रवादी नेपाली जनताले गम्भीरतापूर्वक लिएका छन्। कतिपय विदेशी रेडियो तथा टेलिभिजनको यो व्यवहारबाट प्रेस जगत्प्रति वितृष्णा उत्पन्न हुन थालेको छ, जुन अवश्य पनि राम्रो कुरा होइन (के.सी. २०६१)।

यस क्रममा कतिपयले रेडियो आन्दोलनसँग सम्बद्ध व्यक्तिहरूको विरोध गरे भने कतिपयले रेडियोबाट समाचार प्रसारण गरिने विषयमाथि नै आक्रमण गरे। त्यस्तो विरोध र आक्रमणको प्रचारप्रसार त सरकारी सञ्चारमाध्यमहरूको डच्यूटी बनेकै थियो, तिनले समाचारको नाममा स्रोतहीन विचार मात्र पनि प्रकाशित गरेको पाइन्छ। उदाहरणका लागि कसैको उद्धरण, घटना वा सन्दर्भ केही पनि उल्लेख नगरी *गोरखापत्र* दैनिकमा महत्त्वका साथ छापिएको 'अध्यादेश परिचय' लाई लिन सकिन्छ। जसको सुरु र अन्तिम वाक्य यस्ता छन्–

*पहिलो वाक्य* - श्री ५ को सरकारले सञ्चारसम्बन्धी विद्यमान ५ ओटा ऐनहरूलाई समयानुकूल संशोधन गर्न सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ कुनै नयाँ ऐनको रूपमा आएको नभई यो सञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित, मर्यादित र उत्तरदायी बनाउन ल्याइएको हो।
*अन्तिम वाक्य* - अध्यादेशमार्फत गरिएको यो नयाँ व्यवस्थाले सञ्चारसम्बद्ध व्यक्ति तथा संस्थाहरूलाई मर्यादित र जिम्मेवार बनाउने अपेक्षा गरिएको छ (गोरखापत्र २०६२झ)।

यसरी सरकारी सञ्चारमाध्यमको दुरुपयोग हुँदा त्यहाँ कार्यरत पत्रकारहरू कि त सहयोगी बने कि नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीका

शब्दमा 'जनताको अपमान भएको टुलुटुलु हेरेर अन्यायको साक्षी बसेसरह' भए ।[५९] सरकारी सञ्चारमाध्यमको दुरुपयोग भनेको जनताको रगतपसिनाको घोर अपमान भएकोले त्यसलाई रोक्न बेलैमा पहल गर्न महासंघले त्यहाँ कार्यरत पत्रकारहरूलाई ध्यानाकर्षण पनि गरायो तर त्यसको कुनै अर्थ भएन ।

*स्वतन्त्रताविरोधी स्वर संकलन*

निजी क्षेत्रबाट सञ्चालित कतिपय अखबारले पनि *गोरखापत्र*को बोलीमा लोली मिलाए । *नेपाल टेलिभिजन*का महाप्रबन्धक दुर्गानाथ शर्माजस्ता सञ्चार क्षेत्रकै व्यक्तिहरूले सबै सूचनालाई बलपूर्वक दबाएर नागरिकको कानसम्म पुग्न नदिने प्रणालीबाट मुलुकमा शान्ति छाएको ठाने । शर्माको भनाइ थियो– "शान्त छ अहिले नेपाल । एकाबिहानैदेखि यति बम पड्के, एम्बुसमा यति परे, फलानो दिनदेखि फलानो दिनसम्म बन्द, हडतालका समाचारलाई मात्र समाचार ठान्ने एफएमका समाचार अचेल सुन्नै छाडियो । अहिले श्रोताहरूका कान र दिमाग रन्कन छाडेको छ । ...त्यस्ता समाचार सुन्नैपर्ने बाध्यताबाट एफएमका श्रोताहरूले मुक्ति पाएका छन्" (दुर्गानाथ शर्मा २०६१) ।

पत्रकार डा. प्रदीप भट्टराईको विचारमा स्वतन्त्र रेडियोहरू अभिव्यक्ति स्वतन्त्रताका औजार थिएनन्, फोकटिया मनोरञ्जनका कारखाना मात्रै थिए । "अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनसँगै अहिले एफएम (फोकटिया मनोरञ्जन) का कारखानाहरूलाई पनि जोड्न थालिएको छ । ... यी फोकटिया मनोरञ्जनका कारखानाहरू कहिलेदेखि अभिव्यक्ति स्वतन्त्रताका पक्षधर थिए ?", उहाँले प्रश्न गर्नुभयो । र, आरोप पनि लगाउनुभयो– "आफ्नो व्यापारिक प्रयोजनका लागि अर्काका समाचार पढेर पत्रपत्रिकाको बजार घटाउने, बजारमा गएर सीडी किनेर एमपी थ्री बनाउने र क्यासेट, सीडीको बजार तहसनहस पार्ने यी काँटा लगाउने संस्कृतिका पक्षधरहरूलाई कृपया अभिव्यक्ति स्वतन्त्रताको औजार ठान्ने गल्तीबाट हामी मुक्त हुनैपर्छ" (भट्टराई २०६२) ।

सरकारी सञ्चारमाध्यम र विचार पृष्ठमा देखापर्ने 'विचारक' हरू बाहेक सरकारको रेडियोविरोधी रवैयामा साथ दिनेमा धेरैजसो साप्ताहिक पत्रपत्रिका देखा परे । समाचारको नाममा उनीहरूले विचार मात्र नभएर गालीगलौज समेत छापे । केही उदाहरण यसप्रकार छन् ।

राजाले सत्ता आफ्नो हातमा लिएकै हप्ता माघ २५ गते प्रकाशित *प्रतिस्पर्धा* साप्ताहिकले 'आम जनता' को हवाला दिएर एउटा सामग्री छाप्यो । 'पत्रकारितामा

---

[५९] विष्णु निष्ठुरीले २०६२ कात्तिक २१ गते जारी गर्नुभएको प्रेस विज्ञप्ति ।

नयाँ क्षेत्र खोजिनुपर्ने' शीर्षक राखिएको उक्त सामग्रीको एउटा अंशमा यस्तो भनिएको थियो–

> ...विश्वमा कहीँ नभएको गाईजात्रा नेपालमा भैरहेको र एफएमहरूकै कारण हत्या, आतंक र अपराधमा वृद्धि भएको साथै असामाजिक क्रियाकलापका समाचारहरूलाई एफएमले प्राथमिकता दिई समाजमा अस्थिरता ल्याउने गरेको र विशृंखलता पैदा गरेकोमा विशुद्ध मनोरञ्जनात्मक कुरा बाहेक समाचारमूलक प्रस्तुति सरकारले बन्द गरेको छ। एफएमलाई मनोरञ्जनको नाममा छाडा संस्कृतिलाई बढावा दिन समेत रोक लगाइनुपर्ने आमजनताको राय छ।...

*प्रतिस्पर्धा* साप्ताहिकले त्यसै अंकमा अर्को सामग्रीलाई पनि समाचारको रूपमा प्रस्तुत गरेको थियो। 'विश्वमा नभएको छुट नेपाली एफएमहरूलाई' शीर्षक दिएर छापिएको त्यो सामग्रीमा भनिएको थियो–

> विश्वका कुनैपनि मुलुकमा एफएम रेडियोहरूलाई समाचार प्रसारण गर्न नदिइएको छुट नेपालमा दिइएकोमा सञ्चार क्षेत्रका विशेषज्ञहरू चकित भएका छन्। विश्वका सञ्चार क्षेत्रका विशेषज्ञहरूले आमसञ्चारको स्थितिबारे लेखिएका रिपोर्ट र पुस्तकहरूको विस्तृत अध्ययन गर्दा विश्वका कुनै पनि मुलुकमा एफएम रेडियोलाई समाचार प्रसारणमा छुट दिएको पाइदैन। नेपालमा एफएम रेडियोहरूलाई समाचार प्रसारणमा छुट दिएर उनीहरूले जथाभावी रूपमा समाचार प्रसारण गरेर हत्या, हिंसा र अनैतिक कार्यहरूलाई बढावा दिएको वरिष्ठ समाजशास्त्रीहरूको ठहर छ। एफएम रेडियोलाई वितरण गरिने प्रसारण क्षमता प्रविधिको स्वीकृति पनि ज्यादै न्यून वाटको हुनुपर्दछ भन्ने दाबी विशेषज्ञहरूको छ। विश्वका प्रत्येक मुलुकले यस्तै गर्ने गरेका छन्। तर, यस अगाडिका भ्रष्ट तथा दलाल दलका मन्त्रीहरू भएका समयमा नेपालमा एफएम रेडियो खोल्ने स्वीकृति दिएका थिए। उनीहरूले सरकारी विद्युतीय सञ्चार माध्यमहरूले आफ्नो पक्षमा समाचार प्रसारण नगर्ने भएकाले तत्कालीन सञ्चारमन्त्रीहरूले आफ्नो पक्षका समाचारहरू अधिराज्यभर फैलाउने उद्देश्यले केही एफएमहरूलाई अधिराज्यभर प्रसारण गर्न दिने स्वीकृति समेत दिएका थिए। हाल नेपालमा सञ्चालित एफएमहरूले कथित नेपाल बन्दको पूर्व घोषणा, जुलुसका लागि भेला हुन पूर्व आह्वान गर्नेदेखि लिएर हत्या, हिंसालाई सघाउ पुग्ने सूचना तथा समाचारहरू खुलारूपमा प्रसारण गर्दै आएको र यही कारणले शान्ति सुरक्षाको स्थिति झन्झन् नाजुक बन्दै गएको महसुस भएको छ। यस्ता कुराहरूको मनन गरी हाल श्री ५ को सरकारले राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम तत्काल लागू हुने गरी एफएम रेडियोको समाचार प्रसारणमाथि रोक लगाएको सर्वत्र स्वागत गरिएको छ।

त्यसै दिन प्रकाशित *तरुण* साप्ताहिकले 'गिरफ्तार पत्रकारको खोजी' शीर्षकमा यस्तो समाचार छापेको थियो–

> अधिराज्यभरका छपन्नओटा एफएम रेडियो स्टेसनहरूबाट बज्ने लोक, आधुनिक तथा हिन्दी गीतले हिमाली अधिराज्य नेपाल गुन्जेको छ। राजनीतिक दलहरूको शासन मुलुकमा हुँदा दर्जनौं एफएम रेडियोबाट हत्या, हिंसा र आतंकका समाचार सुनेर दिक्क भएका नेपालीहरू बल्ल ढुक्क भएका छन्। अहिले एफएम रेडियोबाट समाचार बज्न नदिइएकोले त्यहाँ काम गर्ने पत्रकारहरूको घरमा पनि टेन्सन छैन। सधैं समाचार संकलन र प्रसारणका लागि एकाबिहानै घरबाट निस्केर बेलुका निकै अबेर घरमा फर्कने पत्रकारहरूका छोराछोरीले बाबुको मुख देख्नका लागि नेपाल बन्द नै पर्खनु पर्दथ्यो। अब त्यस्तो अवस्था छैन। यसरी मुलुकभर एफएम स्टेसनका मात्र करिब ५ सय पत्रकारले हाल फुर्सद पाएका छन्।

झट्ट हेर्दा व्यङ्ग्य गरेको जस्तो लागे पनि यसले रेडियो समाचारविरोधी सरकारी निर्णयलाई उचित नै ठहऱ्याएको देखिन्छ। यसै क्रममा चैत २५ गते *धरहरा टाइम्स*ले 'एफएमबाट जनताले मुक्ति पाए' शीर्षकमा यस्तो समाचार छाप्यो–

> एफएमलाई जथाभावीरूपमा गैरजिम्मेवारीपूर्ण ढंगले यस अघिका कांग्रेस, एमाले सरकारहरूले समाचार प्रसारण दिन छुट दिएकै कारण सर्वसाधारण जनताले दुःख पाउनुपरेको निष्कर्ष अहिले निकालेका छन्। एफएमबाट समाचार प्रसारण कार्य बन्द भएपछि त्यस्ता टेन्सनबाट जनता मुक्त भएको अनुभूति सर्वत्रबाट गरिएका छन् भने केही विदेशी दलालहरूले भने पुनः एफएमलाई समाचार प्रसारण गर्न दिनुपर्ने आवाज उठाएका छन्, त्यसलाई जनताले समयमै चिनेर कडा कारवाही गर्न नसके पुनः देशमा अशान्ति फैलाउन सक्छन्। त्यस्ता तत्त्वलाई सरकारले नभए सर्वसाधारण जनताले नै कारवाही गर्नुपर्ने र त्यस्तो एफएम स्टेसनलाई बन्द गराउनुपर्ने आवाज उठेका छन्। मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्ने अनुमति पाएका त्यस्ता एफएम स्टेसनहरूलाई केही राष्ट्रघाती नेताहरूले आफ्ना इसारा बमोजिमको समाचार प्रसारण गराउनको लागि भएपनि विभिन्न करहरूमा छुट दिइआएको रहस्य पनि अहिले आएर सार्वजनिक भएका छन्।...

एफएमहरूले समाचार प्रसारण गर्न पाउने अन्तरिम आदेश अदालतले दिएपछि सत्तासमर्थक सञ्चारकर्मीहरूमा ठूलो छटपटी पैदा भयो। त्यो छटपटीको प्रतिनिधित्व २०६२ साउन ३० गते प्रकाशित *नवरस* साप्ताहिकले गरेको पाइन्छ। 'एफएम सञ्चालकहरूको आत्मरति' शीर्षकमा प्रकाशित सामग्रीको केही अंश यस्तो छ–

> ...यदि मुलुक विषम परिस्थितिमा परेको बेला सञ्चार जगत्लाई अनुशासित र मर्यादित बनाउने सरकारी प्रयासलाई सहयोग गर्ने मनसायले सर्वोच्च अदालतले सरकारको अनुकूल हुने गरी फैसला गरेमा अदालतको अन्तरिम आदेश आएकै भरमा समाचार प्रसारण पुनः सुरु गरेर राज्यको प्वाँख काट्न थालेका एफएमका सञ्चालकहरू मुटुमाथि

ढुंगा राखेर धुरुधुरु रुनुपर्ने हुन सक्दछ । त्यतिबेला उनीहरूको रोदन सुनिदिने दयालु श्रोता केही पनि हुने छैन । एफएमका सञ्चालकहरूले उपरोक्त सम्भावनाप्रति बेलैमा विचार पुऱ्याई काम गर्नु बुद्धिमता हुनेछ । सर्वोच्च अदालतले नेपाल एफएम समाचार प्रकरणमा अन्तरिम आदेश जारी गर्नका अलावा नेपाल एफएमलाई इजाजत रद्द गर्ने धम्की सहित किन पुर्जी काटिएको त्यसको स्पष्ट कानुनी आधार खुलाई जवाफ पठाउन सरकारलाई १५ दिनको म्याद दिएको छ । सरकारको जवाफलाई न्यायिक दृष्टिले सर्वोच्च अदालतले उपयुक्त ठहऱ्याएमा जीत सरकारकै हुनेछ । समाचार प्रसारणका नाममा सूचनाको चोरी तथा दलाली गर्दै आएका र आतंकवादी गतिविधिका सम्बन्धमा बढाइचढाइ गरेर प्रचारवाजी गर्दै सुरक्षा निकायको मनोवल गिराउने काम गर्दै आएका एफएम स्टेसनहरूलाई गतिलो झापड मिल्नेछ । त्यतिबेला एफएमका सञ्चालकहरू दुलो पस्न बाध्य हुनेछन् ।

त्यसको भोलिपल्ट साउन ३१ गते प्रकाशित *चर्चा* साप्ताहिकले पनि 'एफएमहरूको उत्ताउलो प्रस्तुति' शीर्षकमा *नवरसकै* भाकामा समाचार छापेको थियो । अदालतले समाचार प्रसारण गर्न बाटो खुलाएकोमा क्षुब्ध र असन्तुष्ट देखिएका यस्ता अखबारले अदालतको आदेशलाई आलोचना गर्न भने सकेका थिएनन् । चर्चाको समाचारको एउटा अंश–

सर्वोच्चले आफ्नो अन्तरिम आदेशमा समाचार प्रसारण गरेकै भरमा नेपाल एफएमको दर्ता खारेज नगर्नू भन्ने औचित्य पुष्टि गर्न पन्ध्र दिनको म्याद जारी गरेको छ । यही आदेशलाई आफ्नो जीत सम्झिएर एफएम सञ्चालकहरूले धमाधम समाचार प्रसारण गर्न सुरु गरेका छन् र यस्ता समाचारहरू प्रायोजित हुने गरेको र संवेदनशील क्षेत्रलाई गम्भीर असर पर्न थालेको मानिएको छ । केही दिनपछि सरकाले आफ्नो प्रतिउत्तर पठाएपछि सर्वोच्चले एफएमबाट प्रसारण गरिने सबै समाचारहरूमा बन्देज लगाउनुपर्ने फैसला गऱ्यो भने त्यसबेला एफएम सञ्चालकहरूको अवस्था कस्तो होला ? कससे कम यिनीहरूले सर्वोच्चको फैसला नमानेर तत्कालै समाचार प्रसारण गर्ने उत्ताउलोपन नदेखाएर अन्तिम फैसला पर्खिएको भए यो उनीहरूको निम्ति निकै सकारात्मक मानिन्थ्यो । तर अहिले एफएमहरूले जसरी समाचार प्रसारण सुरु गरेका छन्, त्यसबाट यिनीहरूको उत्ताउलोपन मात्र देखिँदैन, यस्ता प्रायोजित समाचारले देशको संवेदनशीलता र देशको सुरक्षालाई समेत गम्भीर असर पर्न थालिसकेको टिप्पणी आम जनतामा सुरु भएको छ ।

*कान्तिपुर एफएम*मा सरकारले मध्यराति गरेको लुटपाटपछि जब अदालतमा मुद्दा पऱ्यो, त्यसबेला अदालतलाई प्रभाव पार्ने किसिमका सामग्रीहरू पनि छापिए । त्यस्तैमध्ये एउटा सामग्रीको अंश–

एफएम कसैलाई सत्ताको भऱ्याङ बनिदिनका लागि हुँदै होइन । फेरि कसैलाई पैसा र प्रतिष्ठाका लागि सूचना साम्राज्य फैलाउने अधिकार पनि हुँदैन । यस्तो स्पष्टता हुँदाहुँदै

> सर्वोच्चले पनि के आधारमा इजाजतका लागि अनुमति दिने ? सर्वोच्चमा जति अरण्यरोदन गरे पनि, आउरे-बाउरे भाटहरूलाई जम्मा गरी प्रभाव पार्न खोजे पनि, बार एसोसिएसनको जति चाकडी गरे पनि र शम्भु थापालाई पशुपतिकै अवतार भने पनि (भक्तिभाव दर्शाउन छुट छ) ५० औं वर्षको कानुनी अभ्यासमा क्रममा सर्वोच्चले यस्ता राजनीति धेरै बुझेको छ । अनि *कान्तिपुर*ले गरेको सर्वोच्चको यो गुलामी निहित स्वार्थसिद्ध नहुञ्जेलसम्म हो र बाँकी दिनमा पण्डितलाई दान दिइसकेपछि गाई फिर्ता खोज्ने गुनहराम यजमानको जस्तो व्यवहार देखाउँदैन भनेर सर्वोच्चले बिर्सन्छ र ? (थापा २०६२) ।

यसरी पत्रिकाले आफ्नै तर्फबाट गालीगलौज गर्नुका साथै सरकारी विचारहरूलाई एकपक्षीय रूपले स्थान दिने र स्वतन्त्र रेडियोका साथै आम सञ्चारका माध्यमलाई गाली गराउने काम पनि निकै भए । यसका लागि मूलतः सरकारी मन्त्री तथा अरू अधिकारीहरूका अन्तर्वार्ता प्रकाशित गर्ने गरिएको थियो ।

शाही त्रास र आसको त्यस घडीमा केही रेडियोकर्मी, खासगरी लगानीकर्ताहरू, पनि आफ्नो स्वतन्त्रताको पक्षमा अडिग देखिएनन् । केहीले त सञ्चारअध्यादेशकै स्वागत समेत गरे । बुटवलको *तिनाउ एफएम*का अध्यक्ष मृगेन्द्रकुमार शेरचन त्यस्तैमध्ये देखा पर्नुभयो र अध्यादेशले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने नभई जिम्मेवार बनाउने विश्वास व्यक्त गर्नुभयो (गोरखापत्र २०६२ञ) । उहाँले पत्रकारिताको अधिकार छ भन्दैमा आफ्नो जिम्मेवारीलाई बिर्सन नसकिने बताउनुभएको थियो ।

## *हतियारको आवाज सुनाउने साधन*

राजाको घोषणापछि स्वतन्त्र रेडियोहरू बन्दुकको चेपुवामा पर्दै गए । सरकार मात्र नभएर राज्यसत्ता विरुद्ध सशस्त्र संघर्ष चलाइरहेको नेकपा (माओवादी) पनि रेडियो कब्जा गर्ने अभियानमा लाग्यो । सरकारी रेडियो मात्र देख्न चाहने सरकार, समाचार कक्षदेखि स्टुडियोसम्म निर्विघ्न पुग्न थालेको शाही नेपाली सेना र आफैंले रेडियो चलाएर हिंडेको माओवादी सबैलाई एफएम रेडियो चाहिएको थियो । तर स्वतन्त्र होइन; आफूद्वारा नियन्त्रित र सञ्चालित । त्यसैले त सरकारले सरकारी रेडियोमै पनि मानवअधिकारसम्बन्धी कार्यक्रममा समेत बन्देज लगाइदिएको थियो ।[६०]

---

[६०] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ११ वर्षदेखि *रेडियो नेपाल*मा चलाउँदै आएको *मानवअधिकार शिक्षा कार्यक्रम* २०६२ कात्तिक १२ गतेदेखि बन्द भएको थियो । सरकारले गैरसरकारी संस्थाका लागि जारी गरेको विवादास्पद आचारसंहिताको विरोध हुने गरी छलफल कार्यक्रम चलाएको हुनाले यो कार्यक्रम बन्द गराइएको थियो ।

*सैनिकीकरण*

रेडियोमा सैनिकीकरणको कुरा गर्दा सेनाको हस्तक्षेप, धाकधम्की वा रेडियोकर्मीमा राजनीतिक कारणले उत्पन्न भएको मनोवैज्ञानिक प्रभावको मात्र कुरा गरियो भने अपूरो हुन जान्छ । त्यसैले आम सैन्य गतिविधिका कारण उत्पन्न हुने त्रास, सेनाले रेडियोलाई गर्ने व्यवहारका कारण पैदा हुने अन्य खतरा र  सेना स्वयंले रेडियोसँग सम्बन्धित भएर गर्न खोजेको व्यवहारलाई समेत यस सन्दर्भमा समेट्नु आवश्यक हुन्छ ।

२०६१ फागुन १६ गते *सोलु एफएम*मा ठूलो मानसिक तनाव छायो । माघ १९ पछि यसै पनि सन्त्रस्त त्यहाँका रेडियोकर्मीहरूका लागि त्यो दिनको सन्त्रास अलग किसिमको थियो । रेडियो स्टेसन रहेको क्षेत्रमा बिहान ७:३० बजेतिर गोलीका आवाज सुनिए । यो वास्तवमा रेडियोमाथि हुन खोजेको आक्रमण नभएर सेना र माओवादीबीचको भिडन्त थियो जुन एक घण्टा जति चल्यो । त्यसपछिका दिनहरूमा सुरक्षाफौजको व्यवहारमा परिवर्तन आयो । सुरक्षाकर्मीले एफएममा काम गर्ने मान्छेहरूलाई मानसिक दबाब दिने खालका व्यवहार गर्न थाले । त्यही बेला माओवादीले चाहिँ समाचार प्रसारण गर्न दबाब दिन थालेका थिए ।  'गीतसंगीत मात्र बजाउने भए रेडियो कब्जा गर्नुपर्ला' भन्ने आशयका अनौपचारिक धम्कीहरू *सोलु एफएम*मा आइरहे । यसले अनिश्चय र त्रासको वातावरण सिर्जना गर्‍यो ।

त्यसको चार दिनपछि फागुन २१ गते पर्सा एफएम (प्रा.) ली. द्वारा सञ्चालित *रेडियो वीरगञ्ज* अचानक बन्द भयो । तर त्यो माओवादीले कब्जा गरेको नभई सेनाले बन्द गरेको थियो । सेनाले रेडियोको ट्रान्समिटर नै कब्जा गरेर 'अनुसन्धानका लागि' भन्दै स्थानीय सैनिक ब्यारेकमा पुर्‍यायो । रेडियोका प्रवर्द्धकमध्येका एक वीरगञ्जका पत्रकार दीपेन्द्र चौहानका अनुसार, त्यसरी ट्रान्समिटर लैजाँदा सेनाले एक जना प्राविधिक कर्मचारीलाई पनि लगेको थियो ।

उता, नवलपरासीको गैंडाकोटमा रहेको *विजय एफएम*लाई सेनाको भरतपुर ब्यारेकबाट गएर सैनिकहरूले 'अलिकति पनि नियम उल्लंघन भयो भने हामी ट्रान्समिटर झिकेर लगिदिन्छौँ, सधैँका लागि ढोकामा ताल्चा लगाइदिन्छौँ, लाइसेन्स जफत पनि गर्न सक्छौँ' भनेर पटक-पटक दबाब र धम्की दिइरहे ।

त्यसबारे जिल्ला सुरक्षा समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारीसँग कुरा गर्न जाँदा उनी समेत सेनाकै शैलीमा प्रकट भएका थिए । उनको भनाइ उद्धृत गर्दै विजय एफएमका रेडियोकर्मीहरू भन्छन्– "गीत मात्र बजाउनुस्, अन्यथा राम्रो हुने छैन ।" आफ्नो गाउँको रेडियो स्टेसन सेनाले घेरेको देख्दा स्थानीय

वासिन्दामा अर्को त्रास पैदा भयो । अब माओवादी पक्षबाट आक्रमण होला र खतरामा परिएला भनेर उनीहरू डराए । यसबीच सेनाले *विजय एफएमस*ँगै चितवनका रेडियो स्टेसनका व्यवस्थापकहरूलाई पनि पटक-पटक सैनिक व्यारेकमा हाजिर गराउन थाल्यो । देशभरि नै सेनाको इच्छा नागरिक प्रशासनमाथि पूरै हाबी हुन थालेको थियो । काठमाडौँमा २०६२ जेठ १३ गते *कम्युनिकेसन कर्नर*लाई बन्द गराउन दिइएको आदेश पनि सेनाको इच्छाबमोजिम नै आएको थियो (ढुङ्गेल २०६२ख : १४७) ।

यसै सिलसिलामा नागरिकद्वारा एफएम रेडियोबाट समाचार प्रसारण गरिनुलाई 'दिगो शान्तिको बाधक' ठान्ने र शाही नेपाली सेनाले एफएम रेडियो सञ्चालन गर्नु 'अपरिहार्य' मान्ने खालका विचारहरू पनि सार्वजनिक हुन थाले । जस्तै–

> वर्षातको च्याउ झैँ उम्रिएका एफएम स्टेसनहरूबाट केही समयअघि (२०६१ माघ १९) सम्म प्रसारित समाचारहरूबाट आम श्रोता दिग्भ्रमित बन्दै आएका थिए । समाचारको विना आधिकारिकता, विना स्रोत, जथाभावी प्रस्तुत गरिंदा त्यसको दूरगामी असर के पर्दछ भन्नेतर्फ कुनै ध्यान नै नदिई सस्तो लोकप्रियता हासिल गर्ने समाचारबाट अप्रत्यक्षतः आतंकलाई प्रश्रय मिल्दै आएको थियो । अराजक भीड निम्त्याउन, जनमानसमा नकारात्मक भाव पैदा गर्नमा त्यस प्रकारका समाचारहरूमा अस्वस्थ प्रतिस्पर्धा नै चलिरहँदा सुरक्षाफौजका क्रियाकलाप प्रभावकारी बन्न सकिरहेका थिएनन्, जुन कार्य दिगो शान्तिका लागि बाधक नै थिए ।
>
> शाही नेपाली सेनाले पनि २००८ सालदेखि नै रेडियो नेपालमार्फत आफ्नो छुट्टै कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर, आज सेनासँग सम्बन्धित समाचार यति धेरै छ कि हप्तामा दुई पटकको ३० मिनेटको समयावधि दिनानुदिन अपर्याप्त बन्दै गैरहेको छ । यस्तो परिप्रेक्ष्यमा आम श्रोताबाट समय बढाउन भइरहेको अनुरोध यहाँ उल्लेख नगर्नु अन्याय नै ठहर्छ । रेडियो नेपालसँग किनेको समयावधि बढाएर मात्र सेनाप्रतिको जनचासो र जनताबाट सेनाले प्राप्त गर्नुपर्ने आत्मिक र मानसिक ऊर्जा अपेक्षाबमोजिम प्राप्त हुन नसकेको तथ्यलाई मध्यनजर राख्दा देशवासी समक्ष अत्यावश्यक सूचनाहरू यथाशक्य छिटो प्रभावकारी ढंगले पुऱ्याउन सेनाका लागि आफ्नो छुट्टै एफएम स्टेसनको अपरिहार्यता समेत महसुस हुँदै गएको छ । आशा छ, चाँडै नै सेनाको आफ्नो छुट्टै रेडियो स्टेसनको सपना साकार हुने छ र सेनाले आफ्ना चुनौतीहरूको सामना गर्न देशवासीबाट पर्याप्त साथ र सहयोग पनि प्राप्त गर्न सफल हुनेछ (थापा २०६१) ।

यो 'सपना' साकार पार्ने निर्णय २०६२ असार १० गते प्रधानसेनापति प्यारजङ्ग थापाले नेतृत्व गरेको केन्द्रीय सुरक्षा समितिको बैठकले गरेको थियो । तर सूचना तथा सञ्चार मन्त्रालयले भने २०६२ फागुन १७ मा मात्रै शाही नेपाली सेनालाई एफएम रेडियो चलाउने इजाजत दिएको थियो ।

मन्त्रालयले माओवादीको प्रचारविरुद्ध प्रतिकार गर्न भनेर सेनालाई यस्तो अनुमति दिएको थियो । त्यसअनुसार, सेनाले चारओटा एक किलोवाट र छओटा २५० वाटका रेडियो सञ्चालन गर्ने योजना बनाएको थियो (घले २०६२) । ती एफएम स्टेसनलाई माओवादीले जस्तै गरी घुम्ती रूपमा देशभरि चलाउने सेनाको योजना थियो । यसरी सरकारले सेनाको प्रयोग गरेर 'जनताको फ्रिक्वेन्सी' माथि धावा बोलेको थियो । ८८ देखि १०८ मेगाहर्जसम्म नागरिकले प्रयोग गर्न पाउने फ्रिक्वेन्सी भनिएपनि ८९.६, ९६.४, १०१.८ र १०३.३ मेगाहर्ज सरकारले सेनालाई प्रयोग गर्न दियो । सेनालाई अनुमति दिन राष्ट्रिय प्रसारण नियमावली अनुसारको शुल्कसमेत लिइएन र २ करोड रुपियाँभन्दा बढी पर्ने रेडियो सामग्री ल्याउन भन्सार छुटको सुविधा पनि प्रदान गरियो ।

'रणनीतिक घुम्ती एफएम' भनिएका यी एफएम रेडियोले 'वैज्ञानिक तथा सकारात्मक प्रचार' गरेर माओवादीको प्रचारलाई निस्तेज पार्ने भनिएको थियो । आरम्भमा यिनलाई केन्द्रीय तहमा र त्यसपछि क्षेत्रीय तहमा विस्तार गर्ने योजना बनाइएको थियो, जसअनुसार केन्द्र, पृतना हुँदै सेनाका बाहिनीसम्म रेडियोको संरचना विस्तार गरिनेथियो । यति तयारी भइसक्दा र प्रसारण अनुमति पाइसक्दा पनि सैनिक प्रवक्ता नेपालभूषण चन्दले भने यसलाई पुष्टि गर्न अस्वीकार गर्नुभएको थियो ।

सञ्चार क्षेत्रले यसको विरोध गऱ्यो । नेपाल पत्रकार महासंघले यसलाई 'मुलुकलाई सैनिकीकरणतर्फ अघि बढाउने थप प्रयत्न र स्वतन्त्र प्रसारण माध्यमलाई कमजोर तुल्याई सैनिक प्रोपोगण्डा मच्चाउने प्रयत्न' बतायो ।[६१] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका संयोजक रघु मैनालीले 'स्वतन्त्र समाचारको सट्टा प्रोपागाण्डाप्रति सरकारको प्राथमिकता' भन्ने टिप्पणी गर्नुभयो । हुन पनि *रेडियो नेपाल* र *नेपाल टेलिभिजन* जस्ता सरकारी सञ्चारमाध्यमबाट आफ्ना कार्यक्रम निर्बाध प्रसारण गरेर पनि चित्त नबुझी सेना आफैँले रेडियो खोल्न अघि सर्नुले उसको महत्त्वाकांक्षालाई मुखरित गर्दथ्यो ।

विरोधकै बीच सेनाले राजधानीमा आफ्नो एफएम रेडियोबाट परीक्षण प्रसारण गऱ्यो । कुनबेला कुन फ्रिक्वेन्सीमा प्रसारण गरियो भन्ने स्पष्ट उल्लेख नगरिए पनि प्रसारण गरेका खबरहरूको सेनाले खण्डन गरेन । उसका प्रसारणमा सैनिक गतिविधि, गीतसंगीत र जनआवाजहरू समेटिएका थिए । यसका लागि सेनाले दुईओटा फ्रिक्वेन्सी प्रयोग गरेको थियो । सेनाकै पूर्व ब्रिगेडियर जनरल

---

[६१] नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमितिको २०६२ फागुन २५ र २६ गते बसेको पाँचौं बैठकले गरेको निर्णय ।

दीप्तप्रकाश शाहले समेत सेनाको यो प्रयासलाई 'गैरकानुनी'को संज्ञा दिनुभएको थियो ।[६२] यस्तो कार्यले सेनालाई राजनीतीकरण गर्ने उहाँको ठोकुवा थियो ।

यसैबीच सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणाले नेपालको प्रेस स्वतन्त्रताप्रति ऐक्यबद्धता जनाउन अन्तर्राष्ट्रिय पत्रकार महासंघको नेतृत्वमा आएको प्रतिनिधि मण्डलसामु आतंकवादको अन्त्य गर्न र आतंककारी विरुद्ध लाग्नका लागि विश्वका अन्य मुलुकमा भए अनुसार शाही नेपाली सेनालाई एफएम स्टेसन सञ्चालन गर्न सरकारले स्वीकृति दिएको खुलासा गर्नुभयो (नेपाल समाचारपत्र २०६२ङ) । उहाँले सेनालाई रेडियोको लाइसेन्स दिनु असंवैधानिक र अप्रजातान्त्रिक नहुने दाबीसमेत गर्नुभयो (छेत्री सन् २००६) ।

२०६२ चैत १५ गते शाही नेपाली सेनाले पनि छओटा एफएम रेडियो सञ्चालन गर्न लागेको पुष्टि गऱ्यो । सैनिक प्रवक्ता नेपालभूषण चन्दले माओवादीले सञ्चालन गरेको मोबाइल एफएमले भ्रामक प्रचार गरेकोले त्यसलाई निस्तेज पार्न एफएम सञ्चालन गर्न लागिएको बताउनुभयो । सेनाले पाएको प्रसारण अनुमतिपत्रको संख्या र ती रेडियोको फ्रिक्वेन्सीबारे पारदर्शी किसिमले कहिल्यै जानकारी नगराइए पनि स्वतन्त्र एफएम रेडियोबाट सेनाले आफ्नो लक्ष्यअनुसारको प्रसारण गर्न नपाएकाले छुट्टै एफएम प्रसारण गर्न लागेको चाहिँ चन्दले जानकारी दिनुभयो ।[६३]

२०६२ माघ १७ गते रेडियोबाट सूचनामूलक सामग्री बजाएको आरोपमा *श्रीनगर एफएम,* पाल्पाका स्टेसन म्यानेजर जगदीश भट्टराईलाई सादा पोशाकका प्रहरीले पक्राउ गरे । उहाँसहित स्टेसनका अध्यक्ष भीमसेन कार्कीलाई पनि प्रशासनले नियन्त्रणमा लियो र केही घण्टापछि छोडचो । यसअघि तानसेन नगर निर्वाचनका एक उम्मेदवारलाई उम्मेदवारी फिर्ता लिन माओवादीले आह्वान गरेको सामग्री माघ १५ गते प्रसारण गरेको अभियोगमा त्यसै दिन प्राविधिक किरण पाण्डे र सञ्चारकर्मी नारायण तिमिल्सिनालाई पक्राउ गरी २ घण्टा सोधपुछ गरेर छाडिएको थियो ।

शाही शासनकालमा स्वतन्त्र रेडियोले प्रत्यक्ष रूपमा युद्धको शिकार पनि हुनुपऱ्यो । राजाले शासन सत्ता आफ्नो हातमा लिएको ठीक एक वर्ष पुगेको रात

---

[६२] नेपाल पत्रकार महासंघका काठमाडौँ, ललितपुर र भक्तपुर शाखाले २०६२ फागुन २६ गते आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै ।

[६३] आन्दोलनको सफलतापछि बनेको सरकारले सेनालाई दिइएको प्रसारण अनुमति रद्द गरिदिएको छ । तर, पूर्ववर्ती शाही सरकारले अनुमति दिएका सैनिक रेडियोहरूले उपकरण झिकाए नझिकाएको प्रस्ट पारिएको छैन र परीक्षण प्रसारण थालिसकेको सेनाका रेडियो उपकरणलाई के गरियो भन्ने बारेमा पनि पारदर्शी र आधिकारिक रूपमा केही बताइएको छैन ।

२०६२ माघ १८ गते माओवादीले पाल्पाको सदरमुकाम तानसेनमा आक्रमण गर्दा *रेडियो पश्चिमाञ्चल* युद्धस्थल बन्न पुगेको थियो । माओवादीले सेनामाथि आक्रमण गरेपछि सेनाको एउटा टुकडी रेडियो स्टेसन भएको घरको छतमा पुगेर युद्धमा सामेल भएको थियो । त्यसको लगत्तै माओवादीले वरिपरिबाट भीषण हमला गरेका थिए । बिहान ५ बजेसम्म चलेको भिडन्तमा रेडियोको लाइब्रेरी, स्टुडियो, नियन्त्रण कक्ष, उपकरण कक्ष, टावर र एन्टेना समेत पूरै क्षतिग्रस्त भएका थिए । स्टेसन रहेको घर माओवादीहरूले हानेका गोली लागेर क्षतविक्षत भएको थियो र त्यहाँ सेनाका तीन जनाले ज्यान गुमाएका थिए ।

घटनाको लगत्तै स्थलगत अध्ययनमा गएको ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालको टोलीले रेडियो स्टेसनको ४ लाख ९० हजार रुपियाँ बराबरको क्षति भएको ठहर गऱ्यो ।[६४] यो रेडियोको सहयोगका लागि काठमाडौँमा रहेको *नेपाल एफएम*ले अभियान नै चलायो । रेडियो बचाऊ आन्दोलनका तर्फबाट नबिल बैंकमा सहयोगको खाता खोलियो । *रेडियो पश्चिमाञ्चल* स्वयंले विस्तृत अध्ययन गरेर १७ लाख ३४ हजार रुपियाँ बराबरको क्षति भएको दाबी गर्दै सरकारसँग क्षतिपूर्तिको माग दाबी गऱ्यो ।[६५] र, करिब ११ लाख ३६ हजार रुपियाँ क्षतिपूर्ति पनि प्राप्त गऱ्यो । तीन हप्तापछि, फागुन १० गते यसको प्रसारण पुनः सुरु भयो ।

यसै पनि *पश्चिमाञ्चल एफएम*मा भएको क्षतिको नैतिक जिम्मेवारी लिएर सरकारले तत्काल क्षतिपूर्ति र एफएम प्रसारण सुरु गर्ने व्यवस्था गरिदिनु पर्दथ्यो ।[६६] त्यसमाथि सेना रेडियो रहेका भवनमा प्रवेश गरी त्यही भवनलाई युद्धमोर्चाका रूपमा प्रयोग गर्नु राज्यले हस्ताक्षर गरेका सबै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र मापदण्डहरूको खुल्ला उल्लंघन थियो । युद्ध समाप्त भएपछि सो भवनको प्राङ्गणमा पाँचओटा बाल्टिन बम र दर्जनौँ सकेट बम फेला पारिएकोले माओवादीले पनि युद्धको नियमविपरीत सञ्चारमाध्यम र आवास क्षेत्र (होटल) को संवेदनशीलताको ख्याल नगरेको देखिन्छ । प्रत्यक्षदर्शीहरूका अनुसार माओवादीले उक्त भवनको छतमा चढेका सैनिकलाई बारम्बार बाहिर खुल्ला चौरमा आएर युद्ध लड्न आह्वान गरेका थिए । साथै गोली प्रहार सुरु गर्नुअघि होटलमा वा रेडियोमा कोही मानिस भए बाहिर आउन आह्वान पनि गरेका थिए । तर राज्यको सेना भने होटल र रेडियो स्टेसनमा मानिस भए नभएको कुनै वास्ता

---

[६४] टोली सदस्यहरू विष्णुहरि ढकाल, प्रदीप घिमिरे, सरोज दाहाल, बलेन्द्र ठकुरी ।

[६५] *रेडियो पश्चिमाञ्चल*का स्टेसन म्यानेजर दामोदर खनालबाट प्राप्त जानकारी ।

[६६] २०६२ माघ २३ गते नेपाल पत्रकार महासंघले सार्वजनिक गरेको धारणा ।

नगरी सोभै प्रवेश गरेर भिडन्तमा सरिक भएको थियो जसबाट सञ्चारमाध्यमप्रति सैनिकहरूमा संवेदनशीलताको अभाव रहेको अझ स्पष्ट हुन्थ्यो (ढकाल, घिमिरे, दाहाल र ठकुरी २०६२ : ६)।

*युद्धप्रचारको औजार*

सरकारले समाचार प्रसारणमा बलपूर्वक प्रतिबन्ध लगाएका बेला माओवादी चाहिँ समाचार प्रसारण गर्न चर्को दबाब दिइरहेको थियो। गीतसंगीत मात्र बजाएमा वा आफ्ना सूचनाहरू प्रसारण नगरेमा रेडियो नै कब्जा गर्ने आशयका माओवादीका धम्की *सोलु एफएम*मा मात्र नभएर सबैतिरका रेडियोकर्मीहरूले अनेकौँ पटक व्यहोर्न बाध्य हुनुपऱ्यो। राज्यले अनेक खालका आदेश र सुरक्षा संयन्त्रको प्रयोग गरेर स्वतन्त्र रेडियोलाई चुप लगाउने नीति लिएको थियो भने विद्रोही माओवादीले रेडियो नै कब्जा गर्ने झन् डरलाग्दो योजना अघि सार्न थाल्यो।

यसअघि नेकपा (माओवादी) ले रेडियो पत्रकार धनबहादुर रोका मगरको हत्या गरेको समाचार पत्रकार महासंघमार्फत चैत ७ गते सार्वजनिक भयो। *रेडियो नेपाल*को क्षेत्रीय प्रसारण केन्द्र सुर्खेतमा मगर (खाम) भाषाका समाचार सम्पादक धनबहादुर मगरलाई २०५९ साउन १६ गते माओवादी कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता पारेका थिए। त्यसको ६ महिनापछि उहाँको हत्या भयो। श्रीमती दिलकुमारी रोका मगरले दिएको जानकारीअनुसार उहाँका पतिलाई २०५९ माघ १६ गते शहीद दिवसका दिन रुकुम र रोल्पाको सीमावर्ती खवाङ गाविसको जंगलमा हत्या गरिएको थियो। यो घटनाका बारेमा २०६१ कात्तिक ६ गते रोल्पामा आयोजित सभामा माओवादीले पुष्टि गरेको पनि थाहा भयो।

बल प्रयोगकै नीति अख्तियार गर्दै कैलालीको अत्तरियामा रहेको सामुदायिक रेडियो *घोडाघोडी एफएम*को स्टेसन २०६२ जेठ ५ गते राति माओवादी कार्यकर्ताहरूले कब्जा गरेका थिए। उनीहरूले एफएमका सबैजसो उपकरण लगायत करीब १० लाख रुपियाँ बराबरको सामान लिएर गएको एफएमले जनाएको थियो।[६७] तीन दर्जन जतिको समूहमा आएर लुटपाटमा संलग्न भएका उनीहरूले एफएम स्टेसनका कोठामा तोडफोडसमेत गरेका थिए। त्यो घटनाको

[६७] घटनाको लगत्तै एफएमको सञ्चालक संस्था ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस) लाई उद्धृत गर्दै पत्रपत्रिकामा प्रकाशित मूल्यांकन। बेसले जनाएअनुसार, माओवादी छापामारहरूले एउटा मोटरसाइकल, दुई थान कम्प्युटर लगायत कन्ट्रोल रुम र रेकर्डिङ्ग रुमका सबै उपकरण लुटेका थिए।

चौतर्फी विरोध भयो । ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (ब्यान) ले लुटपाटको घटनाप्रति माफी माग्न, सम्पूर्ण उपकरण फिर्ता गर्न र आइन्दा जनताको प्रयत्नमाथि यस्तो असभ्य प्रहार नगर्ने सार्वजनिक बाचा गर्न माग गऱ्यो । तर, माओवादीबाट यसको कुनै सुनुवाइ भएन । यसको ठीक विपरीत उसले रेडियोहरूलाई थप आक्रमणको खतरा महसुस हुने गरी खबर पठाउने काम गरिरह्यो ।[६८]

स्वतन्त्र रेडियोलाई लुट्न र तिनको प्रभावलाई बलपूर्वक आफ्नो पक्षमा उपयोग गर्न खोज्ने माओवादी स्वयंले देशभरि पाँचओटा 'मोबाइल एफएम रेडियो स्टेसन' चलाइरहेको थियो । 'रेडियो जनगणतन्त्र नेपाल' नाम दिएर चलाइएका ती रेडियोहरूबाट समाचार लगायतका सामग्रीहरू प्रसारण हुने गरेका थिए । रुसी अक्टोबर क्रान्ति दिवस (अक्टोबर ७) को अवसर पारेर २०६० कात्तिक २१ मा माओवादी अध्यक्ष प्रचण्डको शुभकामना सन्देश प्रसारणबाट तिनको एकसाथ औपचारिक उद्घाटन गरिएको थियो । 'आदरणीय जनसमुदायहरू' भनेर श्रोतालाई सम्बोधन गरिएको तीन अनुच्छेदको शुभकामना सन्देशमध्ये तेस्रोमा रेडियोको बारेमा यस्तो उल्लेख गरिएको थियो–

> सन् १९१७ आजकै दिनमा महान् लेनिन र त्यहाँको कम्युनिष्ट पार्टीको नेतृत्वमा जारशाही र सबै प्रकारको शोषण अत्याचारमाथि रुसी जनताले विजय हासिल गरेका थिए । यही महान् दिनको सम्मान र सम्झना गर्दै हाम्रो पार्टीले तमाम अप्ठ्यारासँग जुध्दै प्रतिक्रियावादी हत्याराहरूका झुट्टा प्रचारको प्रतिरोध गर्न तथा जनताको सूचना संयन्त्रलाई नयाँ उचाइमा उठाउन एफ.एम. नै भए पनि औपचारिक रूपमा आजकै दिन रेडियो जनगणतन्त्र नेपालको उद्घाटन गर्ने निर्णय गरेको छ । म यस विशेष अवसरमा रेडियोसँग सम्बन्धित सम्पूर्ण कमरेडहरू तथा आमजनतामा यसको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । जनताको अन्तिम विजयको तयारीमा यो सञ्चार संयन्त्रले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा म विश्वस्त छु । धन्यवाद !

*रेडियो जनगणतन्त्र नेपाल* पाँचै क्षेत्रमा एक-एक सय वाट क्षमताबाट सुरु गरिएको थियो । यिनको नाम थियो- पूर्वी नेपाल, काठमाडौँ उपत्यका, भेरी-कर्णाली, सेती-महाकाली र विशेष प्रसारण सेवा अर्थात् राप्ती-धौलागिरी । तिनको सञ्चालन र व्यवस्थापन क्रमशः पूर्वी कमाण्ड, भ्याली कमाण्ड, भेरी-कर्णाली क्षेत्रीय व्यूरो, सेती-महाकाली क्षेत्रीय व्यूरो र विशेष क्षेत्रीय व्यूरोले गरेका थिए । विशेष प्रसारण सेवा भनिएको रेडियो माओवादीको सबैभन्दा बढी

---

[६८] सोलुदेखि कैलालीसम्म कतिपय रेडियो स्टेसनका आधिकारिक व्यक्तिहरूसँगको अन्तर्क्रियामा आधारित ।

प्रभाव रहेको रुकुम, रोल्पालाई मुख्य प्रसारण क्षेत्र बनाएर चलाइएको थियो । मूलतः सबै रेडियोलाई अध्यक्ष प्रचण्डले नै हेर्ने भए पनि कमाण्ड वा क्षेत्रीय इन्चार्जको मातहतमा ती रेडियोका निर्देशकहरूले रेडियोको व्यवस्थापन हेर्ने थिति बसालिएको थियो । सबै निर्देशकहरूको संयोजन गर्नका लागि पछिल्ला दिनमा महानिर्देशक तोकियो र उनले प्रत्यक्षतः अध्यक्ष प्रचण्डको मातहतमा रहेर काम गर्ने प्रणाली स्थापित गरियो ।[६९] रेडियो चलाउने सोच पनि २०५७ सालतिर माओवादी अध्यक्ष प्रचण्डले नै निकालेको बताइन्छ ।

*रेडियो जनगणतन्त्र* नेपाल पूर्व र काठमाडौँ उपत्यकामा हप्तामा दुई दिन प्रसारण हुन्थ्यो[७०] भने पश्चिम नेपालमा दैनिक प्रसारण हुने गरेको थियो । प्रसारण समय चाहिँ क्षेत्र र अनुकूलताअनुसार फरक फरक थियो । विशेष प्रसारण क्षेत्रमा दैनिक एक घण्टाका दरले प्रसारण हुन्थ्यो ।[७१] भेरी-कर्णाली क्षेत्रमा भने २०६० भदौ १६ गतेदेखि नै परीक्षण प्रसारण आरम्भ भएको थियो । त्यतिबेला यो रेडियोलाई 'कर्णाली जन एफएम १०० मेगाहर्ज प्रसारण सेवा भेरी-कर्णाली क्षेत्र' भनिएको थियो (दिवस र सुमन २०६१ : ९७) । परीक्षण प्रसारणका रूपमा भदौ २३ गतेदेखि नियमित प्रसारण हुने सूचना मात्र दिइएको थियो भने २३ गते माओवादीका बैकल्पिक पोलिटब्यूरो सदस्य सुरेश वाग्ले (वासु) को स्मृति दिवसका अवसरमा आयोजित सभाको केही अंश प्रत्यक्ष प्रसारण गरिएको थियो । माओवादीका केन्द्रीय सदस्य सरलले त्यो दिन बिहान ठीक १० बजे अन्तर्राष्ट्रिय गीत बजाएर प्रत्यक्ष प्रसारणको उद्घाटन गर्नुभएको थियो ।

पाँचओटै रेडियोबाट अरू राजनीतिक समाचारका अलावा माओवादीका युद्ध समाचार, स्थानीय तथा अन्तर्राष्ट्रिय समाचार, क्रान्तिकारी र प्रगतिशील गीतहरू, अन्तर्वार्ता, वैचारिक कार्यक्रम, अन्तर्क्रिया, रेडियो नाटक, रेडियो रिपोर्ट, जनआवाज, पत्र सन्देश, शहीद गाथा, जनसेनाको डायरी, माओवादीको जनसत्ताले गरेका

---

[६९] नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको उपस्थितिमा २०६३ जेठ २९ गते कास्कीको पार्चे गाविसको सिकलेसमा भएको *रेडियो जनगणतन्त्र* सम्बद्ध रेडियोकर्मीहरूको भेलाले रेडियोलाई संगठनात्मक प्रणालीमा व्यवस्थित गर्ने, संरचना निश्चित गर्ने, रेडियाको प्रसारण क्षमता विस्तार गरेर ५०० वाट पुऱ्याउने, गुणस्तर वृद्धि गर्ने, परिवर्तित अवस्थाअनुसारका कार्यक्रमहरू निर्माण गर्ने, समाचार संयन्त्र स्थापना गर्ने, सबै क्षेत्रमा प्रसारणमा रहेका रेडियोहरूका कार्यक्रममा एकरूपता दिने र त्यसका लागि ६० प्रतिशत कार्यक्रम केन्द्रीय स्तरमा तथा बाँकी स्थानीय स्तरमा उत्पादन गर्ने लगायतको निर्णय गरेको थियो ।

[७०] *रेडियो जनगणतन्त्र नेपाल* पूर्वी (मेची कोशी) प्रसारण सेवा सम्बद्ध रेडियो पत्रकार बबिन शर्माबाट प्राप्त जानकारी ।

[७१] *रेडियो जनगणतन्त्र नेपाल*, विशेष प्रसारण सेवाका निर्देशक सचिन रोकासँगको कुराकानीबाट प्राप्त जानकारी ।

विकास निर्माणका गतिविधि जस्ता सामग्री प्रसारण हुन थाले । तिनका समाचारका प्रमुख स्रोत भने मुख्यतः नेकपा (माओवादी) र अरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम; माओवादीको पार्टी पंक्तिमा तयार गरिएका संवाददाता र अन्य संवाददाताहरू भए । सधैँ एउटै ठाउँमा स्टेसन राखेर रेडियो सञ्चालन गर्न सम्भव थिएन, तसर्थ सबै रेडियोहरू 'मोबाइल' रूपमा चलाइए । प्राविधिक सामग्री चार-पाँच जनाले बोक्न सक्ने भए पनि सबै सामान सार्ने काममा २५-३० जनाको टोली संलग्न हुन्थ्यो जसमध्ये १०-१५ जना 'प्रसारण युनिट' कै मान्छे हुने गर्दथे । त्यसबाहेक, सुरक्षाका लागि खटिने जनमुक्ति सेनाको एउटा कम्पनीसमेत गरी ५०-६० जनासम्म हुन्थे । यस क्रममा न्यूनतम एक महिनादेखि अधिकतम चार महिनासम्म एकै ठाउँमा राखेर रेडियो स्टेसन चलाइएको अनुभव माओवादी रेडियोकर्मीहरूसँग छ ।

नयाँ ठाउँमा रेडियो 'स्थापना' गरेर चलाउन उनीहरूलाई एक दिन जति लाग्थ्यो र आपत आइपर्दा आधा घण्टामै उपकरण फुकालेर हिँड्न सक्थे । 'प्रसारण युनिट' र संवाददाताहरू गरेर कुल एक सय ५० जनाको रेडियो जनगणतन्त्र परिवारले नेपालका ६० जिल्लाका अनुमानित २५ लाख श्रोतासमक्ष आफ्नो प्रसारण पुऱ्याएको दाबी गरिन्छ ।[७२] उच्च प्राविधिक जनशक्तिका रूपमा माओवादीसँग एक जना फ्रिक्वेन्सी इन्जिनियर रहेका थिए । रेडियो सञ्चालनका लागि सुरुमा तिनै इन्जिनियरमार्फत दुई पटक विकेन्द्रित रूपमा प्राविधिक तालिमसमेत दिइएको थियो । रेडियो सञ्चालन खर्चिलो काम थियो । प्रति स्टेसन प्रति महिना ७५ हजार रुपियाँ छुट्ट्याइएको थियो जसमध्ये स्याटेलाइट फोनका लागि मात्रै ४० हजार रुपियाँसम्म खर्च हुने गर्दथ्यो । रेडियोकर्मीहरू भने कार्यकर्ताको हैसियतले स्वयंसेवी रूपमा खटेका थिए ।

२०६१ फागुन १ गते माओवादी रेडियोले पार्टी अध्यक्ष प्रचण्डको रेडियो सन्देश प्रसारण गऱ्यो । राजाले माघ १९ मा राज्य नियन्त्रित रेडियो र टेलिभिजनमार्फत देशवासीलाई सम्बोधन गरेजस्तै प्रचण्डले पनि आफ्नो पार्टीले चलाएका रेडियोहरूमार्फत करीब १८ मिनेट लामो सन्देश जनताका नाममा दिनुभएको थियो । त्यसको केही अंश *बीबीसी* नेपाली सेवाले पनि प्रसारण गरेको थियो ।

एकताका काठमाडौँमा राम्ररी सुन्न सकिने माओवादी रेडियो पछि सुन्न छाडियो । सहरी क्षेत्रमा प्रसारण जाम गर्न सरकार निकै हदसम्म सफल भए पनि

[७२] काठमाडौँमा रहेको *नेपाल एफएम*को *समय समीक्षा* कार्यक्रममा २०६३ मङ्सिर ८ गते प्रसारण भएको सचिन रोकाको अन्तर्वार्तामा आधारित ।

गाउँघरमा यसको प्रसारण जारी रह्यो ।[७३] धेरै जसो ठाउँमा ९५.१ मेगाहर्जमा सुन्न सकिने माओवादीको रेडियो भेरी-कर्णालीमा भने १०० मेगाहर्जमा सुन्न सकिन्थ्यो । देशभरिका स्वतन्त्र रेडियोहरूले समाचार प्रसारण गर्न नपाएको मौका छोपेर विद्रोहीले प्रसारण क्षमता बढाएका थिए । देशका अधिकांश भागमा आफ्नो रेडियोको पहुँच बनाउका उनीहरूले पछिल्ला दिनमा काठमाडौँ उपत्यकाको गाउँ क्षेत्रमा पनि पहुँच पुऱ्याएका थिए । तर शाही कदमपछि सुरक्षा निकायले राजधानीवरपरको प्रसारणलाई निस्तेज पारिदियो । माओवादीको प्रसारण सुरु भएर बोल्न थाल्नासाथ बीचमै हस्तक्षेप गरी क्यार्रक्यार्रको आवाज मात्र सुनिने गरी प्रसारण अवरुद्ध गरियो (जनआस्था २०६१) ।

यसरी राज्य र विद्रोही दुवै पक्ष रेडियोलाई आम सञ्चारको माध्यम बन्न नदिएर आ-आफ्ना प्रसारण साधनको रूपमा मात्र प्रयोग गर्न लागिपरेका थिए । यही मनसायको परिणामस्वरूप स्वतन्त्र रेडियोहरू कब्जा गर्ने नीति दुवै पक्षले लिएको देखिन्थ्यो । फरक के मात्र थियो भने राज्यले स्वतन्त्र रेडियोहरूलाई विश्वासमा लिन नसकिने ठानेर शाही घोषणा सकिँदा नसकिँदै बलपूर्वक तिनको मुख बन्द गरिदियो । विद्रोही माओवादीले भने सूचना प्रवाहका दृष्टिले रेडियोहरूको महत्त्व समाप्त भएको र आफ्ना कुरा अलिकति पनि यीमार्फत जनतामा पुऱ्याउन नसकिने देखेर भौतिक आक्रमणको रवैया अख्तियार गऱ्यो । यही मेसोमा उसले सरकारको नियन्त्रणमा रहेको *नेपाल टेलिभिजन*का विभिन्न रिले स्टेसन (जस्तै : पाल्पा, कोहलपुर, दाङको चौपट्टा आदि) मा हमला गरिरहेको थियो । माघ १९ पछि स्वतन्त्र रेडियोहरूमाथि आक्रमण गर्नु उसको चरित्रगत दृष्टिले जति स्वाभाविक थियो, उति नै स्वाभाविक थियो उपयोग गर्न नपाइने ठानेपछि माओवादीले भौतिक आक्रमण गर्ने नीति लिनु पनि । स्वतन्त्र रेडियोहरू यही चेपुवामा परेका थिए ।

## ***जनआन्दोलनसँगै दमन र प्रतिरोध***

नागरिक आन्दोलनसँग काँधमा काँध मिलाएर, अझ नागरिक आन्दोलनको नेतृत्व नै गरेर अघि बढिरहेको नेपालको सञ्चार जगत्माथि राज्यले पूरै वक्रदृष्टि लगाएको थियो । सरकारका निरंकुश क्रियाकलापको विरोध गर्ने सबै पक्षलाई

[७३] २०६३ वैशाख ११ को राजनीतिक परिवर्तनपछि माओवादीले चलाएका रेडियोहरूको विरोध स्वतन्त्र रेडियोकर्मीहरूका तर्फबाट पनि भयो । त्यस क्रममा खास गरी हतियारधारी समूहले रेडियो सञ्चालन गर्न नपाइने कुरा उठेको र तत्कालीन शाही नेपाली सेनाले प्रसारण अवरुद्ध पारेका कारणले समेत माओवादीद्वारा उपत्यकाको प्रसारण स्थगित गरियो । अरू क्षेत्रको प्रसारण भने यथावत् सञ्चालनमा रहेको जानकारी ती रेडियो सम्बद्ध व्यक्तिहरूले दिएका छन् ।

आतंककारी देख्ने राज्यले राजाको प्रत्यक्ष शासनका अन्तिम दिनहरूमा आइपुग्दा सञ्चार जगत्लाई आतंककारीको सेवक देखिरहेको थियो । यसका साथै आफ्नो निरंकुश अनुहारलाई उदाङ्गो पार्ने भएकोले पनि ऊ पत्रकारहरूमाथि बढी आक्रामक बनेको थियो । स्वतन्त्र रेडियोको मुख थुन्न गरेको ठूलो प्रयत्न अन्ततः अदालतका कारण विफल भएपछि सरकारले रेडियो पत्रकारलाई परिचयपत्रबाट वञ्चित गरेर भए पनि आत्मरति लिएको थियो ।

खास गरी सात राजनीतिक दलको शान्तिपूर्ण विरोध प्रदर्शनमा समाचार संकलनका लागि गएका पत्रकारहरूमाथि आक्रमण र दमनको सिलसिला लगातार बढ्दै थियो । दाङको स्वर्गद्वारी एफएमको टेलिफोन अञ्चल प्रशासकको निर्देशनमा काटियो । २०६२ माघ २५ गते दाङकै तुलसीपुर एफएफका समाचार प्रमुख भीमार्जुन रेग्मीलाई सेनाले अढाई घन्टा नियन्त्रणमा लियो ।

२०६२ चैतको अन्त्यतिर आइपुग्दा सरकारविरुद्ध सात दल, माओवादी र अरू सबै स्वतन्त्रताप्रेमीहरूको आन्दोलन भावनात्मक रूपले एकीकृत भइसकेको थियो । आन्दोलनको राप र ताप बढ्दै जाँदा प्रेसको आन्दोलन व्यावसायिक मुद्दामा मात्र सीमित रहेको थिएन भने प्रेसको मुद्दा अरूका लागि पनि आफ्नै मुद्दा भइसकेको थियो । सरकारविरोधी मतहरू मिल्ने क्रममा यतिसम्म भयो कि सात दलको आह्वानमा माओवादीले काठमाडौँ उपत्यकाभित्र मात्रै लागू हुने गरी चैत २१ गतेदेखि युद्धविराम घोषणा गरिदियो । सरकारले माओवादी र सात दलको साँठगाँठ भएकोले राजधानीको प्रदर्शनमा माओवादीको घुसपैठ हुने दाबी गर्दै दमनको तयारी गरेपछि त्यसलाई निस्तेज पार्न यो कदम चालिएको थियो । त्यसै दिन संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयका प्रमुख यान मार्टिनले शान्तिपूर्ण आन्दोलनमा बल प्रयोग नगर्न सरकार र सुरक्षा निकायलाई आग्रह गर्नुभयो ।

आन्दोलनले बल पाउँदै गएपछि सरकारले व्यापक धरपकडको नीति लियो । यस क्रममा चैत २२ गते चक्रपथभित्र सभा जुलुस गर्न प्रतिबन्ध लगाइयो । दलहरूले आह्वान गरेको कार्यक्रममा सहभागीलाई जिल्लाबाट काठमाडौँ आउन नदिन राजधानी आउने गाडी प्रहरीले नियन्त्रणमा लियो । गृहमन्त्री कमल थापाले माओवादीको युद्धविरामलाई षड्यन्त्रपूर्ण भन्दै माओवादीको कार्यक्रमबाट अलग हुन दलहरूलाई आग्रह गर्नुभयो । तर सरकारको यस प्रकारको भाषा र दमनकारी रवैयालाई आन्दोलनकारीले टेर्न छोडिसकेका थिए । आन्तरिक रूपमा एक्लिँदै गएको सत्तालाई बाहिरी समर्थन समेत घट्दै गयो । राजा र दलहरूबीच संवाद हुनुपर्छ भन्दै आएको अमेरिकाले पनि अब त्यस्तो अवस्था नभएको

प्रतिक्रिया दियो । आन्दोलनको बैठान पराजयपूर्ण भएमा कसैको पनि पेशागत हित र स्वतन्त्रता सम्भव नभएकाले पत्रकार लगायत अन्य पेशाकर्मीका लागि समेत यो वार कि पारको आन्दोलन भएको थियो ।

पत्रकारहरू एकातिर समाचार संकलन लगायत पेशागत कर्तव्य निर्वाह गर्ने क्रममा र अर्कातिर लोकतान्त्रिक आन्दोलनको प्रवाहमा आम आन्दोलनकारीसँगै दमनमा परिरहेका थिए । यस क्रममा सञ्चारकर्मीहरूको आन्दोलन र नागरिक जीवनका अरू पक्षको आन्दोलन मिसिएर एकाकार हुँदै नेपाली जनताको आन्दोलनको मूलप्रवाहमा मिसिन पुग्यो । शाही घोषणालगत्तै 'कू' भयो भनेर पहिलो आवाज उठाउने पत्रकारिता जगत् आन्दोलनका क्रममा पनि पहिलो पंक्तिमा नै रहेर अघि बढिरह्यो । यसबीच स्वतन्त्र रेडियोहरूले देशभरि नै आन्दोलनको समाचारलाई विशेष महत्त्वका साथ प्रसारण गर्ने अभियान चलाए । काठमाडौँमा नेपाल एफएम 'आन्दोलनको एफएम' अर्थात् 'जनताको एफएम' भएको थियो ।[७४] देशभरिका आन्दोलनका गतिविधिलाई तात्तातै प्रसारण गर्ने र काठमाडौँको आन्दोलनको जानकारी घटनास्थलबाटै तत्काल दिने भएकाले यसको लोकप्रियता ह्वात्तै बढेको थियो । सामान्यतः १०-१५ मिनेटमा सकिने समाचार बुलेटिन आन्दोलनको व्यापक 'कभरेज' गर्ने क्रममा ४८ मिनेटसम्म लामा भएका थिए । आन्दोलनका पछिल्ला दिनमा समाचारअघि र पछि बजाइने क्रान्तिकारी एवं प्रगतिशील गीत गाडीमा माइक लगाएर जुलुसहरूमा समेत बजाउन थालिएको थियो । आन्दोलनकारीहरू माइकमा बजेको रेडियोको गीतसँगै स्वरमा स्वर मिलाएर गाउँदै र नारा लगाउँदै हिँडेको देखिन्थ्यो ।

चैत २३ गते आन्दोलन झन् तीव्र भयो । सरकारले राति काठमाडौँको चक्रपथभित्र कर्फ्यू लगायो । यसअघि नै यो क्षेत्रभित्र सभा जुलुसमा प्रतिबन्ध लगाइसकिएको थियो । पत्रकार महासंघका पदाधिकारीहरूसहित १३ पत्रकार काठमाडौँमा बिहानै गिरफ्तारीमा परे । प्रेस स्वतन्त्रता र लोकतन्त्रको माग गर्दै शान्ति र प्रजातन्त्रका लागि पेशागत सहकार्य (पापड) को आयोजनामा नयाँ बानेश्वरमा प्रदर्शनमा निस्केका उनीहरूलाई ५०० मिटर पनि अघि नबढ्दै पक्राउ गरिएको थियो । पक्राउ पर्नेमा नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, नेपाल प्राध्यापक संघका अध्यक्ष भूपति ढकाल, पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीलगायत हुनुहुन्थ्यो । यसको विरोधमा त्यसै दिन दिउँसो नयाँ सडकमा

---

[७४] लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनका अगुवा डा. देवेन्द्रराज पाण्डे, शान्ति र विकासका लागि नागरिक समाजका अध्यक्ष डा. सुन्दरमणि दीक्षित, साहित्यकार खगेन्द्र संग्रौलालगायतको सार्वजनिक टिप्पणी ।

पापडले नै अर्को विरोध कार्यक्रम आयोजना गऱ्यो । देशका पूर्वी जिल्लाहरू र पोखराका साथै बर्दियामा पनि पत्रकार तथा अन्य पेशाकर्मीहरूले विरोध प्रदर्शन गरे । त्यस दिन मात्रै देशभरि ७३ जना पत्रकार थुनामा परे र छोडिए ।

चैत २४ गतेदेखि राजनीतिक दलहरूले चारदिने आम हड्ताल घोषणा गरेका थिए । यस क्रममा, थुनामा रहेका पत्रकार तथा नागरिक समाजका सदस्यहरूले त्यहाँबाटै विभिन्न किसिमले सरकारमाथि दबाब सिर्जना गरिरहेका थिए । कोही भोक हड्ताल बसेका थिए भने कोही गुप्त या खुला रूपमा विभिन्न विज्ञप्ति निकालेर विचार प्रवाह गरिरहेका थिए । माओवादीले भने राजधानीमा युद्धविराम गरे पनि सर्लाहीको सदरमुकाममा आक्रमण गरी सेनाको हेलिकोप्टर नै खसालिदिएको थियो । यसरी शान्तिपूर्ण जनआन्दोलन र सशस्त्र विद्रोहका कारण सरकार दोहोरो चेपुवामा परेको थियो । २३ सुरक्षाकर्मी एकै ठाउँमा मारिएको र हेलिकप्टर खसालिएको यो घटनालाई पनि सरकारका प्रवक्ता सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणा भने ‘सामान्य घटना’ भनेर टिप्पणी गर्दै सरकारको आत्मबल र धैर्य नगुमेको भान पार्ने कोसिसमा हुनुहुन्थ्यो । आमहडतालको पहिलो दिन दुई दर्जन पत्रकार देशका विभिन्न भागबाट पक्राउ परे । वीरगञ्जमा मात्रै एक दर्जन र इलाममा आधा दर्जन पक्राउमा परेका थिए । काठमाडौँमा वरिष्ठ पत्रकार कमल कोइरालालगायतलाई पक्राउ गरिएको थियो ।

चैत २५ गतेसम्म आइपुग्दा दलको आन्दोलनमा सरकारी कर्मचारी, चिकित्सक लगायतका पेशाकर्मीले पनि साथ दिए । आन्दोलनले जनआन्दोलनको रूप लिइसकेको थियो । बुटवल, पोखरा र दोलखामा आन्दोलन दबाउन सरकारले सेना परिचालन गऱ्यो । देशका विभिन्न भागमा २० जना घाइते भए र दुई सय जति पक्राउ परे । प्रदर्शन दबाउन सेनाले रबरका गोलीसमेत हानेको थियो । आम हड्ताल र विरोध कार्यक्रमको लगाम माओवादीको हातमा भएको भन्दै गृहमन्त्री कमल थापाले मन्त्रालयमै पत्रकार सम्मेलन गरेर संकटकाल लगाउने र कडा कारवाही गर्ने चेतावनी दिनुभयो । तर, यसले आन्दोलनकारीको मनोबल घटाउने नभएर आक्रोश बढाउने काम गऱ्यो ।

चैत २६ गते माओवादीले रुपन्देही र कपिलवस्तुमा राज्यका सुरक्षा निकायहरूमाथि सशस्त्र आक्रमण गऱ्यो । यता पत्रकारहरूमाथिको सरकारी आक्रमण पनि जारी थियो । पोखरामा *रेडियो अन्नपूर्ण*का त्रिभुवन पौडेललगायत डेढ दर्जन पत्रकार पक्राउ परे । *पोखरा एफएम*का पत्रकार सागरराज तिमिल्सिनालाई प्रहरीले कुट्यो । सेनाले हानेको गोली लागेर भीमसेन दाहालको मृत्यु भयो ।

काठमाडौँमा *दृष्टि* साप्ताहिकका माधव बस्नेत आन्दोलनको समाचार संकलन गरिरहेको बेला प्रहरीको चुटाइमा पर्नुभयो । चितवनको *सिनर्जी एफएम*का पत्रकार प्रहरीको कुटाइबाट घाइते भएर अस्पतालमै भर्ना गर्नुपर्ने अवस्थामा पुगे । बाग्लुङका आधा दर्जन पत्रकार प्रहरीको कुटपीटमा परे । काठमाडौँमा एकाबिहानै दमनमा उत्रिएको प्रहरीले पत्रकार तेजप्रकाश पण्डितलाई जथाभावी गालीगलौज गर्दै निर्घात कुटपीट गऱ्यो । *नेपाल एफएम*का दिवाकर पन्तलाई समाचार संकलन गरिरहेको बेला समातेर थुनियो । पत्रकार कनकमणि दीक्षित र केदार शर्मालाई मानवअधिकारकर्मीहरूसँग मिलेर कर्फ्यू उल्लंघन गर्दा समातेर थुनियो । सरकारी दमनका बीचमा पनि आन्दोलनकारीले राजधानीमा कर्फ्यू तोडेका थिए ।

चैत २७ गते धनकुटा, काठमाडौँ, बाग्लुङ, रुपन्देही (बुटवल) र डोटीबाट ३२ जना पत्रकारलाई पक्राउ गरी हिरासतमा राखियो । चार दिनका लागि भनेर सुरु गरिएको आम हड्तालालाई आन्दोलनले गति लिन थालेकाले त्यसपछि पनि निरन्तरता दिइने भएको थियो । आन्दोलन चर्किंदै जाँदा समाचार संकलनको क्रममा पुगेका पत्रकारलाई सुरक्षाकर्मीले अपमानजनक भाषा प्रयोग गर्ने र धम्क्याउने क्रम बढ्दै गयो । स्वतन्त्र रेडियोका पत्रकारलाई त सरकारले कर्फ्यूको पास दिन बन्द नै गऱ्यो । यता, सरकारले जारी गरेका कुनै पनि निषेधाज्ञा, कर्फ्यू र आदेशको पूर्ण रूपमा अवज्ञा गर्दै आफ्नो पेशागत कर्तव्यमा डटिरहन पत्रकार महासंघले अपिल गरिरहेको थियो । यस दिन पनि काठमाडौँ र विराटनगरमा थुप्रै पत्रकारहरू प्रहरीको कुटाइमा परे । बुटवलमा रेडियो पत्रकार दीपेन्द्र कुँवरसहित तीन पत्रकार प्रहरीद्वारा घाइते बनाइए । *घोडाघोडी एफएम*का धनगढी संवाददाता टेकराज जोशीलगायतका केही पत्रकार कैलालीमा घाइते भए । यसैबीच स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले सरकारी रवैयाको भर्त्सना गर्दै सरकारका जस्तासुकै जालझेल र दमनको प्रतिकार गर्दै नागरिकलाई सुसूचित गराउने आफ्नो दायित्वप्रति सदा क्रियाशील रहने प्रतिबद्धता दोहोऱ्यायो ।[७५] रेडियाकर्मीलाई प्रेस पास दिन अस्वीकार गरेकाले सरकारले कुनै पनि बेला नागरिकको सूचनाको हक नै खोस्न सक्ने सम्भावनाप्रति 'आन्दोलन' ले स्वतन्त्र रेडियो स्टेसनहरू र नागरिक समाजको ध्यानाकर्षणसमेत गरायो । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल ट्रेड यूनियन महासंघ,

---

[७५] आन्दोलनका संयोजक रघु मैनाली विदेश जानुभएकोले संयोजकका हैसियतले सक्रिय रहनुभएका हेमबहादुर विष्टद्वारा २०६२ चैत २७ गते जारी प्रेस विज्ञप्ति ।

मानवअधिकारकर्मी लगायतले 'आन्दोलनका सत्य तथ्य सूचना सम्प्रेषण गरी जनतालाई सुसूचित गरेको कार्यबाट आतंकित बनेर' सरकारले स्वतन्त्र रेडियोकर्मीलाई प्रेसपास नदिएको भन्दै आक्रोश पोखे (राजधानी २०६२ख) ।

चैत २८ गतेसम्म आइपुग्दा कर्फ्यू उल्लंघन सामान्य घटना हुँदै गयो । सरकारी दमन र नागरिकको प्रतिरोध समान रूपले जारी थियो । यसबीच सरकारले अखबार र टेलिभिजनका पत्रकारहरूलाई समेत कर्फ्यूको प्रेस पास दिन लगभग बन्द नै गरिदियो जसले समाचार संकलन र प्रकाशन-प्रसारण गर्न अवरोध सिर्जना भयो । यता पत्रकार महासंघ कर्फ्यू तत्काल हटाई नागरिकको स्वतन्त्रतापूर्वक भेला हुन पाउने, शान्तिपूर्ण सभा-सम्मेलन र विरोध गर्न पाउने संवैधानिक अधिकारको सम्मान गर्न सरकारको ध्यानाकर्षण गर्दै थियो ।[७६] सरकारले राजधानी, उपत्यका र बाहिरका सम्पूर्ण मोबाइल फोन बन्द गरेको थियो, पत्रकारहरूमाथि आक्रमण र दुर्व्यवहार बढाउँदै लागेको थियो र सरकारी सञ्चारमाध्यमको दुरुपयोगलाई तीव्र बनाएको थियो । पेशाकर्मी र नागरिक समाजका नेताहरूलाई गिरफ्तार गरी हिरासतमा लिएको थियो ।

सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणाले पत्रकारहरूलाई हुलदंगाको समाचार संकलन गर्दा सतर्क हुन चेतावनी दिएर स्थिति थप तनावपूर्ण बनाइदिनुभयो । प्रहरीले पत्रकार महासंघका सचिव बलराम बानियाँलगायत पाँच जना पत्रकारलाई कुटपिट गर्‍यो भने कलंकीमा आन्दोलनकारीले *नेपाल समाचारपत्र*का किशोर सापकोटामाथि दुर्व्यवहार गरे । पर्वतमा ओमप्रकाश उपाध्याय र सुदूरपश्चिममा पत्रकार महासंघका उपसभापति डीआर पन्तमाथि आन्दोलनको समाचार संकलन गरिरहेको बेला प्रहरीले दुर्व्यवहार गर्‍यो ।

चैत २९ गतेसम्ममा एक सय एघार जना सञ्चारकर्मी गिरफ्तारीमा परिसकेका थिए । तीमध्ये लगभग एक सय सुरक्षाकर्मीको कुटपिट र निर्मम दमनको शिकार भए । पाँचथर, विराटनगर र चितवनमा आन्दोलनको समाचार संकलन गरिरहेका बेला पत्रकारहरूले प्रहरीको कुटाइ खानुपर्‍यो । सरकारले कैयौँ पत्रकारलाई पुर्जीसमेत नदिई थुनेको थियो ।[७७]

चैत ३० गते बिहान पत्रकारहरूमाथि भैरहेको सांघातिक आक्रमण, दुर्व्यवहार र गिरफ्तारीविरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने पत्रकारहरूलाई काठमाडौँको भृकुटीमण्डपबाट सरकारले लछारपछार गर्दै गिरफ्तार गर्‍यो । यसै दिन पोखरामा

[७६] नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीद्वारा २०६२ चैत २७ गते जारी प्रेस विज्ञप्ति ।

[७७] नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्टद्वारा २०६२ चैत २९ गते जारी प्रेस विज्ञप्ति ।

२१ जना पत्रकारलाई पक्राउ गरियो । काठमाडौँको पुरानो बानेश्वरमा वरिष्ठ साहित्यकारहरूले कविता पाठ गर्ने कार्यक्रममा प्रहरीले गोली चलायो र 'लाठी चार्ज' गरी दर्जनौँलाई घाइते बनायो । त्यहाँ लोकतन्त्रको पक्षमा चलिरहेको आन्दोलनको समर्थन गर्न दुई सय जति साहित्यकार, कलाकार, पत्रकार जम्मा भएका थिए । उदयपुरमा सुरक्षाकर्मीहरूले चारजना पत्रकारलाई धारिलो हतियारले घाइते बनाए । घाइतेहरूको स्वास्थ्योपचारका लागि सहयोग जुटाइरहेका बेला काठमाडौँको बागबजारबाट पत्रकारहरू केदार खड्का र कृष्ण अविरललाई पक्राउ गरियो ।

सरकारले विरोध कार्यक्रम बिथोल्न घुसपैठ पनि गराइरहेको थियो । चैत ३० गते बिहान पत्रकार महासंघको कार्यक्रममा यसको प्रमाण नै फेला पऱ्यो । भृकुटीमण्डपस्थित कार्यक्रमस्थलमा पत्रकारहरूलाई उत्तेजित पार्ने प्रयास गरिरहेका दुई अपरिचित व्यक्तिले प्रहरीको सञ्चारसेट खोसेर भुईंमा बजारेपछि पत्रकारहरूमाथि लाठीचार्ज गरिएको थियो । ती दुई व्यक्ति सादा पोशाकमा आएका प्रहरी नायव निरीक्षक शैलेश गिरी (मोरङ) र प्रहरी रामहरि कार्की (रामेछाप) थिए । जुन कुरा उनीहरूले पछि पत्रकारहरूसमक्ष स्वीकारेका थिए । उनीहरूले बा २ च ७७२५ नम्बरको 'पिकअप' प्रयोग गरेका थिए । त्यसो त २०६२ पुस २३ गते बाग्लुङमा एमालेको एउटा भेलामा भेष बदलेर पसेका सैनिकहरूले पत्रकार हरिनारायण गौतमलाई पक्रेर तीन घण्टापछि रिहा गरेको घटना सार्वजनिक भइसकेकोले काठमाडौँमा प्रहरी घुसपैठ हुनु नौलो भने थिएन ।

कर्फ्यू, निषेधाज्ञाजस्ता सम्पूर्ण सरकारी आदेश अवज्ञा गर्दै पत्रकारहरू आन्दोलनमा लागिरहेका थिए र जनआन्दोलनको स्थलगत समाचार संकलन र सम्प्रेषण पनि उत्तिकै प्रभावकारी तवरले गरिरहेका थिए । यसैबीच पत्रकारितासँग असम्बन्धित र प्रेसविरोधी तत्त्वले समेत आफ्ना सवारी साधनमा 'प्रेस' लेखेर झुक्याउन थालेको पाइयो । प्रेसको नाममा अवाञ्छनीय घुसपैठ हुन नदिन पत्रकार महासंघले सञ्चारमाध्यम र सञ्चार संस्थाका आधिकारिक व्यक्तिहरूले मात्रै 'प्रेस' को संकेत प्रयोग गर्न, त्यसमा सञ्चारमाध्यम वा संस्थाको नाम पनि खुलाउन र आफ्नो परिचयपत्र साथमा लिई सकेसम्म देखिने गरी राख्न विशेष सार्वजनिक आग्रह नै गर्नुपरेको थियो ।[७८] हुन पनि, चैत ३१ गते काठमाडौँमा निस्केको कानुन व्यवसायीको ऱ्यालीमा समेत सरकारले गोली हानिसकेको थियो । गोली लागेर चार जना र लाठीबाट १८ जना घाइते भएका थिए ।

---

[७८] नेपाल पत्रकार महासंघले चैत ३१ गते विज्ञप्ति नै निकालेर त्यस्तो आह्वान गरेको थियो ।

र्‍यालीको समाचार संकलन गर्न गएका आठ जना पत्रकारलाई पनि प्रहरीले कुटेको थियो ।

२०६३ वैशाख १ गते बिहान नववर्षको शुभकामना आदान-प्रदान गरिरहेका बाग्लुङका १४ जना पत्रकारलाई गिरफ्तार गरियो । *हिमालयन टाइम्स* र *अन्नपूर्ण पोष्ट* दैनिक पत्रिकाका गाडीको शिशा तनहूँको डुम्रे बजारनिर फुटाइयो । त्यसै दिन काठमाडौँमा *साप्ताहिक विमर्श*का प्रधान सम्पादक राजेन्द्र वैधलाई ज्यान लिने धम्की दिइयो । दुई दिन अघि मात्र उहाँको गाडी फुटाइएको थियो ।

वैशाख २ गते नेपाल पत्रकार महासंघले आमसञ्चारकर्मी, पेशाकर्मी र नागरिक समाजमाथि भएको गोली प्रहार, आक्रमण तथा गिरफ्तारीको विरोधमा केन्द्रीय कार्यालयमा विरोधसभा गर्‍यो । बिहान सञ्चारग्रामबाट निस्किएको शान्तिपूर्ण र्‍यालीमा लाठी प्रहार गरी प्रहरीले चौध जनालाई गम्भीर घाइते बनाइदियो र चार जनालाई गिरफ्तार गर्‍यो । प्रहरीले पत्रकारको टाउको तथा अनुहारमा ताकेर लाठी प्रहार गरेको थियो (अन्नपूर्ण पोष्ट २०६३) । उक्त घटनाको विरोधमा रिपोर्टर्स क्लब नेपालले दिउँसो क्लब अगाडि सडकमै साक्षात्कार कार्यक्रम आयोजना गर्‍यो । त्यो कार्यक्रममा पनि प्रहरीले हस्तक्षेप गरी डेढ दर्जनभन्दा बढी पत्रकार तथा कलाकारहरूलाई गिरफ्तार गर्‍यो ।

वैशाख ३ गते प्रेस चौतारी नेपालले भोटाहिटीमा विरोध प्रदर्शन गर्‍यो । त्यहाँबाट सुरक्षाकर्मीले चौतारीका अध्यक्ष बालकृष्ण चापागाईं सहित २० जना पत्रकारलाई पक्राउ गर्‍यो, दशरथ रंगशालामा थुन्यो र भोलिपल्ट तीन महिने पुर्जी थमायो । थुनामा राखिएका पत्रकारलाई भेटघाट र सञ्चारसम्पर्कबाट समेत विच्छेद गरिएको थियो ।

वैशाख ४ गते जनआन्दोलनको समाचार संकलन गरिरहेका सुनसरी र बाराका पत्रकारहरूलाई सुरक्षाकर्मीले निर्घात कुटपिट गरी घाइते बनाए । घाइते हुनेमा बारामा *नेपाल एफएम*का पत्रकार गोकुल घोरासाइने पनि हुनुहुन्थ्यो । त्यसै राति पत्रकार राजेन्द्र गौतमलाई ललितपुरको कुसुन्तीस्थित निवासबाटै सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनायो । यसैबीच काठमाडौँको *नेपाल एफएम*लाई 'भिजिलान्ते' समूह र सरकारी निकायहरूबाट धम्की आयो । देशका अन्य स्वतन्त्र रेडियोहरूलाई पनि यसैगरी प्रत्यक्ष र अप्रत्यक्ष धम्की आएको उल्लेख गर्दै स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका तर्फबाट हेमबहादुर विष्टले विज्ञप्ति जारी गर्नुभयो । उहाँका अनुसार, सुरक्षा निकायहरू सञ्चारमाध्यमलाई नियन्त्रण नगरी लोकतन्त्रका लागि चलिरहेको आन्दोलनलाई दमन गर्न सकिँदैन भन्ने निष्कर्षमा पुगेका थिए । यो विज्ञप्तिका आधारमा रेडियो बचाऊ आन्दोलनले सम्भावित सरकारी दमनका विरुद्ध सहयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूसँग आग्रह गर्‍यो ।

वैशाख ५ गते *कान्तिपुर*का बलराम बानियाँ, *कान्तिपुर टेलिभिजन*का विमल गौतम र राजु तिमिल्सिना एवं गाडी चालक शिवराम थापालाई सिंहदरबारबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा थुनियो । वैशाख ६ गते झापाको चन्द्रगढीमा प्रहरीले अन्धाधुन्द गोली चलाउँदा *नेपाल एफएम* तथा *नेपाल समाचारपत्र* दैनिकका झापा संवाददाता नारायण खड्का घाइते हुनुभयो । उहाँको खुट्टामा गोली लागेको थियो । गोली लागिसकेपछि पनि उहाँले *नेपाल एफएम*का श्रोतालाई टेलिफोनबाट त्यहाँको प्रत्यक्ष जानकारी दिनुभएको थियो । चारजना सर्वसाधारण मारिएको त्यो गोलीकाण्डमा अर्का पत्रकार उमाकान्त खनाललाई खुट्टामा र प्रशिक्षार्थी पत्रकार सन्तोष ढकाललाई टाउकोमा गोली लागेको थियो । टीकाराम नेती र शेखर सेढाईंसहित पाँच जना पत्रकार घाइते भएका थिए । त्यसै दिन पाँचथरमा जनजाति आदिवासीले गरेको विरोध प्रदर्शनमा प्रहरीले गरेको अन्धाधुन्द आक्रमणबाट १३ जना पत्रकार घाइते भए । नुवाकोटमा पत्रकार विश्वामित्र खनाललाई पक्राउ गरियो । पोखरामा *बीबीसी*का संवाददाता नारायण कार्की र *नेपाल टेलिभिजन*का रमेश पौडेललाई समाचार संकलन गरिरहँदा प्रहरीले कुट्यो ।

वैशाख ७ गते प्रेस र अनुगमनकर्तालाई सात दलद्वारा जारी लोकतान्त्रिक आन्दोलनको प्रदर्शन क्षेत्रमा जान पूर्णतः प्रतिबन्ध लगाइयो । एम्बुलेन्स र मानवअधिकारकर्मीलाई समेत प्रेस पास दिइएन । यसबाट सरकारले निर्मम दमनका घटनालाई ढाकछोप गर्न चाहेको देखिन्थ्यो । वैशाख ८ गतेसम्ममा दिन-रात गरी २५ घण्टा निरन्तर कर्फ्यू लगाइयो । त्यस अवधिमा पनि प्रेसलाई सूचना संकलनमा पूर्ण प्रतिबन्ध लगाइयो । ९ गतेको अवस्था पनि त्यस्तै रह्यो । फलतः यी दिनहरूमा भएको सरकारी दमनको समाचार राम्ररी बाहिर आउन सकेन । सरकारी सञ्चारमाध्यमको चरम दुरुपयोगले भने सीमा नाघ्यो । लोकतान्त्रिक आन्दोलनलाई गलत ढंगले व्याख्या गर्दै स्वतन्त्रताप्रेमीहरूलाई आतंककारीको रूपमा चित्रित गर्ने अभियानमा तिनलाई चुर्लुम्म डुबाइयो ।

वैशाख १० गते काठमाडौंमा केदार कोइराला, तिलक कोइराला, केशव अधिकारी, जनक पण्डितलगायतका पत्रकारहरूमाथि निर्मम कुटपिट भयो भने साप्ताहिक *कान्तिपुर डायरी*को कार्यालयमा प्रवेश गरेर 'पत्रकारले जहिले पनि प्रहरीको बारेमा नकारात्मक समाचार प्रस्तुत गर्छन्' भन्दै प्रहरीले पत्रकारहरूलाई कुटपिट गर्‍यो र प्रेस सामग्री तोडफोड गर्‍यो ।

वैशाख ११ गते राजाले जनताका सामु घुँडा टेके र देशको सार्वभौमसत्ता तथा राजकीय सत्ता जनतामा रहेको स्वीकार गर्दै संसद पुनर्स्थापनाको घोषणा

गरे । यो दिनसम्म राज्य सञ्चार जगत्माथि शत्रुताको भाव लिएर खनिएको थियो भने सञ्चार जगत् पनि लोकतान्त्रिक वातावरणमा मात्रै व्यावसायिक हक अधिकार सुरक्षित हुने ठहरसहित पूरै आन्दोलनमा होमिएको थियो । यसका साथै उसले पेशागत जिम्मेवारी पनि उत्तिकै योग्यता र समर्पणका साथ पूरा गर्दै आएको थियो । यसमा पनि खास गरी 'सबैभन्दा शीघ्र' माध्यम रेडियोले आन्दोलनको मैदानबाटै समाचार सम्प्रेषण गरेर जन-आन्दोलनलाई अझ व्यापक र गतिशील बनाउने काम गरेको थियो । स्वतन्त्र रेडियोका जीवन्त समाचारले आन्दोलनका बेला चुपचाप घरमा बसेका मान्छेहरूलाई समेत आफू मात्रै बाहिर नगएर गल्ती गर्दैछु कि भन्ने अनुभूति गराउन सफलता पाएको थियो । विशेष गरी कर्फ्यू र निषेधाज्ञाका बाबजूद आन्दोलनकारीको उत्साहपूर्ण सहभागिता, सरकारी दमनको प्रत्यक्ष शब्दचित्र, दमन अभियानमा सरकारले सेना लगाएर पनि विफलता हात पारिरहेको अवस्था जस्ता विवरणहरूबाट आन्दोलनमा सहभागिता र ऊर्जा थपिएको थियो ।